

*चारगाउँ कुलोको इनटेक क्षेत्र, गेरुवा*

# जलउपयोग गुरुयोजना

## गेरुवा गाउँपालिका, बर्दिया

लुम्बिनी प्रदेश

**२०८०**

# बिषय सूची


प्राक्कथन

धन्यबाद ज्ञापन

संक्षेप र संक्षिप्त नामहरुको सूची

कार्यकारी सारांश

अध्याय-१: परिचय १

१.१. पृष्ठभूमिः ..... १

१.१.१. जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानुनी प्रावधानहरु ..... १

१.१.२. एकीकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्तहरु ..... २

१.१.३. दिगो विकास लक्ष्य ..... ३

१.१.४. अन्तरक्षेत्रीय सवालहरु ..... ५

१.२. जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र ..... ६

१.२.१. जलउपयोग गुरुयोजनाका उद्देश्यहरु ..... ६

१.२.२. जलउपयोग गुरुयोजनाले समेटने क्षेत्रहरु ..... ७

१.३. जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरु ..... ९

१.३.१. स्थानीय तहका विद्यमान रणनीतिक योजनाहरुको समिक्षा ..... ९

१.३.२. रणनीतिक योजनाहरुको एकीकरण ..... ९

१.३.३. जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरु ..... १०

अध्याय-२: गाउँपालिकाको पाश्र्वचित्र १६

२.१. गाउँपालिकाको संक्षिप्त परिचय ..... १६

२.२. भौगोलिक अवस्थिति र पहुँच ..... १८

२.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति ..... २०

२.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरुको विवरण ..... २०

२.५. गाउँपालिकाको सामाजिक तथा आर्थिक विवरण ..... २१

२.५.१. गाउँपालिकाको घरधुरी तथा जनसंख्या विवरण ..... २१

२.५.२. जातियता ..... २१

२.५.३. साक्षरता विवरण ..... २२

२.५.४. व्यवसाय ..... २३

२.५.५. कृषि र जीविकोपार्जन ..... २३

२.५.६. मौसमी पात्रो तथा कार्यबोझ ..... २४

२.५.७. गाउँपालिकामा उपलब्ध मानव संशाधनको विश्लेषण ..... २५

२.५.८. स्थानीय निर्माण सामग्रीहरुको उपलब्धता ..... २६

२.६. सेवाकेन्द्रहरु सम्बन्धीविवरण ..... २६

२.७. विकास साझेदारहरु, गैह्र सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धी विवरण ..... २७

अध्याय-३: विद्यमान जलस्रोतहरुको अवस्था र प्रयोग २९

३.१. गाउँपालिकामा उपलब्ध जलस्रोतहरुको विवरण ..... २९

३.२. गाउँपालिकामा उपलब्ध जलस्रोतहरुको विश्लेषण ..... २९

३.२.१. स्रोतहरुको अवस्थितिको आधारमा जलस्रोतहरुको विश्लेषण ..... ३०

३.२.२. स्रोतहरुको क्षमताको आधारमा जलस्रोतहरुको विश्लेषण ..... ३०

३.२.३. स्रोतहरुको गुणस्तरको आधारमा विश्लेषण ..... ३०

३.२.४. स्रोतहरुको विद्यमान परिप्रयोग र उप-जलाधार क्षेत्रहरुमा सम्भावितउपयोगको आधारमा विश्लेषण ..... ३५

३.३. विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण ..... ३५

३.३.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र ..... ३६

३.३.२. विद्यमान  योजनाहरुको संचालनको अवस्था ..... ३६
३.३.३. विद्यमान  खानेपानी योजनाहरुको सुबिधास्तरको अवस्था विश्लेषण ..... ३७
३.३.४. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र विवरण ..... ३७
३.४. विद्यमान  सरसफाइ अभ्यासको अवस्था विश्लेषण ..... ३८
३.४.१. बस्तीहरुको खुला दिसामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति ..... ३८
३.४.२. विद्यालय तथा सार्बजनिक स्थलहरुको सरसफाइ अवस्था ..... ३९
३.४.३. बातावरणीय सरसफाइको अवस्था ..... ४०
३.४.४. दिसाजन्य लेदो, ठोस फोहोर तथा फोहोरपानी व्यवस्थापनको विद्यमान  अवस्था ..... ४१
३.४.५. सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागी आनीबानी तथा व्यवहार परिवर्तन ..... ४१
३.५. विद्यमान  सिंचाइ योजनाहरुको अवस्था विश्लेषण ..... ४४
३.५.१. विद्यमान सिंचाइ योजनाहरु र सेवाक्षेत्र ..... ४४
३.५.२. विद्यमान सिंचाइ योजनाहरुको संचालनको अवस्था ..... ४५
३.५.३. निर्माणाधीन सिंचाइ योजनाहरु र लक्षित सेवाक्षेत्र ..... ४५
३.६.विद्यमान  जलवायु परिवर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरुको अवस्था विश्लेषण ..... ४५
३.६.१. विद्यमान  योजनाहरु र सेवाक्षेत्र ..... ४७
३.६.२. विद्यमान  योजनाहरुको संचालनको अवस्था ..... ४७
३.६.३. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र ..... ४७
३.७. विद्यमान  जल उर्जा योजनाहरुको अवस्था विश्लेषण ..... ४७
३.८.जलस्रोतहरुको दिगो उपयोगका लागी संस्थागत/उपयोग सम्बन्धीसंयन्त्र ..... ४७
३.९. जलस्रोतमा विवाद ..... ४८
अध्याय-४ : गुरुयोजना कार्यन्वयन रणनीति र परिकल्पना ४९
४.१. गाउँपालिकाको रणनीतिक प्राथमिकता ..... ४९

४.२. जलाधार क्षेत्र व्यस्थापनका लागि एकीकृत जलस्रोतव्यवस्थापन ..... ५१
४.३. एकजल नीति तथा अवधारणा ..... ५१
४.४. लैङ्गिकसमानता तथा सामाजिक समावेशिकरण अवधारणा र एकीकृत जलस्रोत व्यवस्थापन ..... ५३
४.५. पानीको उत्पादनशिल प्रयोग ..... ५५
४.६. मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरु (CBRT) ..... ५५
४.८. स्रोत संरक्षण ..... ६०
अध्याय-५ : जलउपयोग गुरुयोजना ६१
५.१. अन्तर विश्लेषण ..... ६१
५.२. आवधिक योजनाको सारांश ..... ६३
५.२.१. खानेपानी योजनाहरु ..... ६४
५.२.२. सरसफाइ योजनाहरु ..... ६५
५.२.३. सिंचाइ योजनाहरु ..... ६६
५.२.४. स्रोत संरक्षण तथा वातावरणसंरक्षण योजनाहरु ..... ६६
अध्याय-६:गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक ६८
६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालिन योजना ..... ६८
६.२. पहिलो आ.व. मा कार्यान्वयन हुने योजनाहरु ..... ७१
६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरुको पहिचान ..... ७४
६.४. जलाधार/उप-जलाधार क्षेत्र व्यवस्थापन रणनीति ..... ७६
६.५. गुरुयोजना पुनरावलोकन तथा अद्यावधिक गर्ने संयन्त्र ..... ७७
६.६. गुरुयोजना कार्यान्वयन रणनीति ..... ७७
अनुसूचीहरु ७९

**संलग्न तालिकाहरु :**

तालिका- १ :गाउँ पालिकाले तयार गरेका विभिन्न नीतिनियम तथा कार्यविधिहरु ९

तालिका- २:प्रशिक्षक प्रशिक्षणमा सहभागिता विवरण ११
तालिका- ३ :क्षमता विकास सम्वन्धि तालिमका सहभागीहरुको लैङ्गिक र जातीगत विवरण १२
तालिका- ४:योजना तर्जुमा गोष्ठीका सभागीहरुको विवरण १४
तालिका- ५:गाउँपालिकाको भू-उपयोग विवरण २०
तालिका- ६: गाउँपालिकामा उप-जलाधार क्षेत्रहरु २१
तालिका- ७: वडागत रुपमा बस्ती, घरधुरी र जनसंख्याको विवरण २१
तालिका- ८: वडा अनुससार जातिगत घरधुरीको विवरण २२
तालिका- ९: वडागत रुपमा साक्षरता विवरण २२
तालिका- १०: वडा अनुसार विभिन्न पेशा/व्यवसायमा संलग्न जनसंख्याको विवरण २३
तालिका- ११: वडागत रुपमा खाधान्न पहुँचको अवस्था विवरण २४
तालिका- १२: स्थानीय सामग्रीहरुको उपलब्धता २६
तालिका- १३: पालिकामा रहेका सेवाकेन्द्रहरुको विवरण २७
तालिका- १४: मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरुको विवरण २७
तालिका- १५: वडा अनुसार सहकारी संस्थाहरुको विवरण २८
तालिका- १६: विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण ३५
तालिका- १७: वडागत रुपमा खानेपानीको सुबिधास्तर विवरण ३७
तालिका- १८: निर्माणाधीन योजनाहरुको विवरण ३७
तालिका- १९: गा.पा.को घरायसी सरसफाइको अवस्था विवरण ३८
तालिका- २०: विद्यालय तथा संस्थागत खानेपानी र सरसफाइको अवस्था ३९
तालिका- २१: स्वास्थ्य संस्थाहरुमा खानेपानी तथा सरसफाइको अवस्था ४०
तालिका- २२: गतिबिधि तथा सुझावहरु ४१
तालिका- २३: वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल (रोपनीमा) ४४
तालिका- २४: वडागत रुपमा वातावरण संरक्षणका योजनाहरुको विवरण ४६
तालिका- २५: समुदाय तथा योजना छनौट मापदण्ड (नयाँ निर्माण) ५५

तालिका- २६:समुदाय तथा योजना छनौट मापदण्ड (मर्मत तथा पुनरनिर्माण) ५७

तालिका- २७: सिबिआरटी सूचक र अंकभार (सिंचाइ आयोजनाको लागि) ५९

तालिका- २८: हाल देखिएका अन्तरहरू र परिपूर्तिका उपायहरु ६२

तालिका- २९: प्रस्तावित खानेपानी योजनाहरुको विवरण ६४

तालिका- ३०: प्रस्तावित सरसफाइका योजनाहरुको विवरण ६५

तालिका- ३१:वडागत रुपमा सिंचाइ योजनाहरुको (परम्परागत र लघु) विवरण ६५

तालिका- ३२: वातावरण तथा पर्यावरण सम्बन्धीतर्जुमा गरिएका योजनाहरु ६७

तालिका- ३३: पहिलो बर्ष कार्यान्वयन गरिने योजनाहरु ७१

तालिका- ३४: गेरुवा गाउँपालिकामा कार्यरत सरोकारवाला निकायहरुको विवरण ७४

**संलग्न ग्राफ/चित्रहरु:**


| ग्राफ/चित्र संख्या | विवरण |
|---|---|
| चित्र-१ | दिगो विकास लक्ष्यहरु (२०१६-२०३०) |
| चित्र-२ | जलउपयोग गुरुयोजना तथा जलस्रोत व्यवस्थापन कुर्सी |
| चित्र-३: | जलउपयोग गुरुयोजना निर्माणिका चरणहरु |
| चित्र-४: | वडा स्तरीय समन्वय बैठकमा वडाको स्रोत नक्सा तयार , गेरुवा वडा ५ |
| चित्र-५: | लक्षित वर्ग क्षमता विकास तालिम, गेरुवा वडा ४ |
| चित्र-६: | गाउँपालिका बाट सबै वडा र बस्तिसम्मको पहुँच देखिने नक्शा |
| ग्राफ-१ | गाउँपालिकामा समुदायको मौसमी काममा व्यस्तहुने समय |
| ग्राफ-२ | गाउँपालिकामा उपलब्ध मानव संसाधनको विश्लेषण |
| ग्राफ-३ | नमूना परीक्षण गरिएका ट्युबवेलहरुमा धमिलोपनको अवस्था |
| ग्राफ-४ | नमूना परीक्षण गरिएका ट्युबवेलहरुमा मेन्गानीजको अवस्था |
| ग्राफ-५ | पानी परीक्षण गरिएका ट्युबवेलहरुमा आर्सेनिकको अवस्था |
| ग्राफ-६ | पानी परिक्षण गरिएका ट्युबवेलहरुमा नाइट्रेटको अवस्था |
| ग्राफ-७ | पानी परीक्षण गरिएका ट्युबवेलहरुमा ई-कोलिको उपस्थिति |
| ग्राफ-८ | विद्यमान खानेपानीको सुबिधास्तर |
| ग्राफ-९ | सिंचाइ योजनाहरुको संचालन अवस्था |
| ग्राफ-१० | विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण |

| | |
|---|---|
| ग्राफ-११ | प्राथमिकीकरण गरिएका क्षेत्रगत योजनाहरु |
| ग्राफ-१२ | पहिलो बर्षको क्षेत्रगत लगानी सारांश विवरण |

**प्रकाशन**

नेपालको संविधान २०७२ को भाग-३, मौलिक हकमा धारा ३५ को स्वास्थ्य सम्बन्धी हकमा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चितता गरिएको छ साथै धारा ५१ को राज्यका नीतिहरुमा जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहु-उपयोगी विकास गर्ने भन्ने व्यवस्था भए बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारले जलस्रोत विकास र वातावरण पर्यावरणको दिगो विकास गर्न एकीकृत जलस्रोतको अवधारणा अनुसार क्षेत्रगत योजना तयार गरि लागु गर्न सक्ने व्यवस्था छ। गेरुवा गाउँपालिकाले पनि आफ्नो क्षेत्रभित्र रहेको जलस्रोतको एकीकृत विकास गर्दै जल, जंगल र जमिनको एकीकृत विकासका लागि युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगमा गेरुवा गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरेको छ। जलउपयोग गुरुयोजना निर्माणका विभिन्न चरणहरु (तयारी चरण, क्षमता विकास चरण, सामाजिक तथा प्राविधिक अध्ययन चरण र योजना तर्जुमा चरण) अपनाई स्थानीय समुदायकै सहभागीतामा यो जलउपयोग गुरुयोजना तयार गरिएको हो।

जलउपयोग गुरुयोजनाको मुख्य अवधारणा भनेको जलस्रोतको एकिकृत तर्जुमा तथा व्यवस्थापनका लागि सहभागितात्मक एवं समावेशी विधि अपनाउँदै जलस्रोत क्षेत्रको विकासमा सुशासन कायम गर्नु, स्थानीय समुदायको सहभागिता बढाउनु र पारदर्शिता बढाउन सहयोग पुर्याउनु रहेको छ। यसले कुनै एउटा निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित रही त्यस क्षेत्रमा रहेका जलस्रोतको समग्र उपलब्धता तथा त्यसको सम्भाब्य उपयोगको आंकलन गर्दछ ।

जलउपयोग गुरुयोजनाले खास कुनै आयोजना वा जलस्रोतका क्षेत्र मात्रमा सिमित नरही स्थानीय तहको निश्चित सिमाना भित्रका जलाधार/उप-जलाधार क्षेत्रका उपलब्ध समग्र जलस्रोत, सरसफाइ तथा स्वच्छता, वातावरण र पर्यावरण, पानीसँग सम्बन्धित उर्जा, पानीको माग र यसको समुचित प्रयोग सहितको तथ्याङ्क संकलन, स्थानीयकै सहभागीतामा विश्लेषण तथा भविष्यको लागि सहभागीतात्मक योजना तर्जुमा र नीति तर्जुमामा समेत सहयोग गर्ने भएकाले जलउपयोग गुरुयोजनालाई स्थानीय सरकार र सरोकारवालाहरुले आवश्यक औजारका रुपमा अपनत्व गरेको पाईन्छ।

गेरुवा गाउँपालिका भौगोलिक रुपमा समथर भू-भाग मात्र भएको र यहाँ उत्तरबाट बग्दै आउने कर्णाली नदीको पानी गेरुवा नदी र बुढी कुलो जलस्रोतको रुपमा रहेका छन्। यहाँका सबैजसो घरधुरीहरु खानेपानीका लागि यिनै जलस्रोतमा निर्भर रहेको देखिन्छन् । पानीको स्रोतहरुमा मानव स्वास्थ्यका हिसाबले हानिकारक रसायनिक, भौतिक र जैविक पदार्थहरु रहन सक्ने हुँदा पानीको गुणस्तर तथा खानेपानी सुरक्षाका सवालहरुलाई पनि यस जलउपयोग गुरुयोजनाले समेटेको छ। यसका साथै जलवायु परिवर्तन अनुकुलन /विपद जोखिम व्यवस्थापन तथा वातावरण पर्यावरणका सवालहरुलाई जल उपयोग गुरुयोजनाले समेटेको छ।

यो जलउपयोग गुरुयोजना गेरुवा गाउँपालिकाको नेतृत्व तथा समुदायको सहभागितामा तयार गरिएको हुँदा यसको सफल कार्यान्वयनको लागि पनि गेरुवा गाउँपालिका र समुदायको ठुलो भूमिका रहन्छ। त्यसैले जलउपयोग गुरुयोजनाले समेटेका क्षेत्रगत क्रियाकलापहरुको प्राथमिकता अनुसार कार्यान्वयन गरी नेपाल सरकारको खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्र विकास योजना र दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुर्‍याउने, जलस्रोतको न्यायोचित वितरण तथा विवेकपूर्ण उपयोग मार्फत सुशासन प्रत्याभूत गराउनुका साथै पानीको बहु-उपयोग गरि समुदायको जीविकोपार्जनमा सुधार ल्याउन महत्वपुर्ण हुने अपेक्षा गरिएको छ।

**गेरुवा गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल




**धन्यबाद ज्ञापन**

स्थानीय तहलाई नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका अधिकार तथा अन्य प्रचलित कानूनहरुको परिधि भित्र रहि स्थानीय स्रोत साधन एवं सम्पदाहरूको उचित व्यवस्थापन गर्ने कार्य अन्तर्गत आफ्ना क्षेत्रगत योजना निर्माण तथा कार्यान्वयन गर्ने अधिकार भए अनुरुप यस गेरूवा गाउँपालिकामा राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन प्रणालीमा आधारित खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (NWASH PLAN) र जलउपयोग गुरुयोजनाका विभिन्न खुड्किलाहरु सहभागितात्मक र समावेशी योजना प्रक्रियाका माध्यमबाट सम्पन्न गर्दै गाउँपालिकाको गुरुयोजनाको दस्तावेज तयार पार्न सफल भएका छौं।

गाउँपालिका क्षेत्र भित्र प्रत्येक वडामा सामाजिक र प्राविधिक विश्लेषणको आधारमा तयार पारिएको यस जलउपयोग गुरूयोजनाले खानेपानी तथा सरसफाइ, सिंचाइ, वातावरण तथा पर्यावरण संरक्षण सम्बन्धित योजनाहरुलाई समाविष्ट गरेको छ। विद्यमान स्थितिसँग अवगत हुनु र भविष्यका लागि योजना तयार पार्नुले मात्र नागरिकका अपेक्षा सम्बोधन गर्न सक्दैन। योजनाको सफल कार्यान्वयन पक्षलाई समेत लाभ प्राप्तिका लागि उत्तिकै ध्यान दिनु जरुरी हुन्छ। यस सन्दर्भमा यस गाउँपालिकाको जलउपयोग गुरूयोजना निर्माणमा संलग्न गाउँपालिकाका सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दल, समाजसेवी, बुद्धिजिबि, महिला, विभिन्न समूह/संस्था तथा गाउँपालिकाका कर्मचारीहरु, फिल्डस्तरमा खटिने प्राविधिक तथा सामाजिक कर्मचारिहरु लगायत गाउँपालिकामा क्रियाशिल विभिन्न  संघ-संस्था तथा आम जनसमुदायहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।गेरुवा गाउँ पालिकाको NWASH अद्यावधिक गर्नुका साथै जलउपयोग गुरुयोजना जस्तो महत्वपुर्ण दस्तावेज तयारीका लागि प्राविधिक तथा आर्थिक सहयोग पुर्याउने युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनता प्रति विशेष आभार प्रकट गर्दै जलउपयोग गुरु योजना तयार गर्न सहजीकरण गर्ने परामर्शदाता डि.एम.आई प्रा.लि. काठमाण्डौ र गेरुवा ग्रामिण जागरण संघ बर्दियालाई समेत हार्दिक धन्यबाद दिन चाहन्छु।

यस गाउँपालिकाले भविष्यमा आफ्नै स्रोतबाट सञ्चालन गर्ने जलस्रोत विकास, सिंचाइ तथा ढल निकास लगायत वातावरण तथा पर्यावरण सम्बन्धी योजनाहरू कार्यान्वयन गर्दा वा अन्य बाह्य निकायको सहयोगमा कार्यान्वयन गर्दा यस गुरुयोजनामा तय गरिएको प्राथमिकताक्रमको अनिवार्य रुपमा अनुकरण एवं पालना गर्ने

तथा गराउने प्रतिबद्धता समेत व्यक्त गर्दछु। गाउँपालिका आफैले निर्माण गरेको जलउपयोग गुरूयोजनाको कार्यान्वयनमा समेत सरोकारवाला सम्पूर्ण महानुभावहरुको साथ सहयोग पाउनेमा आशावादी हुँदै जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिक अपिल गर्दछु।

जमान सिंह के.सी
अध्यक्ष

**गेरुवा गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल



**शुभ-कामना मन्तब्य**

राजनैतिक परिवर्तनलाई संस्थागत गर्दै समाजवाद उन्मुख सन्तुलित समावेशी र समन्यायिक विकास तर्फ सिङ्गै राष्ट्र अग्रसर भइरहेहो बेला गेरुवा गाउँपालिकाले गाउँपालिका क्षेत्र भित्रको जलस्रोत तथा जलीय पर्यावरणका समग्र बिषय बस्तुलाई समेटेर यो जलउपयोग गुरुयोजना तयार गरेको छ। गाउँपालिकाको बहुआयामिक विकासका लागि खानेपानी र वातावरण पर्यावरणका साथसाथै समग्र जलस्रोत क्षेत्रको यथार्थ बिम्ब आवश्यक पर्दछ। यस आवश्यकतालाई महशुस गरी यो जलउपयोग गुरुयोजना तयार गरिएको छ।

गेरुवा गाउँपालिका जलस्रोतका दृष्टिकोणले प्रशस्त सम्भावना बोकेको क्षेत्र हो। फराकिलो, समावेशी र दिगो आर्थिक वृद्धी गर्न, जलस्रोतलाई उद्यम र जीविकोपार्जन सँग जोडेर समग्र सामाजिक तथा आर्थिक बिकासका लागि बिपन्न तथा पछाडी पारिएका समुदायको पहुँच, उपयोग र क्षमता अभिबृद्धी गर्न योजनाबद्ध विकासको आवश्यकता पर्दछ। योजनाबद्ध विकास तब मात्र संभव छ जब यी विषयका तथ्य र तथ्याङ्कहरु समष्टीगत हुन्छन्। यस कार्यलाई मुर्तरुप दिन यो जलउपयोग गुरुयोजना कोसेढुङ्गा सावित हुनेछ भन्ने कुरामा म बिश्वस्त छु।

यो जलउपयोग गुरुयोजना तयार गर्ने सिलसिलामा गाउँपालिकामा क्रियाशिल सबै राजनैतिक दलहरु, नागरिक समाज, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, प्राज्ञ, बुद्धीजिबी र प्रबुद्ध व्यक्तित्वहरू, विकासका साझेदारहरु, गाउँपालिकाका सबै पदाधिकारी एवं राष्ट्रसेवक कर्माचारीहरु तथा यस कार्यमा आबद्ध सम्पूर्ण वर्ग, क्षेत्र, तथा समुहहरुलाई सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै यस गेरुवा गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माणका लागि आर्थिक सहयोग गर्ने युएसएआइडी कर्णाली जल परियोजनालाई हार्दिक धन्यबाद दिन चाहान्छु र जलउपयोग गुरुयोजना निर्माणका लागि टोल/बस्तीस्तरमा अहोरात्र खटिएर जलउपयोग गुरु योजना तयार गर्न सहजीकरण गर्ने परामर्शदाता डि.एम.आई प्रा.लि. काठमाण्डौ र गेरुवा ग्रामिण जागरण संघ बर्दियालाई समेत हार्दिक धन्यबाद दिन चाहन्छु ।

लक्ष्मी कुमारी चौधरी

उपाध्यक्ष

**गेरुवा गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल



## हार्दिक आभार

स्थानीय तहलाई नेपालको संबिधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका अधिकार एबम् अन्य प्रचलित कानुनहरुको परिधी भित्र रहि स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु तथा आफ्नो गाउँपालिको क्षेत्रका निश्चित समुदाय भित्र तथा समुदाय-समुदायका बीचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा पानीसँग सम्बन्धित आवश्यकताहरु पुरा गर्न जलउपयोग गुरुयोजन निर्माण गरि कार्यान्वयन गर्नुपर्ने हुन्छ । तयार गरिएको जलउपयोग गुरुयोजनले गाउँपालिकाको दिर्घकालिनसोच, उद्धेश्य र रणनीति तय गर्दे स्थानीय साधन र स्रोतहरुको अधिकतम् परिचालन गर्ने तर्फ उन्मुख भई बिकासमा सहयोग पुऱ्याउने कुरा निश्चित छ ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय सरकारबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, सांस्कृतिक, जनसाङ्खिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो जलउपयोग गुरुयोजन तयार गरिएको हो । गुरुयोजनलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो गाउँपालिकाको वर्तमान खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ ।

जलउपयोग गुरुयोजन तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, निर्वाचित जनप्रतिनिधिहरू, विभिन्न विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडा सचिव साथीहरू, तथ्याङ्क संकलन गर्नुहुने गणकहरू तथा अन्य कर्मचारीहरू लाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो जलउपयोग गुरुयोजनाले आफ्नो उद्देश्य प्राप्तिमा सफल रहने आशा व्यक्त गर्दै यो कार्यन्वयनको प्रतिबद्धता व्यक्त गर्दछु ।

बस बहादुर राना
प्रमुख प्रशासकीय अधिकृत

**संक्षेप र संक्षिप्त नामहरुको सूची**

| | |
|---|---|
| खा.पा.उ.स.स./उ.स. | खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/उपभोक्ता समिति |
| खा.पा.उ.स. | खानेपानी उपभोक्ता समिति/समूह |
| खा.स.स्व.यो. | खानेपानी सरसफाइ तथा स्वच्छता योजना |
| गा.पा. | गाउँपालिका |
| गैसस | गैह्र सरकारी संस्था |
| लैससास | लैंगिक समता तथा सामाजिक समावेशीकरण |
| NWASH-MIS | National Water Sanitation and Hygiene Management Information System |
| सा.व.उ.स. | सामुदायिक वन उपभोक्ता समूह |
| लि.प्र.से. | लिटर प्रति सेकेन्ड |
| उ.स. | उपभोक्ता समिति |
| खा.पा. | खानेपानी |
| कि.मि. | किलो मिटर |

| | |
|---|---|
| **जलउपयोग गुरुयोजना** | भन्नाले गेरुवा गाउँपालिकाको "जलउपयोग गुरुयोजना २०८०-२०८४ (सन् २०२३ -२०२७)" लाई सम्झनु पर्दछ। |
| **एस.डी.ज़ी./दि.वि.ल.** | भन्नाले संयुक्त राष्ट्रसंघको "दिगो विकास लक्ष्य सन् २०१६-२०३०" लाई सम्झनु पर्दछ । |
| **एस.डी.पी.** | भन्नाले नेपाल सरकार, खानेपानी मन्त्रालयको "नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना वि. सं. २०७४-२०८७" लाई सम्झनु पर्दछ । |
| **नेपाल रोडम्याप** | भन्नाले नेपाल सरकार, राष्ट्रिय योजना आयोगको "नेपाल: दिगो विकास लक्ष्यहरू- वर्तमान अवस्था र भावी मार्ग चित्र वि. सं. २०७४-२०८७" लाई सम्झनु पर्दछ । |
| **जलस्रोत व्यवस्थापन कुर्सी** | भन्नाले जलउपयोग गुरुयोजनालाई नेपाल सरकारको विद्यमान क्षेत्रगत् विकास संरचनाहरु, कानूनी प्रावधानहरु र दिगो विकास अवधारणा अनुसार |

निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाई योजना निर्माण प्रकृयालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि अवलम्बन गरिएको जलस्रोत व्यवस्थापन कुर्सिको चित्रगत अवधारणालाई सम्झनु पर्दछ । यो अवधारणा सरोकारवालाहरुको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औंल्याएका क्षेत्रहरुमा केन्द्रित रहेर गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरिन्छ ।

**जलउपयोग सेवा प्रदायक** भन्नाले जलउपयोग आयोजना सञ्चालन व्यवस्थापन गर्ने उद्धेश्यले स्थापना भई नेपाल सरकार अन्तर्गत दर्ता भएका सरकारी स्वायत्त संस्थान वा सामुदायिक संस्था वा उपभोक्ता समुह वा नीजि उद्योग वा नागरिक समाज वा समुह वा व्यक्तिहरुलाई सम्झनु पर्दछ । हाल नेपालमा जलउपयोग आयोजना सञ्चालन व्यवस्थापनको भूमिका गर्दै आएका नेपाल खानेपानी संस्थान, नेपाल विधुत प्राधिकरण, जलउपयोग प्रयोजनका उपभोक्ता समिति, निजी उद्योग, जलउपयोग स्व-सेवा गर्ने ससाना उपभोक्ता समुह वा परिवार, आदि समेत जलउपयोग सेवा प्रदायक अन्तर्गत पर्दछन् ।

**खानेपानी सुविधास्तर** भन्नाले खानेपानी आयोजनाहरुले उपभोक्ता घरपरिवारहरुलाई उपलब्ध गराएको खानेपानीको चार तहको सुविधास्तरहरु सुरक्षित व्यवस्थापन सुविधास्तर, आधारभूत सुविधास्तर, सिमित सुविधास्तर, र सुविधा नभएको (सुन्य सुविधास्तर) लाई बुझ्नु पर्दछ । खानेपानी सुविधास्तर सूचकहरु परिमाण, गुणस्तर, पहुँच र विश्वसनीयताको आधारमा खानेपानीको समग्र सुविधास्तर निर्धारण हुन्छ । यी चारवटा सुविधा सूचकहरुको समग्र सुविधास्तरलाई खानेपानी सुविधास्तर भन्ने बुझ्नु पर्दछ । अर्थात् खानेपानी सुविधास्तर भन्नाले यस जलउपयोग गुरुयोजनामा परिभाषित गरे अनुसारको उपभोक्ता घरधुरीले खानेपानी धाराबाट उपलब्ध गरेको खानेपानी सुविधास्तर भन्ने बुझ्नु पर्दछ ।

**सिबिआरटी (CBRT)** भन्नाले (Criteria Based Ranking Tools) तर्जुमा गरिएका आयोजनाहरुको कार्यान्वयन प्राथमिकता निर्धारण गर्दा प्रयोग गरिने "मापदण्डमा आधारित प्राथमिकीकरण औजार" लाई बुझ्नु पर्दछ ।

## कार्यकारी सारांश

जलउपयोग गुरुयोजना कुनै निश्चित स्थान भित्र रहेका जलस्रोत व्यवस्थापनका पक्षहरु जस्तै पानीका स्रोतहरु लागत तयार पार्ने, विद्यमान प्रयोग र भविष्यमा उपयोग गर्न सकिने क्षेत्रको पहिचानका साथसाथै स्रोतहरुको अवस्थाको खोज र विश्लेषण, समुदायहरुमा विद्यमान पानीसँग सम्बन्धित योजनाहरुको अवस्था विश्लेषण र समग्र समुदायहरुको सुबिधास्तर बर्गीकरण गरि भविष्यमा पानीका क्षेत्रमा आवश्यक सेवा विस्तार र सुदृढीकरणका पानीका स्रोतहरुको संरक्षण, व्यवस्थापन र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो। जलउपयोग गुरुयोजनाले कुनै निश्चित भूगोललाई लक्षित गरि समग्र जलाधार व्यवस्थापनको आधारमा पानीको उपभोग र दिगोपनाका लागि उपभोगलाई न्यायोचित तथा समतामुलकको सिद्धान्तलाई अवलम्बन गरेको हुन्छ। जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ । गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण तथा पर्यावरण संरक्षण गर्न, पानीको बहुउपयोग गर्न, जलस्रोत सम्बन्धी विवाद न्युनिकरण र समाधान गर्नका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालिन औजारका रुपमा लिन सकिन्छ।

जल उपयोग गुरुयोजना निर्माणको प्रमुख उद्धेश्य भनेको "स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु तथा आफ्नो गाउँपालिका क्षेत्रका निश्चित समुदायभित्र तथा समुदाय-समुदायका बीचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा पानीसँग सम्बन्धित आवश्यकताहरु पुरा गर्नु रहेको छ। गुरुयोजनाले जलवायु परिवर्तन अनुकूलन तथा संम्भावित प्राकृतिक जोखिम व्यवस्थापनका लागी समुदाय र सरोकारवालाहरुको क्षमता विकास गर्नुका साथै जलस्रोतका क्षेत्रमा नयाँ अवधारणाहरु जस्तै एकजल अवधारणा, पानीको उत्पादनशिल उपयोगका लागी स्थानीय जनसमुदायहरुलाई स-शक्तिकरण गर्दै समुदाय परिचालन र सचेतिकरणमा टेवा पुर्‍याउँदछ।

जलउपयोग गुरुयोजनाको तयारि प्रकृया मार्फत महिला, पछाडी पारिएका समुदाय, अति बिपन्न, सीमान्तकृत समुदाय र पानीको उपभोगमा बन्चितिकरणमा परेका भूगोल र समुदायहरुलाई मापदण्डमा आधारित योजना प्राथमिकिकरणका सूचकहरुका माध्यमबाट मुलप्रवाहीकरण गर्दै खानेपानी लगायतका संविधानले सुनिश्चित गरेका जलस्रोतको उपयोगका क्षेत्रका मौलिक हकलाई समेत पुरा गर्न योगदान पुर्याउँदछ। प्रस्तावित योजनाहरुको प्राथमिकिकरणका लागी युएसएआइडी कर्णाली जल परियोजनाका बिज्ञहरुले सुझाएका सूचक र स्थानीय परिवेशका आधारमा सूचकहरु तय गरि योजनाहरु पंञ्च बर्षीय कार्यान्वयन सूची तय गरिएको थियो।

यस गेरुवा गाउँपालिकाको जल उपयोग गुरुयोजना निर्माणका लागि विभिन्न चरणहरु (तयारी चरण, क्षमता विकास चरण, अध्ययन चरण, योजना तर्जुमा चरण र प्रतिवेदन लेखन तथा प्रतिवेदन प्रमाणीकरण चरणहरु) मा क्षेत्रगत विज्ञहरुको परिचालन गरि तथ्याङ्क संकलन, विश्लेषण र प्रमाणीकरण गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि NWASH-MIS र DAI Collect KoBo मोबाइल एप्लिकेशनहरुको प्रयोग गरिएको छ । संकलित तथ्याङ्कहरुलाई एकत्रित गरीतथ्याङ्कमा रहेका त्रुटीहरु कर्णाली जल परियोजनाको सहयोग र समन्वयमा सच्याउने, सान्दर्भिक नरहेका तथ्याङ्कहरुलाई हटाउने कार्य गरिएको थियो। संकलित तथ्याङ्कहरुलाई वडास्तरमा प्रमाणिकरण गोष्ठी संचालनगरी छुटेका तथ्याङ्कहरु लिने र शुद्धीकरण सम्पादन गरिएको थियो। ६ वटै वडाहरुमा वडास्तरीय योजना तर्जुमा गोष्ठी संचालन मार्फत योजनाहरुको प्राथमिकीकरण पश्चात गाउँपालिका स्तरमा तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी संचालन गरिएको थियो ।

जलउपयोग गुरुयोजना निर्माणका लागि संकलन गरिएका तथ्याङ्कहरुलाई विभिन्न विधिहरु अपनाई विश्लेषण गरिएको छ। विश्लेषण गरिएका तथ्याङ्कहरुलाई गाउँपालिकामा उपलब्ध अन्य तथ्याङ्कहरु समेतलाई आधार मानी सरोकारवालाहरुमाझ गरिएका छलफल अन्तर्क्रिया पश्चात आवश्यक तालिका, ग्राफ, र अनुसूची राखी त्यसको ब्याख्यात्मक स्वरुपमा यो प्रतिवेदन तयार गरिएको छ। गेरुवा गाउँपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा विभिन्न चरणहरुमा (१३ वटा खुड्किलाहरु) सम्पन्न गरिएका प्रक्रियागत क्रियाकलापहरु निम्न अनुसार रहेका छन्।

- तयारी चरण अन्तर्गत कर्णाली जल परियोजना र साँझेदारहरु बिचको सम्झौता तथा अन्य तथ्याङ्क सङ्कलनका औजार तथा विधिहरुको छनौट गरिएको थियो।
- क्षमता विकास चरणमा ६ जना तथ्याङ्क संकलकहरुलाई NWASH/ DAI Collect KoBo सफ्टवेयर र तथ्याङ्क सङ्कलन विधि सम्बन्धी तालिम संचालन गरिएको थियो।

- ६ ३ वटा समुदायस्तरका भेला/अनुशिक्षण सहभागीतात्मक तरिकाले सामाजिक तथा प्राविधिक तथ्याङ्कहरु संकलन गरिएको छ। तथ्याङ्कहरु संकलन गर्दा महिला तथा पछाडि पारिएका वर्गका मुद्दाहरू/सवालहरुको अध्ययन र विश्लेषण गरिएको थियो।
- ६ वटै वडाहरुमा वडास्तरमा समन्वय बैठक/अनुशिक्षण र २/२ दिन क्षमता विकास तालिमहरु सम्पन्न गरिएको छ र अनुशिक्षणमा मुख्यगरि लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषयवस्तुहरु समावेश गरिएको थियो ।
- ६ वटै वडाहरुबाट छनौट गरिएका महिला तथा पछाडी पारिएको वर्गका व्यक्तिहरुका लागि जल अधिकार, योजना तर्जुमा, जल सुशासन आदि सम्बन्धी तालिम संचालन गरिएको थियो।
- गाउँपालिका स्तरमा १ पटक समन्वय बैठक र १ पटक योजना तर्जुमा गोष्ठी संचालन गरिएको थियो।

**मुख्य तथ्याङ्कहरु :**

- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस गेरुवा गाउँपालिकाको कुल घरधुरी संख्या ७७६२ (https://cbs.gov.np) रहेको देखिन्छ भने हाल जलउपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएको तथ्याङ्क अनुसार कुल घरधुरी संख्या ८,१६८ र कुल जनसंख्या ३५,९३९ रहेको देखिन्छ। कूल घरधुरीमध्ये २७.४३%(२,२४१) घरधुरी ब्राम्हण/ठकुरी/क्षेत्री/सन्यासी, ६.५३% (५३३) घरधुरी दलित, ६४.५% (५,२६८) घरधुरी जनजाती रहेका छन् भने ०.३९% (३२) नेवार, ०.०६% (५) मुस्लिम र १.०९% (८९) अन्य घरधुरी (सोनाहा जाती) रहेका छन्।
- यस गाउँपालिकामा ठूला जलाधारको रुपमा कर्णाली नदी रहेको छ भने उप-जलाधारको रुपमा अन्य खोलाहरु मा जस्तै गेरुवा नदी र बुढी कुलो रहेका छन्। ताल तलैयाहरुमा गेरौला ताल, मिलन ताल आदि रहेका छन् भने खानेपानीका लागि मुख्य स्रोतको रुपमा भूमिगत पानीको मात्रै प्रयोग भएको देखिन्छ।
- गाउँपालिकामा हाल विद्यमान खानेपानी आयोजना संख्या १ वटा, निर्माणाधीन खानेपानी योजना २ वटा र जलउपयोग गुरुयोजनामा प्रस्तावित खानेपानी योजना संख्या ६ वटा रहेका छन् । विद्यमान खानेपानी योजनाबाट हाल १०२ (१.२५%) घरधुरीहरु लाभान्वित भएको देखिन्छ भने निर्माणाधीन २ वटा योजनाहरुबाट ३,००५ (३६.७८%) घरधुरीहरुले खानेपानी सेवा प्राप्त गर्ने लक्ष्य लिईएको छ।
- विद्यमान १ वटा खानेपानी आयोजनामा पानी सुरक्षा योजना लागु गरिएको छैन त्यसकारण गाउँपालिकाले निर्माणाधीन खानेपानी आयोजना र भविष्यमा निर्माण हुने आयोजनाहरुमा पानी सुरक्षा योजना निर्माण गरि लागु गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ।

- गाउँपालिकाको सरसफाइ तथा स्वच्छता अवस्था विश्लेषण गर्दा गाउँपालिका खुला दिशामुक्त घोषणा भईसकेको भएता पनि हाल सबै घरधुरीहरुमा शौचालय रहेको छैन । सर्वेक्षण गरिएका कूल ७,७६२ घरधुरीहरू मध्ये करिब ११% घरधुरीहरुमा शौचालय नभएको अवस्था छ भने ८९% घरधुरीहरुमा शौचालय उपलब्ध रहेको NWASH/जल उपयोग गुरुयोजना निर्माणको क्रममा गरिएको सामाजिक तथा प्राबिधिक सर्वेक्षणबाट देखिएको छ।
- गेरुवा गाउँपालिकामा मुख्य ६ वटा विद्यमान सिंचाइ योजनाहरु रहेका छन भने ५४ वटा सहायक सिंचाइ योजनाहरु रहेका छन् । यी विद्यमान सिंचाइका आयोजनाहरुबाट गाउँपालिकाको कूल खेतीयोग्य भू-भाग ८५२३२ रोपनी मध्ये करिब ५८,७८६ रोपनी (६८.९७%) जमिन सिंचित भईरहेको छ।
- गाउँपालिकास्तरीय योजना तर्जुमा गोष्ठीमा गरिएको बृहत छलफल, क्षेत्रगत अन्तर विश्लेषण र निर्णय अनुसार ६ वटा नयाँ खानेपानी योजनाहरु, १ वटा मर्मत तर्फको खानेपानी योजना, ५४ वटा कुलो सिंचाइ योजनाहरु, ६ वटा सरसफाइ तथा स्वच्छता र वातावरण तथा पर्यावरण संरक्षण तर्फ १०१ वटा योजनाहरु प्रस्ताव गरिएका छन्।
- यसका साथै नेपाल सरकार खानेपानी तथा सरसफाइ सम्बन्धी ऐन २०७९ को दफा ३३ को उपदफा ४ र दफा ३५ अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका सवालहरुलाई आत्मसात गर्दै सरसफाइका लागि गरिब/अत्ति विपन्न तथा पछाडी पारिएका समुदाय र घरधुरिहरुलाई अनुदान तथा खानेपानी महसुलमा छुट दिने व्यवस्था गरिएको छ।

माथिका मुख्य क्षेत्रगत योजनाहरुका साथ साथै ठोस फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साईट व्यवस्थापन, दिसाजन्य लेदो व्यवस्थापनका क्रियाकलापहरु संचालन गर्ने निर्णय समेत गरिएका छन्। समग्रमा गेरुवा गाउँपालिकाले यस जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी निकाय/संघ संस्थाहरुसंग समन्वय, सहकार्य र साझेदारी गर्न सकेको खण्डमा प्रस्ताव गरिएका योजनाहरु ५ बर्ष भित्रै कार्यान्वयन गर्न सकिने र गाउँपालिकाको क्षेत्रगत परिकल्पना, लक्ष्य तथा उद्धेश्यहरु पुरा हुने देखिन्छ।

# अध्याय-१: परिचय

## १.१. पृष्ठभूमिः

कुनै निश्चित स्थानमा उपलब्ध पानीका स्रोतहरुको विकास र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो। जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ। गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण संरक्षण गर्न, पानीको बहु-उपयोग गर्न, जलस्रोत सम्बन्धी विवाद समाधान गर्नका साथै सुशासन कायम गरी संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालीन औजारका रुपमा लिन सकिन्छ।

उच्च संख्यामा गरिब र सीमान्तकृत समूहको बसोबास भएका क्षेत्रहरूलाई प्राथमिकता दिँदै पानीका स्रोतहरुको संरक्षण, व्यवस्थापनमा ती समूहको सहभागिता सुनिश्चित गर्ने, स्वच्छ खानेपानी तथा सरसफाइमा सबै समुदायको पहुँच, वितरण र योगदान सुनिश्चित गर्न गुरुयोजना प्रभावकारी औजारको रुपमा रहेको जलउपयोग गुरुयोजना कार्यान्वयका अभ्यासकर्ताहरुको अनुभव रहेको छ।

### १.१.१. जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानुनी प्रावधानहरु

नेपालको संविधानको विभिन्न भाग तथा धाराहरुमा जलस्रोत क्षेत्र सम्बन्धी प्रावधान रहेका छन्। जलउपयोग गुरुयोजना र जलस्रोत विकास सम्बन्धित केहि प्रावधान निम्मानुसार रहेका छन।

- नेपालको संविधानमा मौलिक हकः धारा ३०: स्वच्छ वातावरणको हक: "प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरण मा बाच्न पाउने हक हुनेछ" र धारा ३५: स्वास्थ्य सम्बन्धी हक "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ"।
- संविधानको धारा ५१: "राज्यका नीतिहरु, जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने"।
- जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने।
- जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एंव भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्युनिकरण गर्दै वन, वन्यजन्तु, पशुपंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने।
- वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम गर्ने।

- प्रकृती, वातावरण वा जैविक विविधता माथी नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मुल वा न्यून गर्ने उपयुक्त उपायहरू अवलम्बन गर्ने।
- स्थानीय तहको एकल अधिकारको सूची अनुसूची ८
- स्थानीय तहको एकल अधिकार अनुसूची ८ र साझा अधिकार सुची ९
- त्यसैगरि पन्ध्रौं योजनामा ४.१ सोच: स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवा, ४.२ लक्ष्य: सबैलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरिय सेवा अभिबृद्धी गर्ने। ४.३ उद्देश्य: खानेपानी र सरसफाइ सेवाको प्रयाप्त, सुरक्षित र सर्वसुलभ रुपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु, सबै नागरिकलाई आधारभुत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल-मुत्र र फोहोर पानीको उचित व्यवस्थापन गरि वातावरणीय स्वच्छता कायम गर्नु, जलवायु परिवर्तन अनुकूल तथा विपद व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु, खानेपानी तथा सरसफाइको दिगो सेवा प्रभावमा संघीय, प्रादेशिक र स्थानीय तहको भूमिका सबलीकरण गर्दै क्षमता अभिवृद्धि गर्नु।

माथी उल्लेखित संवैधानिक र अन्य कानुनी व्यवस्थाहरुले समेत स्थानीय तहहरुको पानी क्षेत्रको विकासका लागि निर्दिष्ट योजना बनाउनु पर्ने सैद्धान्तिक आधार निर्माण भएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत खानेपानी, सिंचाइ, वातावरणीय सवाल तथा उर्जा विकास जस्ता जलस्रोत क्षेत्रका सवालहरु सम्बोधन गर्न यथेष्ट व्यवस्था रहेको पाइन्छ। पानीको क्षेत्रमा निर्दिष्ट योजनाहरुको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन जस्ता अधिकार स्पष्ट रुपमा स्थानीय सरकार सञ्चालन ऐनमा रहेका छन। यसरी स्थानीय सरकारहरुले जलस्रोतको समष्टिगत विकासका लागि नीति निर्माण गरी आवधिक योजनाहरु मार्फत नागरिकका संविधान प्रदत्त अधिकार सुनिश्चितता लागि समेत जलउपयोग गुरुयोजना एक सहयोगी औजारका रुपमा रहने देखिन्छ।

### १.१.२. एकीकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्तहरु

एउटा जलाधार भित्रका पानीसँग सम्बन्धित आवश्यकताहरु सँगसँगै सम्बोधन गर्ने, जलस्रोतका विविध पक्षहरु बीच सामञ्जस्यता कायम गर्ने र साथै पर्यावरणको सन्तुलन कायम गर्ने किसिमको समष्टिगत अवधारणालाई नै एकीकृत जलस्रोत व्यवस्थापन भन्ने गरिन्छ[1]। जलस्रोत विकासका विभिन्न क्षेत्रहरु जस्तैः खानेपानी, सिंचाइ, जलबिधुत, वातावरण तथा पर्यावरण आदि सँगसँगै र एक अर्कालाई सहयोग पुर्‍याउने किसिमले लैजानु अर्थात

[1] एशियाली विकास बैंक (ADB) को सहयोगमा संचालित "जलाधार क्षेत्र व्यवस्थापन कार्यक्रम" अन्तर्गत तयार पारिएको "सहभागितामुलक एकीकृत जलाधार क्षेत्र व्यवस्थापन हाते पुस्तिका, २०७६

समग्र जलाधार क्षेत्रको व्यवस्थापनका माध्यमबाट जलस्रोत क्षेत्रको विकास नै एकीकृत जलस्रोत व्यवस्थापन हो। एकिकृत जलस्रोत व्यवस्थापन अवधारणा अनुसार छरिएर रहेका स-साना जलभाग अथवा स्रोतहरुलाई संरक्षण र विवेकपूर्ण उपयोग तथा माटो, पानी, र वनस्पतीय स्रोत बीचको सामनजस्यता वा सह-सम्बन्धलाई ध्यानमा राखि ती स्रोतहरुको संरक्षण र विकासका लागि अपनाउनु पर्ने आवश्यक कामहरुको लेखाजोखा गर्नु हो।

सामाजिक समानता, आर्थिक सवलता र पर्यावरणीय दिगोपना एकिकृत जलस्रोत व्यवस्थापनका आधारभुत सिद्धान्तहरू रहेका छन् ।

**सामाजिक समानता:** सबै प्रयोगकर्ताहरू (विशेष गरी सीमान्तकृत र गरिब प्रयोगकर्ता समूहहरू) का लागि पर्याप्त मात्रामा र पानीको गुणस्तरमा समान पहुँच सुनिश्चित गर्नु हो। पानीको प्रयोगबाट प्राप्त लाभहरूको लागि सबै प्रयोगकर्ताहरूको अधिकारलाई पनि पानीको बाँडफाँड गर्दा विचार गर्न आवश्यक छ।

**आर्थिक सवलता:** उपलब्ध वित्तीय र जल स्रोतहरूबाट सम्भावित प्रयोगकर्ताहरूको लाभ पुर्‍याउने र यसको लागि सबैभन्दा आर्थिक रूपमा उपयुक्त विकल्प चयन गर्न आवश्यक छ। यसले वर्तमान र भविष्यको सामाजिक र पर्यावरणीय लागत र लाभहरू विचार गर्नुपर्छ।

**पारिस्थितिकीय दिगोपना:** समग्र जलाधार क्षेत्रको स्वास्थ्यको संभावित जोखिमहरुको व्यवस्थापन सहितको योजना तर्जुमाका लागी ध्यान पुर्‍याउनु पर्ने आवश्यकता छ।

एकीकृत जलस्रोत व्यवस्थापनका सम्वन्धमा तल उल्लेखित डबलिनमा सिद्धान्तहरु जलउपयोग गुरुयोजना तर्जुमाका लागी अत्यन्तै आवश्वयक रहेका छन्।

**सिद्धान्त १:** शुद्ध पानी सिमित जोखिमयुक्त स्रोत हो जुन बाँच्न, विकास गर्न तथा वातावरणको लागि अत्यावश्यक छ।

**सिद्धान्त २:** पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ जसले उपभोक्ता, योजनाविद, नीतिनिर्मातालाई समाहित गर्दछ।

**सिद्धान्त ३:** पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरुको महत्वपुर्ण भूमिका हुन्छ।

**सिद्धान्त ४:** पानी सामुदायिक वस्तु हो तर यसको उच्च आर्थिक महत्व पनि छ।

### १.१.३. दिगो विकास लक्ष्य


सन २०१५ मा संयुक्त राष्ट्रसंघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा दिगो विकास लक्ष्य १५ वर्षमा पुरा गर्न विश्वब्यापी रुपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मुल्याँकन गर्न २३२ सूचकहरु पनि तयार गरिएका छन्। यसै गरी नेपालमा ति १७ वटा लक्ष्य पुर्तिका निम्ति ४७९ वटा सूचकहरु निर्धारित गरिएका छन्[2]। यसरी निर्धारण गरिएका १७ वटा लक्ष्यहरु एक-आपसमा अन्तर्सम्बन्धित छन्।

दिगो विकास लक्ष्य प्राप्तिका लागि नेपालमा धेरै प्रयासहरु भैरहेका छन्। बिशेषगरि ३ वटै तहका सरकारहरुमा दिगो विकास लक्ष्य प्राप्तिका लागि सूचकहरुको आन्तरिकिकरण गर्ने र सो अनुसार आवश्यक नीति, कार्यक्रम तथा योजना निर्माण गर्ने कार्य भइरहेको छ। नेपाल सरकारद्वारा दिगो विकास लक्ष्य प्राप्तिका लागि भई रहेका प्रयासहरु निम्न अनुसार रहेका छन्।

.................

- दिगो विकास लक्ष्य अनुसार निर्धारण गरिएका सूचकहरुको आन्तरिकिकरण गर्ने
- स्थानीय तहहरुबाट दिगो विकास लक्ष्यहरुलाई स्थानीयकरण गर्न आवधिक योजना तर्जुमा गर्ने, आवधिक योजनामा आधारित रही मध्यकालिन खर्च संरचना निर्माण, वार्षिक योजना तर्जुमा र सूचक तथा नतिजामा आधारित अनुगमन तथा मुल्यांकन पद्दतिको विकास गर्ने कार्य भईरहेको छ[3]।

*चित्र १: दिगो विकास लक्ष्यका आयाम*




---

[2] राष्ट्रिय योजना आयोग: दिगो विकास लक्ष्यहरु, बर्तमान अवस्था र भावी मार्गचित्र (२०१६-२०३०), www.npc.gov.np

[3] नेपाल सरकार, राष्ट्रिय योजना आयोग; दिगो विकास लक्ष्य स्थानीयकरण श्रोत पुस्तिका, २०७७ http://sdg.npc.gov.np/en/resource




*चित्र २ : दिगो विकास लक्ष्यको रिंग*

- ३ वटै तहका सरकारहरुले लक्ष्य प्राप्तिका लागि बहु-सरोकारवालाहरुको सहभागितामा जोड दिँदै "कसैलाई पनि पछाडी नछोड्ने" (No One Leaves Behind) को दृष्टिकोण अनुसार लैंगिक समानता, अपांगता तथा सामाजिक समावेशीकरणलाई विकासका सबै गतिविधिहरुमा अन्तर-सम्बन्धित सवालको रुपमा मूलप्रबाहिकरण गरिरहेका छन्[4]।

[4] नेपाल सरकार, राष्ट्रिय योजना आयोग; दिगो विकास लक्ष्य प्रगति समिक्षा प्रतिबेदन २०१६-२०१९, www.npc.gov.np

यसै गरि दिगो विकास लक्ष्य-६ खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापनका साथै एकीकृत जलस्रोत व्यवस्थापनका क्षेत्रमा सन् २०३० सम्ममा के के उपलब्धि हासिल हुनुपर्ने भन्ने आधारमा तय गरिएको छ। दिगो विकास लक्ष्यको लक्ष्य नं. ६ ले खानेपानी तथा सरसफाइ सम्बन्धमा दिशानिर्देश गरेको छ। अन्तर्राष्ट्रिय स्तरमा नेपालले समेत प्रतिवद्धता जाहेर गरेको दिगो विकास लक्ष्य हासिल गर्नु स्थानीय सरकारको समेत कर्तव्य हुन आउँछ। यस परिवेशमा दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरुले प्रक्रियागत विकासमा ध्यान पुर्‍याउनु पर्ने देखिन्छ। जलस्रोत क्षेत्रको समष्टिगत विकासका लागि उपलब्ध कानूनी प्रवन्ध तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु हासिल गर्न जलउपयोग गुरुयोजना निर्माणको औचित्य अझै बढी पुष्टी हुन्छ।

दिगो विकास लक्ष्य-६ को समग्र सूचक "सन् २०३० सम्म, सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने" रहेको छ भने, विशिष्ट सूचकहरू निम्न रहेका छन्।

- सबैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने।
- सबैका लागि पर्याप्त तथा समतामूलक सरसफाइ र स्वच्छतामा पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्त्य गर्ने।
- पानी तथा सरसफाइ व्यवस्थापनको सुधारका लागि स्थानीय समुदायहरूको सहभागितालाई साथ दिई त्यसलाई अझ सबल बनाउने।

दिगो विकास लक्ष्यहरुमा उल्लेखित लक्ष्य र नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएका प्रतिवद्दताहरु हासिल गर्न क्षेत्रगत विकास योजना (ई. २०१६-२०३०) तर्जुमा भएको छ। क्षेत्रगत विकास योजना खानेपानी, सरसफाइ स्वच्छताका क्षेत्रमा निम्मानुसार अवधि र लक्ष्यहरु लिईएको छ।

- तत्कालीन चरण (ई. २०१६- २०२०): सबैको आधारभुत "वाश" सेवाहरुमा पहुँच सेवाको स्तरमा सुधार (मध्यम २५%/उच्च १५%) जनसंख्या
- मध्यकालीन चरण (ई. २०२१- २०२५): सेवाको स्तरमा सुधार (मध्यम ४०%/उच्च ३०%) जनसंख्या, कार्यदक्षता र दिगोपनमा सुधार
- दिर्घकालीन चरण (ई. २०२६- २०३०): सेवाको स्तरमा सुधार (मध्यम ५०%/उच्च ५०%) जनसंख्या, प्रभाव लेखाजोखा

### १.१.४. अन्तरक्षेत्रीय सवालहरु

#### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

जलउपयोग गुरुयोजना स्थानीय समुदायको सहभागितामा निर्माण हुने हुँदा पानीसँग प्रत्यक्ष सरोकार राख्ने लिङ्ग, वर्ग र समुदायको आवश्यकता र चाहनामा आधारित हुने गर्दछ। नेपाल सरकारले बि.सं. २०८४ सम्ममा सबै नेपाली जनतालाई आधारभूत खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने तर्फ अग्रसर रहेको छ। त्यसका लागि पानी वितरण र उपभोग प्रक्रियालाई न्यायोचीत र समावेशी बनाउन जलउपयोग गुरुयोजनाले सहयोग पुर्याउँदछ। पानीको घरायसी प्रयोगका लागि महिलाहरु पानीसँग बढी संलग्न हुने हुँदा स्रोत पहिचान, स्रोत छनौट देखि योजना तर्जुमाका चरणहरुमा जलउपयोग गुरु योजनाले महिलाहरुको उल्लेख्य सहभागिता गराउने गर्दछ। त्यस्तै अपांगता भएका व्यक्तिहरुको खानेपानी र सरसफाइ जस्ता आधारभूत सेवाहरुमा पहुँच बढाउन तथा अपांगतामैत्री अवधारणाको विकासका लागि उनीहरुको जलउपयोग गुरुयोजना निर्माणका हरेक चरणमा सहभागिता सुनिश्चित गर्दछ। हाम्रो देशको परिवेशमा जलस्रोतको पहुँच र नियन्त्रणमा लैङ्गिकताका आधारमा छाउपडी र जातीय भेदभावबाट प्रायः महिला, बालिका र सीमान्तकृत समुदायका सदस्यहरू बढी प्रभावित भएको देखिन्छ। पानीको स्रोतको संरक्षण, पिउने पानी घर नजिक उपलब्ध हुँदा र निर्णय गर्ने तहमा महिला तथा सीमान्तकृत समुदायको सहभागिताले उनीहरूको समयको बचत, लैङ्गिक हिंसाको जोखिम, शोषण र नकारात्मक परिणामहरू कम गर्न मद्धत गर्दछ साथै समुदायको जीविकोपार्जन प्रत्यक्ष रुपमा पानीसंग जोडिएको हुने हुदा त्यस्ता बिपन्न वर्गहरुको सहभागिता जस्ता लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई जलउपयोग गुरुयोजना निर्माण र तत् पश्चातका कार्यान्वयन प्रकृयामा समेटेको हुन्छ।

### जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन

नेपालका सन्दर्भमा बार्षिक औषत १५०० मि.मि. बर्षा रेकर्ड गरिएको छ।[5] राजापुर बर्षा मापन केन्द्रमा रेकर्ड भएको अनुसार सन् २०१३ मा १४६५ मि.मि., २०१४ मा १६९९ मि.मि., २०१५ मा १२१२ मि.मि., २०१६ मा १४२७ मि.मि., २०१७ मा १६४२ मि.मि. रेकर्ड गरिएको छ। मापन रेकर्ड गरिएका तथ्याङ्कहरुको औसत १४८९ मि.मि. यस क्षेत्रको औसत बर्षा हुन जान्छ जुन नेपालको औसत भन्दा कम देखिन्छ। जलवायु परिवर्तनले गर्दा नेपालको यस क्षेत्रमा समेत औसत पानी पर्ने समयमा घटबढ भइरहेको हुँदा जलस्रोतहरुमा पानीको बहाव घट्दै गईरहेको र त्यसले प्रत्यक्ष रुपमा समुदायको खानेपानी आपूर्ति, सिंचाइ लगायत जीविकोपार्जनमा नकारात्मक प्रभाव पारेको छ। त्यस्तै विभिन्न किसिमका प्राकृतिक प्रकोपहरू मुख्यतः बाढी, पहिरो, भूकम्प जस्ता प्रकोपहरूले खानेपानी तथा सिंचाइका लागि प्रयोग भएका

[5] स्रोत:http://climate.mohp.gov.np/

पानीका मुहानहरु पुरिने, सुक्ने, हराउने र भासिने गरेको हुँदा त्यसले एकातिर समुदायको खानेपानी तथा जीविकोपार्जनका लागि आवश्यक पानीको अभाव भइरहेको छ भने अर्कोतिर खानेपानी, सिंचाइ तथा जलस्रोत व्यवस्थापनका लागि निर्मित संरचनाहरुको दिगोपना र सुचारुपनामा असर पुर्‍याईरहेको हुँदा यस्ता समस्याहरूको न्यूनीकरणका लागि जलउपयोग गुरुयोजनाले समुदायको क्षमता अभिवृद्धि गरि जलवायु परिवर्तन अनुकुलित र प्रकोपहरु आइपर्दा पनि जोखिम कमहुने हिसाबले गरिने योजना तर्जुमालाई महत्व दिएको छ ।

## १.२. जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र

### १.२.१. जलउपयोग गुरुयोजनाका उद्देश्यहरु

जलउपयोग गुरुयोजनाको उद्देश्य स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहु-उपयोग गर्न एकीकृत योजनाको विकास गर्नु हो । यस योजनाले स्थानीय सरकार र मातहतका जलाधार क्षेत्रहरु भित्रका कुनै निश्चित समुदाय वा समुदायहरु बीचमा जलस्रोतको सही उपयोग, समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा सवै प्रकारका आवश्यकताहरु पुरा गर्न सुनिश्चितता प्रदान गर्दछ ।

जलउपयोग गुरुयोजनाका विशिष्ट उद्देश्यहरु यसप्रकार छन;

- सम्बन्धित भूगोल भित्रको जलस्रोतसंग सम्बन्धित सूचना तथा सुविधाहरु पहिचान गर्ने ।
- पानीका उपलब्ध सबै स्रोतहरुको विश्लेषण गरी स्रोतहरुको समतामूलक, विवेकपूर्ण प्रयोग र दिगोपनाको सुनिश्चितता गर्नका साथै योजना प्रति अपनत्वको भावनाको विकास गरी निर्मित संरचनाहरुलाई दीर्घकालीन बनाउन मद्धत गर्ने ।
- जलस्रोतहरुको बहुउपयोग गर्नको लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालीन योजना तर्जुमा गरि यस क्षेत्रमा दीर्घकालीन लगानी प्राप्त गर्ने ।
- वातावरणीय दिगोपनाको साथै जल सम्बन्धित भौतिक पुर्वाधारहरु र तिनको दिगो व्यवस्थापनको लागि संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने ।
- जलस्रोत क्षेत्रको लगानी नीति तथा दुरदृष्टी निर्माण गरी लक्ष्य हासिल गर्न आन्तरिक तथा बाह्य श्रोत तथा सरोकारवाला पहिचान गर्ने ।
- गाउँपालिका स्तरका जलस्रोत र यससँग सम्बन्धित प्राकृतिक स्रोतहरुको संरक्षण गर्न, सरसफाइ र स्वच्छता प्रवर्द्धन आदिमा सरोकारवालाहरुको क्षमता विकास गर्ने ।

- जलस्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यासको माध्यमबाट सुशासन प्रबर्धन गर्ने।
- जलाधार तथा उपजलाधार क्षेत्र भित्र पर्ने पानीका स्रोतहरुको संरक्षणमा बढावा दिँदै पानीको पुनर्भरण, पुनर्धारण र पुनर्उपयोग तथा वातावरणीय स्वच्छताका पक्षहरुमा सम्बन्धित सरोकारवालाहरुको क्षमता विकास तथा सचेतिकरण गर्ने।
- जलस्रोत, सरसफाइ र स्वच्छता सम्बन्धी सेवाहरूको उपयोगबाट प्राप्त हुने लाभहरूमा समतामूलक पहुँचका साथै जलस्रोतको न्यायोचित बाँडफाँड सुनिश्चित गर्ने।
- पानीसँग सम्वन्धित योजना तर्जुमा, क्षमता विकास र कार्यान्वयनका हरेक पक्षमा महिला तथा अन्य सीमान्तकृत समूहहरूको समतामूलक सामाजिक तथा आर्थिक विकासलाई प्रवर्धन गर्ने।

### १.२.२. जलउपयोग गुरुयोजनाले समेटने क्षेत्रहरु

कुनै निश्चित क्षेत्र भित्र अवस्थित पानीका स्रोतहरु (पृथ्वीको सतह माथी वा सतहका वा सतह भित्रका) को व्यवस्थापन गरी दिगो उपयोग गर्न गुरुयोजनाले समेट्ने क्षेत्रहरुलाई जलस्रोत व्यवस्थापन कुर्सीका माध्यमबाट ब्याख्या गर्ने गरिन्छ।

**जलस्रोत व्यवस्थापन कुर्सी :-** जलउपयोग गुरुयोजनालाई विद्यमान कानूनी प्रावधानहरु अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाउनुका साथै योजना निर्माण प्रकृयालाई ब्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जलउपयोग व्यवस्थापन कुर्सिको अवधारणालाई अवलम्बन गरिएको छ । यो अवधारणा सरोकारवालाहरुको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औंल्याएका र गुरुयोजनाले समट्ने ४ (चार) वटा क्षेत्रहरुको चर्चा तल गरिएको छ, भने गेरुवा गाउँपालिकाको हकमा जलउर्जा (बिद्युत र पानी घट्ट) सम्बन्धि योजनाहरुको सम्भाव्यता नभएतापनि जलसँग सम्बन्धित अन्य क्रियाकलापहरु जस्तै; माछा पोखरी, जल पर्यटन तथा पर्यावरण आदि सम्भावित क्रियाकलाप रहेका छन् ।

**खानेपानी, सरसफाइ तथा स्वच्छता:-** खानेपानीका योजनाहरु (नयाँ, मर्मत, पुर्ननिर्माण, सेवा बिस्तार र सतह, भुमिगत, बर्षातको पानी आदि),स्रोत सुधार तथा संरक्षण, खानेपानीको गुणस्तर, स्वच्छता, सरसफाइ र चर्पी निर्माण, व्यक्तिगत, घरेलु तथा वातावरणीय सरसफाइ खुला दिसा मुक्त तथा पूर्ण सरसफाइ योजना र योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार रणनीति आदि ।

**सिंचाई तथा निकास:-** परम्परागत कुलो सिंचाइ योजना र लघु तथा आधुनिक पोखरी सिंचाइ योजनाहरु र ढल निकास/झरन। परम्परागत सिंचाइ (कुलो, नहर) प्रणाली, हालको सिंचाइ प्रणालीहरुको मर्मत सम्भार तथा

पुनःनिर्माण आदि। आधुनिक सिंचाइ (फोहरा सिंचाइ, थोपा सिंचाइ, पोखरी) करेसाबारीको लागि लघु सिंचाइ, खेरजाने पानीको उचित निकास तथा करेसावारी व्यवस्थापनमा प्रयोग आदि।

**वातावरण तथा पर्यावरण:** स्रोत सुधार तथा संरक्षण, स्रोतहरुको पुनर्भरण, पुनर्धारण र पुनर्उपयोग क्रियाकलापहरु, बर्षातको पानी संकलन, विभिन्न पोखरीहरु निर्माण तथा (मनोरञ्जनात्मक र धार्मिक, माछापोखरी, आहाल), वन व्यवस्थापन, चरन क्षेत्रहरुको व्यवस्थित विकास, पाखो तथा गह्रा सुधार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, वातावरणीय सरसफाइ आदि।

**जलशक्ति र अन्य:** जलमा आधारित आयआर्जनका क्रियाकलापहरु जस्तै; माछा पोखरी, जनावरका लागि पानी, धार्मिक प्रयोजनका एवं जलक्रिडास्थलका लागि पानी, उन्नत स्तरको जीविकोपार्जन लघुवित्त विकास (सामुदायिक संस्था र सहकारी आदि)

माथि उल्लेखित मुख्य क्षेत्र बाहेक पनि गुरुयोजनाको समग्र निर्माण चरणले तपसिलका विषयवस्तु समेटेको हुन्छ।

- जलवायु परिवर्तन अनुकुलन, विपद जोखिम व्यवस्थापनका लागि पानीका स्रोतहरुको पुनर्भरण, पुनर्धारण र पुनप्रयोग।
- सरोकारवालाहरुको छलफलको थलो: जलस्रोतहरुको समष्टिगत प्रयोगमा उत्पन्न हुन सक्ने विवाद न्युनिकरण, जलाधार क्षेत्रहरु विचको पारस्परिक सम्बन्ध, पानीको उपयोगितामा पानीका उपयोगका क्षेत्रहरुको प्राथमिकता आदि।
- टेवा तथा क्षमता अभिबृद्धी: स्थानीय तह, समुदायहरुको आन्तरिक तथा बाह्य स्रोत साधनको परिचालन, जनसहभागिताका पक्षहरु, राजनैतिक क्षेत्रको प्रतिवद्धता, कानूनी विषयहरुको सचेतिकरण, स्थानीय स्रोत साधनहरुको समग्र विश्लेषण र स्थानीय समुदायहरुको क्षमता विकास आदि।

  समग्रमा स्थानीय सरकारहरुले आफ्नो योजना तर्जुमा, कार्यान्वयन र मुल्याङ्कन गर्दा साथै स्रोत साधन जुटाउन र सरोकारवालाहरुलाई छलफल र लगानीको वातावरण बनाउन जलस्रोत व्यवस्थापन कुर्सीलाई सहज औजारको रुपमा प्रयोग गर्न सक्दछन्।

## १.३. जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरु

### १.३.१. स्थानीय तहका विद्यमान रणनीतिक योजनाहरुको समिक्षा

यस गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको क्षेत्रगत योजना को रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना निर्माण भएको छ। हाल NWASH र जलउपयोग गुरुयोजना निर्माणको

अवधिमा यस गाउँपालिकाको सबै बस्तीहरुमा छलफल गरि NWASH प्रणाली अद्यावधिक गरि जलउपयोग गुरुयोजनाका लागी आवश्यक पर्ने तथ्याङ्कहरु सङ्कलन र प्रविष्टि गरिएको छ। यसका साथै गाउँपालिकाले तपशिलका नीति, कार्यविधि तथा योजनाहरु निर्माण गरेको देखिन्छ।

**तालिका- १: गाउँपालिकाले तयार गरेका विभिन्न नीतिनियम तथा कार्यविधिहरु**

| गाउँपालिकाले निर्माण गरेका ऐन/नीति, कार्यविधि तथा योजनाहरु | कार्यान्वयनको अवस्था |
| --- | --- |
| गेरुवा गाउँपालिकाको गाउँ प्रोफाइल २०७७ | कार्यान्वयनमा रहेको |
| गेरुवा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, २०७७ | कार्यान्वयनमा रहेको |
| प्रकोप व्यवस्थापन कोष(सञ्चालन) कार्यविधि २०७९ | कार्यान्वयनमा रहेको |
| वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७६ | कार्यान्वयनमा रहेको |
| विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७६ | कार्यान्वयनमा रहेको |
| उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ | कार्यान्वयनमा रहेको |
| सहकारी ऐन, २०७६ | कार्यान्वयनमा रहेको |
| लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७८ | कार्यान्वयनमा रहेको |

***स्रोत:*** *गेरुवा गाउँपालिकाको वेबसाइट,* ***( https://geruwamun.gov.np)***

माथि उल्लेख गरिए अनुसारका केहि ऐन, कार्यविधि तथा योजनाहरुको निर्माण गरिएको भएतापनि त्यसको पूर्ण रुपमा कार्यान्वयन हुन सकेको देखिँदैन। साथै खानेपानी, सरसफाइ तथा स्वच्छता प्रबर्धनका लागि प्रत्यक्ष रुपमा सहयोग पुर्‍याउने नीति तथा रणनीतिहरु जस्तै: जलस्रोत नियमावली, खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक रणनीतिहरु निर्माण हुन बाँकी रहेका छन। त्यसैले यस जलउपयोग गुरुयोजना र आगामी दिनमा निर्माण हुने खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाले गाउँपालिकाको लागि क्षेत्रगत योजना तर्जुमा गर्न कोशेढुंगा साबित हुने अपेक्षा गरिएको छ।

### १.३.२. रणनीतिक योजनाहरुको एकीकरण

जलउपयोग गुरुयोजना तयारीका लागी गाउँपालिकामा तर्जुमा गरिएका जलस्रोतसँग सम्बन्धित ऐन, नीति, नियम र योजनाहरुको अध्ययन, विश्लेषण र उपलब्ध तथ्याङ्कहरुको एकिकरण गर्ने कार्य गरिएको छ।

गाउँपालिकाको WASH योजना, गाउँ  पार्श्वचित्र, विभिन्न विषयगत शाखाका तथ्याङ्कहरुका साथै सरोकारवाला निकायहरुको तथ्याङ्कहरुलाई समेतलाई समायोजन गरी गुरुयोजनाको अन्तिम प्रारुप तयार गरिएको छ। जलउपयोग गुरुयोजना तयार गर्दा गाउँपालिकामा उपलब्ध तथ्याङ्कहरुका अतिरिक्त आवश्यक अन्य तथ्याङ्कहरु सामाजिक तथा प्राविधिक सर्वेक्षण, सर्वेक्षणका क्रममा गरिएका भेला, अन्तरक्रिया, लक्षीत समुह/समुदाय भेटघाटमा आधारित भई प्रचलित ऐन कानूनहरुलाई समेत ध्यानमा राख्दै योजनाहरु तर्जुमा गरिएका छन्।

## १.३.३. जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरु

जलउपयोग गुरुयोजनाको अन्तिम प्रतिवेदन गाउँपालिकास्तरमा गरिएका श्रृंखलावद्ध क्रियाकलापहरुको नतिजा हो। गुरुयोजना तयारीमा गरिएका क्रियाकलापहरुमा गाउँपालिकाकामा तर्जुमा गरिएका क्षेत्रगत रणनीति तथा योजनाहरु अध्ययन, गाउँपालिकाको वस्तुस्थिति अवलोकन, समुदाय स्तरमा गरिएका सर्वेक्षण, अन्तक्रिया, जनचेतना तथा क्षमता विकास निश्चित समुदाय तथा जानिफकारसंग भेटघाट, संस्थागत क्षमता विकासका कार्यहरु तथा तथ्याङ्क प्रमाणीकरण तथा योजना तर्जुमा गोष्ठीहरु पर्दछन्। गुरुयोजना तयारी कार्यलाई एकरुप बनाउन तथा यस कार्यमा समुदायको सहभागिता सुनिश्चित गर्न चरणवद्ध कार्यपद्धति निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ। यस प्रक्रियामा निम्न अनुसारका पाँचवटा चरण अन्तर्गत चित्र-२ अनुसार १३ वटा खुड्किलामा आधारित रही जलउपयोग गुरुयोजनाको कार्य सम्पादन गरिएको थियो।

### तयारी तथा पुर्व योजना तर्जुमा चरण

जलउपयोग गुरुयोजनाको प्रारम्भिक चरण भित्र स्थानीय तह (गाउँपालिका र वडा) को आवश्यकता, उत्सुकता, लगानी प्रतिवद्धता आदिमा आधारित भई गाउँपालिका छनौट गर्ने लगायत सेवा प्रदायक संस्था र व्यक्तिहरु छनौट तथा तालिम लगातयका क्रियाकलापहरु संचालन गरिएका थिए।

तयारी चरणमा युएसएआइडी कर्णाली जल परियोजनाले NWASH र जलउपयोग गुरुयोजना निर्माण (DAI Collect KoBo) सम्बन्धी ४ दिने प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गरेको थियो। उक्त प्रशिक्षक प्रशिक्षण तालिममा साँझेदार संस्थाहरुबाट गुरुयोजना निर्माण लक्ष्य राखिएका स्थानीय तहहरुका लागि ८ जना सहभागी भएका थिए। सहभागीहरुको विवरण निम्न तालिका अनुसार रहेको छ।

**तालिका- २: प्रशिक्षक प्रशिक्षणमा सहभागिता विवरण**

| | लिंग अनुसार | जातजाती अनुसार सहभागी विवरण |
|---|---|---|

| जम्मा सहभागी | महिला | पुरुष | अन्य | ब्राम्हण/ठकुरी/क्षेत्री/सन्यासी | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | ० | ४ | ० | ३ | ० | १ | ० | ० | ० |

**क्षमता विकास चरण**

जलउपयोग गुरुयोजना तयारीका सम्पुर्ण कार्यहरुको अगुवाई तथा नेतृत्व गाउँपालिकाबाट गर्नुपर्ने भएकाले यस चरणमा जलउपयोग गुरुयोजना तयारीका लागि स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरूको क्षमता विकास गर्ने कार्यहरु गरिएका थिए। जस अन्तर्गत गाउँपालिका स्तरमा जलउपयोग गुरुयोजना सम्बन्धी परामर्श गोष्ठी तथा अभिमुखिकरण, ६ वटै वडाहरुमा वडास्तरिय जलउपयोग गुरुयोजना तयारी प्रक्रिया सम्बन्धी परामर्श बैठक र अभिमुखिकरण गोष्ठी, वडा तहमा दलित, महिला तथा पछाडी पारिएका वर्गहरुको लागि क्षमता विकास तालिम, उप-जलाधार स्तरीय गुरुयोजना तथ्याङ्क संकलनमा समन्वय र सहयोग गर्न स्वयम् सेवी सहजकर्ता छनोट, विभिन्न प्राविधिक समितिहरु गठन तथा अभिमुखिकरण बैठक र अन्तरक्रिया आदि क्रियाकलापहरु संचालन गरिएका थिए। यो चरणमा अध्ययन चरणमा सम्पादन गरिने क्रियाकलापहरु सम्बन्धी विस्तृत कार्ययोजना समेत तयार गरिएको थियो।

गेरुवा गाउँपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा बिभिन्न क्षमता विकासका क्रियाकलापहरु संचालन गरिएका छन्। तथ्याङ्क संकलनका लागि परिचालन हुने गणकहरुका लागि NWASH तथा DAI Collect KoBo एप्लिकेशन प्रयोग सम्बन्धी तालिम, वडा तथा गाउँपालिकास्तरमा जनप्रतिनिधिहरु/स्थानीय बुद्दिजिबि, समाजसेवी, गाउँपालिका स्तरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरु सहितको उपस्थितिमा क्षमता विकासका विभिन्न क्रियाकलापहरु संचालन गरिएका थिए। जलस्रोतको न्यायिक बाँडफाँड, जलस्रोत सम्बन्धी विद्यमान कानूनहरुको जानकारीका साथै जलस्रोतहरुमा समान अधिकार र पहुँचका लागि महिला तथा पछाडी पारिएका वर्गका प्रतिनिधिहरुका लागी समेत क्षमता अभिवृद्धि सम्बन्धी २ दिने तालिम संचालन गरिएको थियो। जलउपयोग गुरुयोजना निर्माणको क्रममा गेरुवा गाउँपालिकामा संचालन गरिएका क्षमता विकास सम्बन्धी क्रियाकलापहरुका सहभागीहरुको लैङ्गिक र जातीय विवरण तालिका-३ मा प्रस्तुत गरिएको छ।

**तालिका- ३: क्षमता विकास सम्बन्धी तालिमका सहभागीहरुको लैङ्गिक र जातीगत विवरण**

| मिति | सम्पन क्रियाकलापहरु | महिला | पुरुष | ब्राह्मण/क्षेत्री / ठकुरी/ सन्यासी | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६-८ बैशाख २०८० | गणकहरुलाई NWASH र WUMPको तथ्याङ्क संकलन तालिम | ५ | १ | ३ | १ | २ | ० | ० | ० |
| ११ वैशाख २०८० | गाउँपालिका स्तरीय समन्वय गोष्ठी | १६ | ८ | ९ | ३ | १२ | ० | ० | ० |
| १३-१५ बैशाख २०८० | वडा स्तरीय समन्वय गोष्ठी | ९६ | ५७ | ३१ | ९ | ११३ | ० | ० | ० |
| २४-२७ बैशाख २०८० | वडा स्तरीय क्षमता विकास तालिम | १८ | ११२ | २० | १८ | ९१ | ० | ० | १ |
| १-३ जेष्ठ २०८० | लक्षीत वर्गलाई क्षमता विकास तालिम | ३३ | ७७ | २३ | १७ | ७० | ० | ० | ० |
| **जम्मा:** | | १६८ | २५५ | ८६ | ४८ | २८८ | ० | ० | १ |

*स्रोत: जलउपयोग गुरुयोजना, क्षमता विकासका क्रियाकलापहरु, २०८०*

**सूचना संकलन/अध्ययन चरण**

यस चरणमा क्षमता विकास चरणमा तयार गरिएको कार्ययोजनामा आधारित भई उप-जलाधार क्षेत्र स्तरीय भेला र बैठकहरुका माध्यमबाट सामाजिक स्रोत नक्शांकनको कार्य गर्नुका साथै सो क्षेत्रको विद्यमान अवस्था पहिचान गर्नका लागि सघन रुपले सामाजिक र प्राविधिक अध्ययन गर्ने जस्ता कार्य सम्पादन गरिएका थिए। उक्त कार्यहरुको लागि प्रत्येक उप-जलाधार क्षेत्रमा २ देखि ३ दिन सम्म (भौगोलिक कठिनता तथा घरधुरी संख्या र अवस्थिति अनुसार फरक पर्न सक्ने) सामाजिक र प्राविधिक क्षेत्रका कर्मचारीहरुको छुट्टाछुट्टै टोली तयार गरी उक्त क्षेत्रका लागि समन्वय गर्न तोकिएका स्वंयसेविहरुको सहयोगमा विद्यमान तथ्याङ्क संकलन एवं अवस्था विश्लेषणका कार्यहरु संचालन गरिएका थिए। यस कार्यमा उप-जलाधार क्षेत्र भित्रका सम्पुर्ण टोल तथा वस्तीहरुको घरधुरी सहितको तथ्याङ्क, विद्यमान खानेपानी तथा सरसफाइको तथ्याङ्क, निर्माण सम्पन्न एवं चालु अवस्थामा रहेका जलस्रोतसँग सम्बन्धित सबै क्षेत्रका योजनाहरुको तथ्याङ्क संकलन एवं सञ्चालन अवस्था विश्लेषण, विद्यमान पानीका स्रोतहरुको सूची तयार र क्षमता मापन तथा सम्भावित प्रयोग हुन सक्ने क्षेत्रहरुको

पूर्वानुमान एबं पहिचान लगायत सो क्षेत्र भित्रका सम्पुर्ण संघसंस्थाहरुको खानेपानी सरसफाइ तथा स्वच्छताको तथ्याङ्कहरु संकलन गरी निश्चित ढाँचाका फारमहरुमा भरी हरेक क्षेत्रको अवस्था विश्लेषण गर्ने कार्य गरिएको थियो। यो चरणमा आवश्यकता अनुसार स्थानीय तहका प्राविधिक समिति सदस्यहरु, गाउँपालिका भित्र कार्यरत जलस्रोत सम्बद्ध क्रियाशिल शाखाहरु, गैर सरकारि संस्थाहरुसँगको समन्वयमा तथ्याङ्कहरु संकलन गरिएको थियो। वडा भित्रका सम्पुर्ण उप-जलाधार क्षेत्रहरुको तथ्याङ्क संकलन पश्चात् गुरुयोजनाका तथ्याङ्क संकलन ढाँचाहरुमा तथ्याङ्क प्रविष्टी सहित योजना तर्जुमा चरणको तयारी यसै चरणमा गरिने गरिन्छ।

गेरुवा गाउँपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा ६ वटै वडाका ६३ वटै बस्तिहरुमा वडा प्रतिनिधिहरु लगायत टोलका बढघर तथा अन्य घरधुरीहरुको उपस्थितिमा सहभागितात्मक विधि सामाजिक/स्रोत नक्शांकनबाट सामाजिक तथा प्राविधिक तथ्याङ्कहरु संकलन गरिएको थियो। संकलित तथ्याङ्क/सूचनाहरुको प्रविष्टि N-WASH/DAI Collect KoBo मा गरिएको थियो। संकलित तथ्याङ्कहरुको विवरण संलग्न अनुसूचीहरुमा उल्लेख गरिएको छ।

**योजना तर्जुमा चरण**

यस चरणमा उप-जलाधार क्षेत्रहरुको विद्यमान संकलित तथ्याङ्कहरुको आधारमा सबै क्षेत्रलाइ विश्लेषण गरी उप-जलाधार क्षेत्रस्तरवाट जलस्रोतसँग सम्बन्धित सबै (खानेपानी, सरसफाइ, वातावरण र पर्यावरण, संस्थागत विकास, स्थानीय मानव संशाधन विकास) क्षेत्रको आवश्यकता पहिचान गरी सबै क्षेत्रका क्षेत्रगत योजनाहरु तर्जुमा गरी वडाका जनप्रतिनिधीहरुको नेतृत्वमा योजनाहरुको वडास्तरीय प्राथमिकिकरण गरिएको थियो। मापदण्डमा आधारित प्राथमिकीकरण औजार (CBRT) को आधारमा खानेपानी, सिंचाइ तथा वातावरण संरक्षणका योजनाहरुको प्राथमिकिकरण, समुदायको विद्यमान अवस्था, कठिनता विश्लेषण, वास्तविक माग र प्राविधिक परामर्शलाई समेत आधार गरिएको थियो भने अन्य योजनाहरुको हकमा बढी क्षेत्रफल, जनसंख्या लाभान्वित हुने, प्रति व्यक्ति लागत कम हुने, बिगत ५ वर्षमा कुनै पनि निकायबाट बजेट विनियोजन नभएको तथा व्यवस्थापकीय क्षमता राम्रो भएका र आयआर्जनमा सहयोग पुग्ने जस्ता मापदण्डहरु माथी गाउँपालिकाका जनप्रतिनिधी र सरोकारवालाहरुले व्यापक छलफल सहित अनुमोदन गरि सोको आधारमा योजनाहरु छनौट गरिएका थिए ।

वडामा योजना तर्जुमा गर्दा योजना तथा कार्यक्रमहरुलाई वडाले कार्यान्वयन गर्ने तथा बाह्य सहयोग र आन्तरिक स्रोत परिचालन गरि कार्यान्वयन गरिने गरि छुट्टाएर गाउँपालिका स्तरको गुरुयोजनामा समाबेश गरिएका छन् । वडा स्तरको योजना तर्जुमा गोष्ठी सामान्यतया १ दिनको हुने भए पनि स्रोत तथा संकलित तथ्याङ्क, प्रस्तावित योजना स्तरीय भूगोलको पुनरावलोकन गर्नु पर्ने अवस्थामा यो प्रक्रिया एक वडाका लागि

१ देखि २ दिन सम्म रहेको थियो । वडा स्तरवाट तर्जुमा गरिएका योजनाहरुलाई अन्तिम रुप दिई जलउपयोग गुरुयोजनामा समाबेश गर्नको लागि गाउँपालिका स्तरमा २ दिने जलउपयोग गुरुयोजना लगानी नीति तथा योजना तर्जुमा गोष्ठी आयोजना गरी सहभागितात्मक ढंगबाट सबै योजनाहरुको प्रस्तुतिकरण, आवश्यक छलफल एवं समायोजन तथा प्राथमिकिकरण गरी गाउँपालिका तथा अन्य सरोकारवाला सहयोगी संघ/संस्थाहरुबाट योजनाहरुको कार्यान्वयन, परिचालन एवं प्राथमिकता क्रमको अनुसरण गर्न प्रतिवद्धता सहित अनुमोदन गर्ने कार्य गरिएको थियो ।

गेरुवा गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माणको क्रममा मिति २०८० जेष्ठ ४ गते देखि शुरुवात गरि २०८० जेष्ठ १९ सम्म वडास्तरिय तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी (२/२ दिन प्रत्येक वडामा) सम्पन्न गरिएको थियो भने गाउँपालिका स्तरिय योजना तर्जुमा गोष्ठी मिति २०८० जेष्ठ ३२ र असार १ गते संचालन गरिएको थियो ।

वडा स्तरीय योजना तर्जुमा गोष्ठीमा वडा प्रतिनिधिहरु, स्थानीयस्तरमा कार्यरत संघ/संस्थाहरु, बडघर/बुद्धिजिबी, समाजसेवीहरुको उपस्थिति रहेको थियो भने गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठीमा गाउँ प्रमुख, उप-प्रमुख, गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्यहरु, महिला बालबालिका शाखा, योजना शाखा लगायत सबै सरोकारवालाहरुको उपस्थिति रहेको थियो । वडा स्तरीय योजना तर्जुमा गोष्ठी र गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठीका सहभागीहरुको लैङ्गिक र जातीगत आधारमा विवरण निम्न तालिका-४ अनुसार रहेको छ ।

**तालिका- ४: योजना तर्जुमा गोष्ठीका सभागीहरुको विवरण**

| मिति | सम्पन क्रियाकलापहरु | पुरुष | महिला | ब्राह्मण/क्षेत्री / ठकुरी/ सन्यासी | दलित | जनजाति | नेवार | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १४-१६ जेष्ठ २०८० | वडा स्तरीय योजना तर्जुमा गोष्ठी | १४४ | १२० | ७२ | २७ | १६४ | ० | ० | १ |
| ३२ जेष्ठ -१ असार २०८० | गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठी | २० | १३ | १४ | ३ | १५ | ० | ० | १ |
| जम्मा: | | **१६४** | **१३३** | **८६** | **३०** | **१७९** | **०** | **०** | **२** |

*स्रोत: जलउपयोग गुरुयोजना, वडा तथा नगपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*

**कार्यान्वयन चरण**

यो जलउपयोग गुरुयोजनाको अन्तिम चरण हो । गुरुयोजनाको यो चरणमा सम्पुर्ण योजनाहरुको कार्यान्वयन, उपलब्धिहरुको मापन एवं समिक्षा जस्ता कार्यहरु सम्पादन गरिन्छन्। यस चरणमा जलउपयोग गुरुयोजनाको प्राथमिकता क्रममा रहेका योजनाहरुको अनुसरण, कार्यान्वयन, स्रोत परिचालन, अनुगमन मुल्यांकन एवं सम्पर्क समन्वय का गतिविधिहरु सञ्चालन गरी जलउपयोग गरुयोजनाको उपलब्धि हासिल गरिनुको साथै समय सापेक्ष गाउँपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयन स्थितिको समिक्षा गरी आवश्यकता अनुसार गुरुयोजना अद्यावधिक गरिन्छ।

गेरुवा गाउँपालिकाको हाल निर्माणको क्रममा रहेको जलउपयोग गुरुयोजनामा योजना तर्जुमा गोष्ठीमा व्यापक छलफल गरि तोकिएका प्राथमिकताक्रम अनुसार क्षेत्रगत योजनाहरुको कार्यान्वयन गर्ने र योजनाहरु कार्यान्वयनका लागि विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गर्ने समेत छलफल गरिएको थियो। गेरुवा गाउँपालिकाले खानेपानी तथा अन्य योजनाहरुको प्राथमिकरणका लागि योजना छनौटका लागि प्राथमिकीकरणका औजारहरु (CBRT) को आधारमा गर्दा साच्चिकै सेवाबाट बन्चित रहेका वर्ग समुदायहरु समेटिएको धारणा सहभागीहरुको रहेको थियो।

# अध्याय-२: गाउँपालिकाको पाश्र्वचित्र

## २.१. गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्ने गेरुवा गाउँपालिका नेपाल सरकार मन्त्रिपरिषदको मिती २०७३ साल फाल्गुन २७ गतेको निर्णयानुसार गठन भएको स्थानीय तहहरू मध्येको एक हो। यो गाउँपालिका साविकका पाताभार, गोला, पशुपतिनगर र मनाउ गरी चारवटा गाउँ विकास समिति समाबेश गरी पुनसंरचना गरिएको हो। गेरुवा गाउँपालिकालाई ६ वटा वडामा विभाजन गरिएको छ। गाउँपालिकाको वडा नं १ साविकको पाताभार गाउँ विकास समितिका १, ६ देखि ८ वडाहरुलाई समावेश गरिएको छ, यस वडामा पर्ने मुख्य बस्तीहरुमा थापापुर, बगहीपुर, जनकनगर रहेका छन। गाउँपालिकाको वडा नं २ साविकको पाताभार गाउँ विकास समितिका ३ देखि ५ वडाहरुलाई समावेश गरिएको छ, यस वडामा पर्ने मुख्य बस्तीहरुमा उल्टनपुर, पाताभार, सोनाहापुर रहेका छन। गाउँपालिकाको वडा नं ३ साविकको पाताभार गाउँ विकास समितिका २ र ९ वडाहरुलाई समावेश गरिएको छ, यस वडामा पर्ने मुख्य बस्तीहरुमा शान्तिबजार, भगतपुर, सन्कटी रहेका छन। गाउँपालिकाको वडा नं ४ साविकको गोला गाउँ विकास समितिलाई समावेश गरिएको छ, यस वडामा पर्ने मुख्य बस्तीहरुमा गिदरपुर, गोला, तिनघरुवा रहेका छन। गाउँपालिकाको वडा नं ५ साविकको पशुपतिनगर गाउँ विकास समितिलाई समावेश गरिएको छ, यस वडामा पर्ने मुख्य बस्तीहरुमा पथरैया, झबही, पशुपतिनगर रहेका छन। गाउँपालिकाको वडा नं ६ साविकको मनाउ गाउँ विकास समितिलाई समावेश गरिएको छ यस वडामा पर्ने मुख्य बस्तीहरुमा प्रसेनी, बेला, मनाउ रहेका छन।


यो गाउँपालिका बर्दिया जिल्लाको सदरमुकाम गुलरियाबाट ३६ कि.मि. दुरीमा दक्षिण पश्चिम अवस्थित छ। भौगोलिक अवस्थितिका हिसाबले गाउँपालिका क्षेत्र २८ डिग्री २४ मिनेट १८ सेकेण्ड देखि २८ डिग्री ३५ मिनेट ३६ सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री ८ मिनेट ५१ सेकेण्ड पूर्व देखि ८१ डिग्री १५ मिनेट १२ सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको छ। गाउँपालिकाको पूर्वमा बर्दिया राष्ट्रिय निकुञ्ज र गेरुवा नदी, दक्षिणमा राजुपर नगरपालिका, पश्चिममा राजापुर गाउँपालिका, कैलालि जिल्ला र कर्णाली नदी र उत्तरमा कैलाली जिल्ला र बर्दिया राष्ट्रिय निकुञ्ज रहेको छ[6]।

गेरुवा गाउँपालिकाको कूल घरधुरी संख्या ८,१६८ र जनसंख्या ३५,९३९ रहेको छ। यस गाउँपालिकामा मूख्य गरि थारु, क्षेत्री, ब्राह्मण, दलित लगायत लोपोन्मुख सोनाहा समुदायको बसोबास रहेको छ । धार्मिक

[6]स्रोत:गेरुवा गाउँपालिकाको प्रोफाइल,२०७८ तथा जलउपयोग गुरुयोजना निर्माणको क्रममा गरिएको सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०

दृस्टीकोणले यस गाउँपालिकाका अधिकांश मानिसहरु हिन्दुधर्म ९८.७ % छन भने इस्लाम ०.१%, इसाई १.१ %, र अन्य ०.१ % रहेको देखिन्छ।

गेरुवा गाउँपालिकामा विभिन्न खालका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन्। यस गाउँपालिकाको पूर्व सीमामा गेरुवा नदी तथा कर्णाली नदी बगेको छन्। यहाँ बसोबास गर्ने थारु, ब्राह्मण , क्षेत्री, दलित, सोनाहा जातिहरुले मुख्यगरि शिवरात्री, दशैं, माघे संक्रान्ति, चैते दशैं, होलि जस्ता चाडपर्वमा मनाउने गरेका छन् र उक्त समयमा समुदायका मानिसहरुको विशेष जमघट हुने गर्दछ। गाउँपालिकामा अधिकांश मानिसहरुले नेपाली र थारु भाषा बोल्ने गर्दछन। यस गाउँपालिकाका मुख्य बजार क्षेत्रहरुमा शान्तिबजार, जनकनगर, मनाउ, पशुपतिनगर आदि रहेका छन्।



प्रशासनिक सिमाना नक्सा
गेरुवा गाउँपालिका,बर्दिया
लुम्बिनी प्रदेश
बर्दिया जिल्ला
बर्दिया जिल्लामा गेरुवा गाउँपालिका
संकेतहरु
पालिका सिमाना
वडा सिमाना
२.५
०
२.५ कि.मि.
लम्किचुहा
जानकी
टिकापुर
बर्दिया राष्ट्रिय निकुञ्ज
ठाकुरबाबा
राजापुर
मधुवन
गेरुवा
१
२
३
४
५
६

## २.२. भौगोलिक अवस्थिति र पहुँच

यस गेरुवा गाउँपालिका भौगोलिक क्षेत्रको हिसाबले तराई क्षेत्रमा पर्दछ। गर्मीयाममा धेरै गर्मि हुन्छ र जाडोयाममा हुस्सु लाग्ने हुँदा निकै चिसो हुन्छ। यस गाउँपालिकाको भू–उपयोगको अवस्थालाई हेर्दा धेरै समथर भूमि रहेको पाइन्छ । यस गाउँपालिकाको गेरुवा शिक्षा पार्श्वचित्र, २०७८ अनुसार, गाउँपालिका भित्र सडक संजालको अवस्था राम्रो रहेको देखिन्छ । हालसम्मको कूल लम्बाई करीब १०५ कि.मि. रहेको छ, जसमध्ये १५ कि.मि. कालोपत्रे, ७० कि.मि. ग्राभेल सडक छ भने २० कि.मि. सडक कच्ची रहेको छ ।

यस गाउँपालिकाबाट देशका सबै मुख्य शहरी क्षेत्रहरूसम्म जोड्ने सडक सञ्जाल राम्रो रहेको छ । गाउँपालिकाका सबै वडाहरूमा सडकको विस्तार भएकोले आन्तरिक यातायातको सुविधा बढ्नाले गाउँपालिकाबासीहरूलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुर्याउन सकिएको छ । गाउँपालिकामा उपभोग गरिएका यातायातका विभिन्न साधनहरूमा रिक्सा, टेक्टर, गाडा, साइकल, जीप र मोटरसाइकलहरु रहेका छन्। गाउँपालिकाका सडकमार्ग राम्रो भएका केहि रुटहरूमा बस सेवा संचालनमा रहेको छ ।

गेरुवा गाउँपालिकाको केन्द्र पशुपतिनगरबाट दुरीको हिसाबले सबैभन्दा टाढा वडा न. १ का बस्तीहरु रहेका छन् जुन गाउँपालिका केन्द्रबाट १५ कि.मि. टाढा छन् ।

## २.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति


लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लाको गेरुवा गाउँपालिका तराईको समथल भौगोलिक क्षेत्रमा पर्दछ । यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले अधिकांश भूभाग खेतीयोग्य जमिन र जंगल क्षेत्रले ओगटेको छ । गाउँपालिका भित्र साविकका गोला, मनाउ र पाताभार क्षेत्रमा समथर जमिन रहेको छ भने पशुपतीनगर क्षेत्रमा केही कम खेतीयोग्य जमिन भएका क्षेत्र रहेका छन् ।

गाउँपालिकाको भू-उपयोगको अवस्था विश्लेषण तलको तालिका र GIS नक्सामा प्रस्तुत गरिएको छ ।

**तालिका- ५:गाउँपालिकाको भू-उपयोग विवरण**

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | खेतीगरिएको जमिन | ४३.३ | ५५.३० |
| २ | वनजंगल | ५.०१ | ६.४९ |
| ३ | घाँसेमैदान/चरण क्षेत्र | २.४१ | ३.०८ |
| ४ | झाडी | ०.९९ | १.२७ |
| ५ | ताल, पोखरी, खोला र अन्य जलक्षेत्र | ३.१९ | ४.०७ |
| ६ | बस्ती/आवश क्षेत्र | २३.५१ | २९.९ |
| | जम्मा | ७८.४१ | १०० |

स्रोत : गेरुवा गाउँपालिका प्रोफाईल २०७८




| भू-उपयोग क्षेत्र | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|
| खेतीयोग्य जमिन | ६०.९१ |
| वनजंगल | ६.७५ |
| आवास | ३.७२ |
| व्यापारिक क्षेत्र | ०.०१ |
| सरकारी जग्गा | ०.९३ |
| अन्य | ०.७४ |
| जल क्षेत्र | ५.६० |
| जम्मा | ७८.६५ |


## २.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरुको विवरण

यस गाउँपालिकाको मुख्य जलाधार क्षेत्र भनेको कर्णाली र गेरुवा नदी रहेको छ । त्यसैगरी गाउँपालिकामा विद्यमान रहेका स-साना खोला तथा तालतलैयाहरुमा गेरौल, मिलन ताल आदि रहेका छन्। यस क्षेत्रमा जलस्रोतहरुको मूख्य गरि खानेपानी र सिंचाईको लागि उपयोग गरेको देखिन्छ। पालिका भित्र रहेका ताल तलैयाहरुको हालसम राम्रोसँग प्रयोग भएको देखिँदैन भने आगामी दिनमा ती ताल तलैयाहरुको उचित संरक्षण गर्न सकेको खण्डमा आन्तरिक तथा बाह्य पर्यटनको माध्यमबाट पनि स्थानीय समुदायको आयआर्जनमा टेवा पुर्याउन सकिन्छ। ताल तलैयाहरुमा माछापालन गर्न सकेको खण्डमा गाउँपालिकाको आन्तरिक आयस्रोत वृद्धिहुनका साथै स्थानीय स्तरमा केहि हदसम्म रोजगारीका अवसर समेत सिर्जना हुने सम्भावना रहेको वडा तथा गाउँपालिका स्तरमा भएको छलफलबाट देखिएको छ। यसका साथै गाउँपालिकामा विद्यमान रहेको कर्णाली र गेरुवा नदीबाट भइ रहेको सिंचाइ प्रणालीलाई थप व्यवस्थापन गरी केही क्षेत्रहरुमा जलस्रोतको थप परिपुर्ति गर्न सकिने सम्भावना रहेको छ। यस गाउँपालिकाको उत्तर-पुर्वी क्षेत्र बर्दिया राष्ट्रिय निकुन्ज सँग जोडिएको हुँदा जलस्रोत सँग सम्बन्धित योजनाहरु कार्यान्वयन गर्दा गाउँपालिका र निकुन्ज कार्यालय विच द्विपक्षीय छलफल तथा समन्वय गरी कार्यान्वयन हुने गरेको पाइन्छ ।

**तालिका- ६: गाउँपालिकामा उप-जलाधार क्षेत्रहरु**

| क्र.सं. | उप-जलाधार क्षेत्र | उप-जलाधारमा पर्ने वडा नं. हरु |
|---|---|---|
| १ | बुढी कुलो | १, २, ३ र ४ |
| २ | मनाउ कुलो | ५ र ६ |

*स्रोत : जलउपयोग गुरुयोजना सर्वेक्षण २०८०*


लम्किचुहा
जानकी
टिकापुर
बर्दिया राष्ट्रिय निकुञ्ज
गेरुवा
कर्णाली जलाधार
ठाकुरबाबा
राजापुर
मधुवन
जलाधार नक्सा
गेरुवा गाउँपालिका, बर्दिया
लुम्बिनी प्रदेश
संकेतहरु
पालिका सिमाना
वडा सिमाना
नदी/खोला/खोल्सी
जलाधार क्षेत्र
० २.५ ५ कि.मि.

## २.५. गाउँपालिकाको सामाजिक तथा आर्थिक विवरण

### २.५.१. गाउँपालिकाको घरधुरी तथा जनसंख्या विवरण

यस गाउँपालिकामा जलउपयोग गुरुयोजना निर्माण अवधिमा संकलन गरिएका तथ्याङ्कहरुको विश्लेषण गर्दा यस गाउँपालिकामा जम्मा ६३ वटा मुख्य बस्तीहरु रहेका छन्। सामाजिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाको कूल घरधुरी संख्या ८,१६८ रहेको छ भने कुल जनसंख्या ३५,९३९ रहेको छ। जसमध्ये कुल जनसंख्यामा महिला जनसंख्या ५३% र पुरुष जनसंख्या ४७% रहेको छ। वडागत रुपमा जनसंख्या र घरधुरीको विवरण निम्न तालिका-७ मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण अनुसूची-३ मा दिइएको छ।

**तालिका- ७: वडागत रुपमा बस्ती, घरधुरी र जनसंख्याको विवरण**

| वडान | बस्ति संख्या | संकलित तथ्याङ्क अनुसार जम्मा घरधुरी | जनसंख्या |
|---|---|---|---|
| १ | ६ | ११५५ | ५०८२ |
| २ | ९ | १०८५ | ४७७४ |
| ३ | ८ | १२०६ | ५३०६ |
| ४ | १४ | १५९८ | ७०३१ |
| ५ | १२ | १६२२ | ७१३७ |
| ६ | १४ | १५०२ | ६६०९ |
| **जम्मा :** | ६३ | ८१६८ | ३५९३९ |

*स्रोत: सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

### २.५.२. जातियता

यस गाउँपालिकामा सामाजिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्क अनुसार जनसंख्या जनजाती सबैभन्दा बढी अर्थात् ६४.५%, दलित जनसंख्या ६.५%, ब्राह्मण/क्षेत्री/ठकुरी/सन्यासीहरुको जनसंख्या २७.४३%, नेवार जनसंख्या ०.३९% र अन्य जातिको जनसंख्या १.०९% रहेको छ।

वडा अनुसार जातिगत घरधुरी विवरण तलको तालिका-८ मा दिइएको छ भने विस्तृत विवरण अनुसूची-३, SA-६ मा उल्लेख गरिएको छ।

**तालिका- ८: वडा अनुसार जातिगत घरधुरीको विवरण**

| वडान. | | घरधुरी संख्या |
|---|---|---|

| | जम्मा बस्ती संख्या | ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी | जनजाती | नेवार | दलित | मुस्लिम | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | २५४ | ७९७ | ९ | ९५ | ० | ० | ११५५ |
| २ | ९ | १७७ | ८३७ | ० | ३२ | ० | ३९ | १०८५ |
| ३ | ८ | ३२५ | ८२८ | ० | ३८ | २ | १३ | १२०६ |
| ४ | १४ | ५३१ | ९४३ | ० | १२२ | २ | ० | १५९८ |
| ५ | १२ | ६१५ | ८८७ | ७ | ११३ | ० | ० | १६२२ |
| ६ | १४ | ३३९ | ९७६ | १६ | १३३ | १ | ३७ | १५०२ |
| जम्मा | ६३ | २२४१ | ५२६८ | ३२ | ५३३ | ५ | ८९ | ८१६८ |
| प्रतिशत : | | २७ | ६४ | ०.३९ | ६.५ | ०.०६ | १.०९ | १०० |

*स्रोत: जलउपयोग गुरुयोजना सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

### २.५.३. साक्षरता विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कूल साक्षारता दर ७९.५% रहेको छ, जसमध्ये पुरुष साक्षरता दर ८५.३% रहेको छ भने महिला साक्षरता दर ७४.८% रहेको छ। वडागत रुपमा साक्षरता दर हेर्दा तालिका-९ अनुसार रहेको देखिन्छ।

**तालिका- ९: वडागत रुपमा साक्षरता विवरण**

| वडा नं. | साक्षर जनसंख्या सम्बन्धी विवरण | | कैफियत |
|---|---|---|---|
| | पुरुष | महिला | |

| | संख्या | प्रतिशत (%) | संख्या | प्रतिशत (%) | |
|---|---|---|---|---|---|
| १ | २४६० | ९०.२ | २६४९ | ७६.६ | |
| २ | १७५५ | ८३.६ | २३१२ | ७०.९ | |
| ३ | २१२१ | ८०.१ | २४५३ | ६८.२ | |
| ४ | २६२८ | ८७.१ | ३२२६ | ७८.३ | |
| ५ | २५८५ | ८४.७ | ३२९० | ७६.४ | |
| ६ | २४६३ | ८४.६ | २९७९ | ७६.२ | |
| **जम्मा :** | **१४०१२** | **८५.३** | **१६९०९** | **७४.८** | **७९.५** |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

### २.५.४. व्यवसाय

यस गाउँपालिकाका बासिन्दाहरुले जीविकोपार्जनका लागि विभिन्न पेशा व्यवसायहरुमा संलग्न हुँदै आईरहेका छन् । तर पनि यहाँका बासिन्दाहरुको मूख्य पेशा कृषि रहेको छ। जसमा कुल जनसंख्याको करिव २०.४ % संलग्न रहेको देखिन्छ भने साना तथा मझौला खालका व्यापार व्यवसायहरुमा ९.४%, सरकारी वा गैर सरकारी सेवामा ६.४%, बैदेशिक रोजगारीमा ४.४% र अन्य पेशा व्यवसायमा ०.१% जनसंख्या संलग्न रहेको देखिन्छ। वडागत रुपमा विभिन्न पेशा व्यवसायमा संलग्न मानिसहरुको विवरण निम्न तालिका-१० मा उल्लेख गरिएको छ।

**तालिका- १०: वडा अनुसार विभिन्न पेशा/व्यवसायमा संलग्न जनसंख्याको विवरण**

| वडानं. | व्यवसाय सम्बन्धी विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | कृषी | लघुउद्यम | सरकारी/गैरसरकारी क्षेत्र नौकरी | वैदेशिक रोजगार | प्राविधिक रोजगार | |
| १ | २५६ | ३५ | १०५ | ५५ | २ | |
| २ | २६७ | ५६ | ३८ | ४० | २ | |
| ३ | २७९ | १३६ | ५५ | ६० | ३ | |
| ४ | २२४ | २८ | ९९ | ५० | ५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ५३४ | ४९४ | ७९ | ४५ | २ | |
| ६ | १०७ | २० | ८६ | ५० | २ | |
| **जम्मा** | **१६६७** | **७६९** | **४६२** | **३००** | **१६** | |

*स्रोत: गा. पा. प्रोफाइल २०७८ र जलउपयोग गुरुयोजना सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

## २.५.५. कृषि र जीविकोपार्जन

गेरुवा गाउँपालिकाका मुख्य कृषि खाद्यबालीहरुमा धान, गहुँ, मकै र तेलहन बालीका रुपमा तोरी, दलहन बालीमा मास, मसुरो, चना आदि तथा नगदे बालीमा उखु, सनपाट मुख्य रुपमा रहेका छन्। कृषि उत्पादनका लागि उपयुक्त हावापानी र उर्बर माटोका साथै प्रयास खेती योग्य कृषि जमिन रहेकोले कृषि पेशामा निर्भर धेरै घरपरिवारलाई आफ्नै उत्पादनबाट बर्षभरिका लागि खाद्यान्न पुग्ने गरेको देखिएको छ। संकलित तथ्याङ्कहरुको विश्लेषण गर्दा आफ्नै कृषि उत्पादनबाट ९-१२ महिना खान पुग्ने घरधुरी ६७.२% रहेका छन् भने ६-९ महिनासम्म खान पुग्ने घरधुरीहरु ३.४% र ६ महिना भन्दा कम खान पुग्ने घरधुरीहरु २९.४% रहेको देखिन्छ। वडागत अनुसार खाद्यान्न पहुँचको अवस्था निम्न तालिका न. ११ मा प्रस्तुत गरिएको छ।

**तालिका-११: वडागत रुपमा खाधान्न पहुँचको अवस्था विवरण**

| वडा न. | खाद्यान्न पहुँचको अवस्था (घरधुरी आफ्नै उत्पादनबाट) | | |
|---|---|---|---|
| | ६ महिना भन्दा कम पुग्ने | ६-९ महिना सम्म पुग्ने | ९-१२ महिना सम्म पुग्ने |
| १ | २७७ | ३७ | ७६१ |
| २ | २५४ | ३८ | ६५५ |
| ३ | २४० | ३५ | ६२८ |
| ४ | ३९५ | ६० | ८५४ |
| ५ | ३३५ | ३९ | १०६० |
| ६ | ४३० | २९ | ७७० |
| जम्मा : | २०३१ | २३८ | ४६२८ |

| | | | |
|---|---|---|---|
| प्रतिशत: | २९.४ | ३.४ | ६७.२ |


*स्रोत: गा.पा. प्रोफाइल २०७८*

यस बाहेक गाउँपालिकाको अवस्था हेर्दा र बस्तीस्तरमा गरिएको छलफल अनुसार कृषि उत्पादन बाहेक जीविकोपार्जनका अन्य स्रोतहरु जस्तै; खुद्रा व्यापार, साना व्यवसाय, काठ व्यवसाय आदि रहेका छन् ।

### २.५.६. मौसमी पात्रो तथा कार्यबोझ

भविष्यमा निर्माण गरिने योजना तथा कार्यक्रमहरु संचालन गर्दा समुदायको नियमित पेशा व्यवसाय लगायतका नियमित कार्यहरुमा असर नहोस् भन्ने उद्देश्यले समुदायको मौसमी पात्रो पत्ता लगाउनु आवश्यक हुन्छ। यस गाउँपालिकामा भविष्यमा निर्माण गरिने योजना तथा कार्यक्रमहरु आगामी दिनहरुमा समुदायमा आधारित विकासका क्रियाकलापहरु सञ्चालन गर्न समुदायका मानिसहरुको कार्य ब्यस्तताको समय जान्न जलउपयोग गुरुयोजना तयारीका क्रममा मौसमी पात्रो तयार गरिएको हो। यस गाउँपालिकामा समेत समुदायका बहुसंख्यक मानिसहरु स्थानीय कृषि तथा मजदुरी जस्ता क्रियाकलापहरु सञ्चालन गरी जीविकोपार्जन गर्ने भएकाले समुदायको फुर्सदलाई मध्यनजर गरी विकासका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हुन्छ।

यस गाउँपालिकाको तयार पारिएका वडागत तथ्याङ्कहरुलाई विश्लेषण गर्दा गाउँपालिकाका मानिसहरु चैत्र, बैसाख र जेठ महिनामा गहुँवाली तथा दलहन बाली भित्र्याउने कार्यमा व्यस्त हुने गरेको देखिन्छ भने आषाढ, श्रावण महिनामा धान रोपाइँ र असोज तथा कार्तिक महिनामा धान काट्ने कार्यमा व्यस्त हुन्छन् भने मंसिर देखि फाल्गुण महिनामा मात्रै अलि फुर्सदिलो हुने तथ्याङ्कले देखाएको छ। तथापी यस अवधिमा पनि पुरुष मानिसहरु दैनिक ज्याला मजदुरीका लागि जिल्ला भित्रै, जिल्ला बाहिर वा छिमेकी मुलुक भारतमा समेत जाने गरेको जलउपयोग गुरुयोजनाको सर्वेक्षणका क्रममा गरिएका समुदाय भेटघाटको छलफलबाट जानकारी प्राप्त भएको





ग्राफ नं.-१: मौसमी पात्रो

छ। समुदायका महिला र पुरुषको प्रत्येक महिना ब्यस्त हुने समयको विश्लेषण ग्राफ-१ मा गरिएको छ।

### २.५.७. गाउँपालिकामा उपलब्ध मानव संशाधनको विश्लेषण

कुनै पनि विकास निर्माणका क्रियाकलापहरुलाई गुणस्तरीय र दिगो रुपमा सञ्चालन गर्न स्थानीय स्तरमा सिप भएका दक्ष मानव संसाधन हुन अति आवश्यक छ। योजना तर्जुमा र कार्यान्वयनको खाका तयार गर्दा कुनै पनि भूगोलमा दक्ष मानव संसाधन के कति छ, कुन कुन दक्षता र सिपहरु छ भनि पत्ता लगाउनु जरुरी हुने गर्दछ। यस गाउँपालिकामा जलउपयोग गुरुयोजना निर्माणका क्रममा गरिएको छलफल र लिईएको तथ्याङ्कका आधारमा, गाउँपालिकामा कुल ५७८ जना विभिन्न दक्षता र सीप भएका मानव संसाधन उपलब्ध छन्। जसमध्ये सबैभन्दा बढी- दक्ष मिस्त्री ३२० जना रहेका छन् । वडा अनुसार उपलब्ध मानव संसाधनको विवरण ग्राफ नं. २ मा प्रस्तुत गरिएको छ।




ग्राफ नं.-२: पालिकामा उपलब्ध मानव संसाधन

### २.५.८. स्थानीय निर्माण सामग्रीहरुको उपलब्धता

गाउँपालिकाक्षेत्र भित्रै स्थानीय स्रोत तथा निर्माण सामग्रीहरुको पर्याप्तता रहेको छ। ढुङ्गा, बालुवा, काठ, गिट्टी र बाँस जस्ता स्थानीय निर्माण सामाग्रीहरु हरेक वडाहरूको आफ्नो क्षेत्रभित्र नै उपलब्ध छन्। वडामा ढुंगाको स्रोतको लागि गाउँपालिकाका सबै वडाहरुमा रहेका विभिन्न नदी/खोला/खहरेहरु र गाउँपालिकाबाट बालुवा/ढुंगा उत्खननका लागि अनुमति प्राप्त कर्णाली र गेरुवा नदीबाट पर्याप्त मात्रामा उपलब्ध हुने सम्भावना छ। ढुंगा र गिट्टी गाउँपालिकाका सबै वडाहरुमा पर्याप्त मात्रामा उपलब्ध छ भने बालुवा र काठको लागि केही

वडाहरुलाई अरु वडाहरुमा जानुपर्ने बाध्यता रहेको छ। वडा अनुसार स्थानीय सामग्री उपलब्धता सम्बन्धी थप विस्तृत विवरण तलको तालिका-१२ मा उल्लेख गरिएको छ

**तालिका- १२: स्थानीय सामग्रीहरुको उपलब्धता**

| वडा न. | स्थान/दुरी | ढुंगा | गिट्टी | बालुवा | काठ/अन्य |
|---|---|---|---|---|---|
| १ | पाइने स्थान | कर्णाली नदी | स्थानीय स्तरमा | कर्णाली नदी | स्थानीय स्तरमा |
| | दुरी(कि.मि.) | २-३ | ०-१ | २-३ | १ |
| २ | पाइने स्थान | कर्णाली नदी | स्थानीय स्तरमा | कर्णाली नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | १२-१५ | ०-१ | १२-१५ | १ |
| ३ | पाइने स्थान | कर्णाली नदी | स्थानीय स्तरमा | कर्णाली नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | ८-१० | ०-१ | ८-१० | १ |
| ४ | पाइने स्थान | कर्णाली नदी | स्थानीय स्तरमा | कर्णाली नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | ०-५ | ०-१ | ०-५ | १ |
| ५ | पाइने स्थान | कर्णाली नदी | स्थानीय स्तरमा | कर्णाली नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | ८-१० | ०-१ | ६-८ | १ |
| ६ | पाइने स्थान | कर्णाली नदी | स्थानीय स्तरमा | कर्णाली नदी | स्थानीय स्तरमा |
| | दुरी (कि.मि.) | १०-१५ | ०-१ | १०-१५ | १ |

*स्रोत: जलउपयोग गुरुयोजना सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

## २.६. सेवा केन्द्रहरु सम्बन्धी विवरण

यस गाउँपालिकामा स्थानीय सेवा केन्द्रको रुपमा हरेक वडामा आधारभुत/तथा माध्यमिक विद्यालयहरु रहेका छन्। त्यसैगरी ६ वटा स्वास्थ्य संस्था/इकाई/चौकीहरु पनि रहेका छन। हाल स्थानीय तहको संरचना निर्माण

भएपछि हरेक वडामा वडाकार्यालयहरु स्थापित भएका छन। उक्त संघसंस्थाहरु सम्बन्धी विस्तृत विवरण तालिका-१३ र अनुसूची नं.१, SA-४ र ५ मा प्रस्तुत गरिएको छ।

**तालिका-१३: पालिकामा रहेका सेवा केन्द्रहरुको विवरण**

| क्र.स. | सेवा केन्द्रको नाम | कार्यालय स्थित वडा र स्थान | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरु | ६ वटै वडाहरुमा १/१ वटा | सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरु |
| २ | नगर शिक्षा इकाई | वडा न. ५, पशुपतिनगर | नगर शिक्षा इकाई |
| ३ | विधालय (आधारभूत/मा.बि. तह ) | सबै वडामा रहेका | २६ विधालय (आधारभूत/मा.बि. तह ) |
| ४ | कर्णाली नदी नियन्त्रण आयोजना | राजापुर-४ | गेरुवा र राजापुर कार्यक्षेत्र |
| ५ | सामुदायिक वन उपभोक्ता समूह | सबै वडामा | सामुदायिक वन उपभोक्ता समूह |

*स्रोतः जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

## २.७. विकास साझेदारहरु, गैह्र सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धी विवरण

यस गेरुवा गाउँपालिकामा सरकारी निकायहरु बाहेक अन्य दातृ निकाय/विकास साझेदारहरुले पनि विभिन्न क्षेत्रमा कार्यक्रम संचालन गर्दै आईरहेका छन्। विशेष गरि कृषि उत्पादन/बजारीकरण, स्वास्थ्य सरसफाइ, विपद जोखिम न्यूनीकरण लगायत सामाजिक/आर्थिक विकासका क्रियाकलापहरु आदिमा सघाउ पुर्याउदै आईरहेका छन्। पालिकामा कार्यरत मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरुको विवरण निम्न तालिका-१४ मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण अनुसूची-१ को SA-४ मा उल्लेख गरिएको छ।

**तालिका-१४: मुख्य विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरुको विवरण**

| क्र.स. | विकास साझेदार तथा गैह्र सरकारी संस्थाको नाम | कार्यक्रमको क्षेत्र |
|---|---|---|
| १ | कमैया महिला जागरण समाज | पैरवी, आय आर्जन |

| | | |
|---|---|---|
| २ | नेपाल रेडक्रस सोसाइटी | विपद व्यवस्थापन |
| ३ | भेरि वातावरणीय विशिष्टता समूह (बिग्रुप) | विपद व्यवस्थापन, स्कुल वास |
| ४ | विश्व खाद्य कार्यक्रम | विपद व्यवस्थापन |
| ५ | सामाजिक विकास तथा अनुसन्धान केन्द्र | विपद व्यवस्थापन |
| ६ | गेरुवा ग्रामीण जागरण संघ | स्कुल वास, किशोर किशोरी प्रजनन् स्वास्थ कार्यक्रम |
| ७ | थारु महिला उत्थान केन्द्र | पैरवी, आय आर्जन |
| ८ | स्याक बाँके | पैरवी, आय आर्जन |
| ९ | राधाकृष्ण थारु जन सेवा | पैरवी, आय आर्जन |
| १० | सोनाहा विकास समाज | शिक्षा, स्वास्थ |
| ११ | युएसएआइडी कर्णाली जल परियोजना | खानेपानी तथा सरसफाइ, जलाधार व्यवस्थापन, सुदृढ सुशासन |

*स्रोत: जलउपयोग गुरुयोजना सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

माथि तालिका-१४ मा उल्लेख गरिएका विकास साझेदारहरु तथा गैह्र सरकारी संस्थाहरु बाहेक गाउँपालिकास्तरमा विभिन्न सामुदायिक संस्थाहरु, सामुदायिक वन उपभोक्ता समूहहरु, कृषि समुहहरु/आमा समुहहरु पनि गठन भएका छन्। ती समुदायमा आधारित संस्थाहरुले कुनै न कुनै रुपमा समुदायको सामाजिक तथा आर्थिक क्रियाकलापहरुमा सहयोग पुर्याउदै आईरहेका छन्। यसका साथै समुदाय स्तरमा बित्तिय सेवा प्रदान गर्न २६ वटा सहकारी संस्था गठन भई समुदायस्तरमा बचत तथा ऋण लगायत लघु उद्दम प्रवर्धन मार्फत आर्थिक गतिविधिहरुलाई चलायमान बनाउन सहयोग पुर्याउदै आईरहेको छ। सहकारी संस्थाको विवरण तलको तालिका-१५ अनुसार रहेको छ भने विस्तृत विवरण अनुसूची-१ को SA-३ मा उल्लेख गरिएको छ।

**तालिका-१५: वडा अनुसार सहकारी संस्थाहरुको विवरण**

| वडा न. | जम्मा सहकारी संख्या | सहकारीको प्रकार अनुसार संख्या | | | शेयर सदस्य संख्या | | | | जम्मा शेयर पुँजी (०००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि/बचत ऋण | बहु-उद्धेश्य | पेशागत/ अन्य | महिला | पुरुष | अन्य | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | ७ | - | - | १३५१ | १२८७ | - | २६३८ | ४,९३१ |
| २ | २ | २ | - | - | २४० | ३१ | - | २७१ | १,५५९ |
| ३ | ४ | ४ | - | - | २०३४ | ५५२ | - | २५८६ | १५,०७२ |
| ४ | ४ | ४ | - | - | १३९८ | ४९२ | - | १८९० | २०,८२६ |
| ५ | २ | २ | - | - | १०४५ | १०६ | - | ११५१ | ९,०१० |
| ६ | ७ | ५ | २ | - | १५२५ | १६२ | - | १६८७ | १२,१८६ |
| **जम्मा** | २६ | २४ | २ | - | ७५९३ | २६३० | | १०२२३ | ६३,५८७ |

*स्रोत: जलउपयोग गुरुयोजना सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

# अध्याय-३: विद्यमान जलस्रोतहरुको अवस्था र प्रयोग

## ३.१. गाउँपालिकामा उपलब्ध जलस्रोतहरुको विवरण

यस गेरुवा गाउँपालिका क्षेत्रको पानीको मुख्य स्रोत भुमिगत जलस्रोत रहेको छ । गेरुवा गाउँपालिकामा रहेका मुख्य जलाधारहरुमा कर्णाली नदी, गेरुवा नदी लगायत ताल तलैयाहरु (गेरौला, मिलन) रहेका छन्। खानेपानीका लागि यस गाउँपालिकाका शत् प्रतिशत घरधुरीहरु भूमिगत जलस्रोत मै निर्भर रहेका छन् भने सिंचाइका लागि पालिका क्षेत्रको अधिकांश खेतियोग्य जमिन चारगाउँ सिंचाइ आयोजनाबाट सिंचित भैरहेको छ। केहि बस्तीहरुमा बोरिंगको माध्यमबाट पानी तानी सिंचाइ गर्दै आइरहेका छन्।

## ३.२. गाउँपालिकामा उपलब्ध जलस्रोतहरुको विश्लेषण

पानीको एकिकृत तथा समुचित व्यवस्थापनका लागी विद्यमान जलस्रोतहरुको विश्लेषण महत्वपुर्ण हुने गर्दछ। जलउपयोग गुरुयोजनाको अभिन्न अंगको रुपमा रहेको यस अध्यायमा गाउँपालिका भित्रका पानीका स्रोतहरुको अवस्था, गुणस्तर, वर्तमानमा र भविष्यमा हुन सक्ने प्रयोगको विश्लेषण गरिएको छ। समुदायका मानिसहरुले आफ्ना पानीजन्य आवश्यकताहरु जस्तै: पिउने पानी, खाना पकाउने लगायत अन्य घरायसी प्रयोजनका साथै उत्पादन मुलक पेशा व्यवसायका लागि स्रोतहरुमा पानी यथेष्ट परिमाणमा उपलब्ध छ वा छैन, उपलब्ध पानीको गुणस्तर के कस्तो रहेको छ, पानीका भूमिगत स्रोत के कस्तो अवस्थामा रहेका छन्, जलस्रोतहरुको विद्यमान प्रयोग स्थिति र भविष्यको उपयोगको संभावना के-कस्तो रहेको छ, पानी सम्बन्धी कुनै किसिमको विवाद छ/छैन भन्ने अवस्थाको विश्लेषण जलउपयोग गुरु योजनाको अध्ययन चरणमा सामाजिक तथा प्राविधिक अध्ययनका माध्यमबाट गरिएको छ। गेरुवा गाउँपालिकामा हाल प्रयोगमा रहेका तथा भविष्यमा प्रयोगको सम्भावना रहेका भूमिगत तथा सतहमा रहेका स्रोतहरुको प्राविधिक अध्ययन, जानिफकारहरुसंगको अन्तरक्रिया तथा स्थलगत अवलोकन गरी यस अध्यायमा पानीका स्रोतहरु सम्बन्धी तथ्याङ्कहरुको विवेचना गरिएको छ ।

### ३.२.१. स्रोतहरुको अवस्थितिको आधारमा जलस्रोतहरुको विश्लेषण

यस गाउँपालिका भित्र रहेका सबै पानीका स्रोतहरु मध्ये भूमिगत स्रोतहरु प्रमुख स्रोतका रुपमा रहेका छन्। यस क्षेत्रमा रहेको भूमिगत जलस्रोतहरु तराई क्षेत्रको उत्तरी भागहरु; चुरेभावर लगायतका पहाडी क्षेत्रहरुमा हुने वर्षाले गर्दा नदी तथा खोलाहरुको रुपमा तराईमा बग्ने र त्यसैबाट पानी जमिन भित्र छिरेर (रिचार्ज) भएर भूमिगत जलस्रोतको रुपमा देखिने स्रोतहरु हुन्। गाउँपालिकामा गरिएको एक अध्ययन अनुसार रिचार्ज हुने

पानीको मात्रालाई हाइड्रोलोजिकल मोडेल[7] अनुसार विश्लेषण गर्दा जमिन मुनि रहेको पानीको परिमाण पश्चिम तराइका जिल्लाहरुमा घट्दै गईरहेकोमा बर्दिया जिल्लाको ०.३८ मिलियन घन मिटर प्रति बर्ष मात्रै रहेको देखिन्छ, तथापी बर्दिया जिल्लामा गहिरो जलसतह भने अरु पश्चिमी तराईका जिल्लाहरुमा भन्दा राम्रो रहेको छ जुन ३२ लि.प्र.घन मिटर रहेको देखिन्छ।

### ३.२.२. स्रोतहरुको क्षमताको आधारमा जलस्रोतहरुको विश्लेषण

गेरुवा गाउँपालिका भित्र खानेपानीका लागि प्रयोग भएका विद्यमान स्रोतहरु सबै भूमिगत स्रोतहरु रहेका छन्। भूमिगत स्रोतहरुलाई व्यवस्थित योजनाका माध्यमबाट वडा न. ४ को एक बस्तीमामात्र खानेपानी वितरण गरिएको छ साथै सिंचाइ तथा अन्य प्रयोजनका लागि कर्णाली, गेरुवा नदीहरु र गाउँपालिका भएर बग्ने स-साना खोलाहरु जस्तै; बुढी कुलोको पानी प्रयोगमा ल्याएको सामाजिक तथा प्राविधिक सर्वेक्षणमा पाईएको छ। गाउँपालिका भित्र विभिन्न स्थानमा स-साना ताल तलैयाहरु समेत रहेका छन् । गाउँपालिकाको विभिन्न स्थानमा माछापालन व्यवसाय संचालनमा रहेका छन्। गाउँपालिका भित्रका नदीहरुमा कर्णाली, गेरुवा र ताल तलैयाहरुमा चटिया, गरौला, तिनकुने तालले आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गरिरहेको र भविष्यमा जलस्रोतहरुको संरक्षण तथा पर्यटन पूर्वाधार विकास मार्फत गाउँपालिकाको आन्तरिक आम्दानी बढ्न सक्ने प्रशस्त संभावना रहेको छ।

### ३.२.३. स्रोतहरुको गुणस्तरको आधारमा विश्लेषण

जलउपयोग गुरुयोजनाको सामाजिक तथा प्राविधिक सर्वेक्षण र गाउँपालिकाका ६ वटै वडाहरुमा सम्पन्न गरिएको वडा स्तरीय तथ्याङ्क प्रमाणीकरण तथा योजना तर्जुमा गोष्ठीहरुमा सहभागीहरुले गाउँपालिका क्षेत्र भित्र प्रयोगमा आएका भूमिगत स्रोतहरु गुणस्तरीय नरहेको जानकारी गराएका थिए। गाउँपालिकामा गुरुयोजना निर्माण पूर्व विभिन्न निकायहरुबाट गरिएका पानी परीक्षण र नतिजाहरु समेतले पानीको गुणस्तर सन्तोषजनक नरहेको औल्याएको गाउँकार्यपालिका कार्यालयले जानकारी दिएको छ। गेरुवा गाउँपालिकासँगको छलफल पश्चात युएसएआइडी कर्णाली जल परियोजनाद्वारा गेरुवा गाउँपालिकाका ६ वटै वडाबाट जम्मा ९९ वटा घरधुरीहरुको ट्युबवेलको पानी नमूना परीक्षण गरिएको थियो। पानीको गुणस्तर सम्बन्धमा विगतमा विभिन्न अनुसन्धानकर्ता व्यक्ति/संस्थाहरुबाट गरिएका अनुसन्धान/अध्ययन प्रतिवेदन अनुसार पनि नेपालका तराईका

7 स्रोत:-Water Access Challenges in the Western Plains of Nepal, https://csisa.org/wp-content/uploads/sites/2/2021/06/Water-Access-Report Nepal-June 2021-Web-rev.pdf)


जिल्लाहरुमा मानव स्वास्थ्यका लागि हानिकारक रासायनिक पदार्थहरु तथा जैविक किटाणुहरु पानीमा रहेको भन्ने देखिएको छ। विशेषगरि मानव स्वास्थ्यका लागि एकदमै हानिकारक रासायनिक पदार्थ जस्तै; आर्सेनिक, बर्दिया जिल्लामा पनि १०-५० भाग प्रति १०० करोड (10-50 parts per billion[8]) देखिएको छ जुन मात्रा खानेपानी प्रयोजनका लागि उपयुक्त नहुने भन्ने नेपाल सरकार को खानेपानी गुणस्तर मापदण्डले इंगित गरेको छ।

दिगो विकासका लक्ष्य, नेपाल सरकारको क्षेत्रगत योजना र गेरुवा गाउँपालिकाको प्रतिवद्धता अनुसार मानव स्वास्थ्यका लागि हानिकारक कुनै पनि पदार्थ पानीमा नमिसिएको सुरक्षित खानेपानी पुर्‍याउने लक्ष्य अनुरुप जलउपयोग गुरुयोजना निर्माणका क्रममा खानेपानीको गुणस्तर सम्बन्धी विभिन्न गोष्ठीहरुमा छलफल गरिएको छ। साथै खानेपानी योजनाहरुको तर्जुमा, सेवा बिस्तार गर्दा खानेपानी सुरक्षित भए नभएको यकिन गर्ने र सोका लागि पानी परीक्षणलाई अनिवार्य लागु गर्ने, खानेपानी योजना निर्माण चरणमा खानेपानी सुरक्षा योजना लागु गर्नुका साथै पानी सुद्धीकरणका विधिहरुलाई व्यापक प्रचारप्रसार र लागु गर्ने, पानी सुद्धीकरणका विधिहरु योजना निर्माण गर्दा उपयुक्त तवरले निर्माण गर्ने लगायतका पानीको गुणस्तरका विषयमा व्यापक छलफल गरिएको छ।

जलउपयोग गुरुयोजना तयारीका क्रममा गेरुवा गाउँपालिकाका सबै वडाबाट अधिकांश बस्तीहरु समेट्ने गरि ९९ वटा घरधुरीहरुको हाते ट्युबवेलहरुको रासायनिक प्यारामिटर (आर्सेनिक, आइरन, नाईट्रेट, मेन्गानीज), भौतिक प्यारामिटर (पानीमा ठोस घुलनशील पदार्थको मात्रा, पि.एच., विधुतीय संवाहकता र धमिलोपन) र जैविक प्यारामिटर (ई-कोली) नमूनाको रुपमा परीक्षण गरिएको छ। नमूना परीक्षणको रासायनिक र जैविक प्यारामिटरहरुको सारांश विवरण निम्न तालिका-९ मा र विस्तृत नतिजा अनुसूची- २ मा दिइएको छ।

[8] *स्रोतः ठाकुर, जे.के., आदि, २०११:Arsenic Contamination of Groundwater in Nepal-An Overview,Water 2011, https://doi.org/10.3390/w3010001)*

**धमिलोपन:** नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड २०७९ (NDWQS-2079[9]) अनुसार खानेपानीमा धमिलोपनको मात्रा ५ एनटियु (Nephelometric Turbidity Unit) सम्म सिफारिस गरिएको छ।




ग्राफ नं.-३: नमूना परीक्षण गरिएका ट्युबवेलहरुमा धमिलोपनाको अवस्था

जलउपयोग गुरुयोजना निर्माणको क्रममा गेरुवा गाउँपालिकाका ९९ घरधुरीहरुमा गरिएको नमूना परीक्षण अनुसार धमिलोपन ५ एनटियुभन्दा कम भएका घरधुरी संख्या ८२ (८३%) रहेका छन् भने ५ एनटियु वा सो भन्दा बढी भएका घरधुरी संख्या १७ (१७%) रहेका छन्। यसको सारांश नतिजा विवरण ग्राफ-३ मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण अनुसूची-१ (TA-१ WQ) मा दिइएको छ।

**पि.एच. (Potential of Hydrogen):**नेपाल सरकारको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार खानेपानीमा पि.एच. अर्थात् हाइड्रोजन विभवको मात्रा ६.५-८.५ सम्म हुनुपर्ने सिफारिस गरेको छ। गेरुवा गाउँपालिका भित्रका ९९ वटा घरधुरीका ट्युबवेलहरुको नमूना परीक्षणबाट प्राप्त नतिजा अनुसार ९६ (९७%) ट्युबवेलहरुको पानीमा पि.एच. को मात्रा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले तोकेको सीमा भित्रै रहेको देखिन्छ भने ३ घरधुरी (३%) को ट्युबेलको पानीमा पि.एच. को मात्रा ८.५ भन्दा बढी रहेको छ। विभिन्न अध्ययनहरुले पिउनका लागि प्रयोग हुने पानीमा pHको मात्रा ७ सिफारीस गरेको भएता पनि नेपालका लागि राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले ६.५-८.५ सिफारीस गरेको छ।


**कूल घुलित ठोस पदार्थ (Total Dissolved Solids**): नेपाल सरकारको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार खानेपानीमा कूल घुलित ठोस पदार्थको मात्र १००० मिलिग्राम/लिटर हुने पर्ने सिफारीस गरेको छ। गेरुवा गाउँपालिकाका ९९ वटा घरधुरीमा हाते ट्युबवेलको पानीको नमूना परीक्षण गर्दा सबै ९९ वटै नमूना परीक्षण गरिएका हाते ट्युबवेलको पानीमा कूल घुलित ठोस पदार्थको मात्रा १००० मिलिग्राम/लिटर भन्दा कम रहेको छ।

---

[9]नेपाल सरकार; राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ ( संशोधन २०७९)

**विधुतीय संवाहकता (Electric Conductivity):** नेपाल सरकारको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार खानेपानीमा विधुतीय संवाहकता १५०० माइक्रोसिमेन्स/से.मि. सिफारिस गरेको छ। यस गेरुवा गाउँपालिका भित्र नमूना परीक्षण गरिएका ९९ वटै ट्युबवेलहरुको पानीमा विधुतीय संवाहकता (Electrical Conductivity) १५०० माइक्रोसिमेन्स/से.मि. (μs/cm) भन्दा कम रहेको पाइएको छ।

**मेग्नीज (Manganese):** राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार खानेपानीमा मेन्गानीजको मात्रा ०.२० मिलिग्राम/लिटर सिफारिस गरेको छ। गेरुवा गाउँपालिकाका ९९ वटा घरधुरीमा रहेका हाते ट्युबवेलहरुको नमूना पानी परीक्षण गर्दा ९२% घरधुरीहरुमा ०.२० मिलिग्राम/लिटर भन्दा कम रहेको छ भने ८% मा मेन्गानीजको मात्रा ०.२० मिलिग्राम/लिटर भन्दा बढी देखिएको छ। यसको सारांश नतिजा विवरण ग्राफ-४ मा प्रस्तुत गरिएको छ।




ग्राफ नं.-४: नमूना परीक्षण गरिएका ट्युबवेलहरुमा मेन्गानीजको अवस्था

**आइरन (Iron) :**गेरुवा गाउँपालिकामा नमूना परीक्षण गरिएका ९९ वटा ट्युबवेलहरुमा आइरनको मात्रा परीक्षण गर्दा ९६% ट्युबवेलहरुमा नेपाल खानेपानी गुणस्तर मापदण्डले सिफारीस गरेको सीमा (३ मिलिग्राम/लिटर) भन्दा कम देखिएको छ भने ४% ट्युबवेलहरुमा ३ मिलिग्राम/लिटर भन्दा बढी रहेको देखिएको छ, जुन पिउने प्रयोजनका लागि प्रयोग हुने खानेपानीका लागि सिफारिस गरिएको मात्रा भन्दा बढी रहेको छ ।


**आर्सेनिक (Arsenic) :** भूमिगत खानेपानीका स्रोतहरुमा घुलनशील रुपमा रहने रासायनिक पदार्थ आर्सेनिक मानव स्वास्थ्यका लागि एकदमै हानिकारक रहेको छ। नेपालमा तराई क्षेत्रको भूमिगत खानेपानीका स्रोतहरुमा आर्सेनिक धेरै जसो ठाउँमा रहेको देखिन्छ। नेपाल सरकार लगायत विभिन्न निकायहरुले पनि खानेपानीको लागि भूमिगत जलस्रोतमा निर्भर हुनुपर्ने मुख्यगरि तराईका जिल्लाहरुमा र भित्रि मधेश तथा उपत्यकाहरुमा आर्सेनिक न्यूनीकरणका (Arsenic Mitigation) लागि विभिन्न प्रविधिहरु अपनाउदै आइरहेका

छन्। हाल जलउपयोग गुरुयोजना निर्माणको क्रममा पनि बर्दिया जिल्लाको गेरुवा गाउँपालिकामा ९९ वटा ट्युबवेलहरुमा आर्सेनिक परीक्षण गर्दा नेपाल खानेपानी गुणस्तर मापदण्डले खानेपानीको लागि सिफारिस गरेको ०.०५ मिलिग्राम/लिटरको सीमा भन्दा बढी आर्सेनिक कुनैपनि ट्युबवेलमा नरहेको पाइएको छ। ७५% ट्युबवेलहरुमा ०.०१ मि.ग्रा./लिटर वा सो भन्दा कम र २५% ट्युबवेलहरुमा ०.०२ मि.ग्रा./लिटर रहेको देखिएको छ तथापी खानेपानीमा रहेको आर्सेनिकको थोरै मात्रा पनि मानव स्वास्थ्यका लागि राम्रो नहुने हुँदा आर्सेनिक न्यूनीकरणका क्रियाकलापहरु भने संचालन गर्नुपर्ने देखिन्छ। यसको सारांश नतिजा विवरण ग्राफ-५ मा प्रस्तुत गरिएको छ।





ग्राफ-५: पानी परीक्षण गरिएका ट्यूबवेलहरुमा आर्सेनिकको अवस्था

**नाईट्रेट (Nitrate):** राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ अनुसार खानेपानीमा नाईट्रेटको अधिकतम् मात्रा ५० मिलिग्राम/लिटर हुनुपर्ने सिफारिस गरेको छ। यस गेरुवा गाउँपालिकामा नमूना परीक्षण गरिएका ९९ वटा ट्युबवेलहरुमा पानी परीक्षण गर्दा ८७% मा सिफारिस गरिएको मात्रा भन्दा कम रहेको र १४% मा सिफारिस गरिएको अधिक्तम मात्रा भन्दा बढी रहेको छ। यसको सारांश नतिजा विवरण ग्राफ-६ मा प्रस्तुत गरिएको छ।




ग्राफ-६: पानी परिक्षण गरिएका ट्युबवेलहरुमा नाइट्रेटको अवस्था

**ई-कोली (E-coli) :** राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले खानेपानीका लागि प्रयोग गरिने खानेपानी कुनै पनि सुक्ष्म जैविक पदार्थ/किटाणुहरु रहित हुनुपर्ने हुन्छ अर्थात् खानेपानीमा ई. कोली को मात्रा (सी.एफ.यु./१०० मि.लि.) शुन्य हुनुपर्ने सिफारिस गरेको छ। गेरुवा




ग्राफ-७: पानी परीक्षण गरिएका ट्युबवेलहरुमा ई-कोलीको अवस्था

गाउँपालिकामा जलउपयोग गुरुयोजना निर्माणका क्रममा नमूना परीक्षण को रुपमा ९९ वटा ट्युबवेलहरुको पानी परीक्षण गर्दा ८१% ट्युबवेलहरुमा ई-कोली शुन्य रहेको छ भने १९% ट्युबवेलहरुमा २-८ सम्म गणना गरिएको छ। यसको सारांश विवरण ग्राफ-७ मा प्रस्तुत गरिएको छ। भूमिगत खानेपानीका स्रोतहरुमा ई-कोली भेटिनुको कारणहरुमा शौचालयको खाडल र ट्युबवेलको दुरी नजिक हुनु, ट्युबेलको गहिराइ कम हुनु, शौचालय खाडलको उपयुक्त तवरले निर्माण नहुनु, फोहोर पानीको उपयुक्त निकासको व्यवस्थापन नहुनु र समुदायका अस्वस्थकर बानी व्यवहार हुनु जस्तै निश्चित स्थानमा भाडा धुने ठाउँको व्यबस्था नगर्नु, चर्पीको खाडल भरिए पश्चात दिसाको लेदोको सही बिसर्जन नहुनु आदि रहेका छन्।

माथिको परीक्षण नतिजा अनुसार भौतिक, रासायनिक र जैविक रुपले खानेपानी प्रयोजनका लागि घरधुरीस्तरमा प्रयोग भईरहेका ट्युबवेलहरुको पानी एकदमै प्रदुषित नरहेको पाइएता पनि दिगो विकास लक्ष्य (२०१६-२०३०), नेपाल सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रगत योजनाको लक्ष्य सुरक्षित खानेपानीको गुणस्तर निर्धारित मापदण्ड अनुसार हुनुपर्ने र ई-कोलीको मात्रा शुन्य हुनुपर्ने तर परीक्षण गरिएका ट्युबवेलहरुमा सिफारिस मात्रा भन्दा बढी देखिएको हुँदा त्यस्ता घरधुरीहरुमा व्यवस्थित खानेपानी योजनाबाट खानेपानी आपूर्तिको पहुँच सुनिश्चित गर्ने र पहुँच नपुगेका घरधुरीहरुमा पानी शुद्धीकरणका उपायहरु अपनाउन घरधुरीस्तरमा जनचेतना जगाउनु पर्ने देखिन्छ।

### ३.२.४. स्रोतहरुको विद्यमान परिप्रयोग र उप-जलाधार क्षेत्रहरुमा सम्भावित उपयोगको आधारमा विश्लेषण

खानेपानीका लागि यस गेरुवा गाउँपालिकामा भूमिगत जलस्रोतहरुको मात्रै प्रयोग भएको छ। भूमिगत स्रोतहरुलाई लिफ्ट प्रविधिबाट तानेर आकासे ट्यांकी निर्माण गरि १०२ घरधुरीमा मात्र खानेपानी वितरण गरेको छ भने ३,००५ घरधुरीहरु (हाल निर्माणाधीन खानेपानी योजनाबाट लाभान्वित हुने) र बाँकी ५,०६१ घरधुरीहरुको खानेपानीको प्रमुख स्रोत ट्युबवेल मात्र रहेको देखिन्छ। गाउँपालिका क्षेत्र भएर बग्ने ठूलो नदी कर्णाली र गेरुवा भने सिंचाइका लागि अत्यधिक प्रयोगमा रहेका देखिन्छन्।

गाउँपालिका क्षेत्रमा बुढी कुलो सिंचाइ आयोजनाले खेतीयोग्य भू-भागको करिब १,८५७ हेक्टर क्षेत्र सिंचित भइरहेको छ। बुढी कुलो योजनाको सेवा बिस्तार तथा निकासको लागि गाउँपालिका स्तरिय योजना तर्जुमा गोष्ठीमा छलफल भई योजनाहरु प्रस्तावित गरिएका छन् । गाउँपालिका क्षेत्रमा खानेपानीका लागि भूमिगत स्रोत मात्रै रहेको हुँदा हाल विद्यमान खानेपानी योजनाको सेवा क्षेत्र बिस्तार, पानीको गुणस्तर सुधारका लागि प्रशोधन प्लान्ट जडान, निर्माणधिन योजनाहरुमा पनि पानीको गुणस्तर सुरक्षाका प्रविधि जडानका साथसाथै नँया प्रस्तावित योजनाहरुबाट समेत धेरै भन्दा धेरै घरधुरीहरुलाई सेवा प्रवाह हुन सक्ने र गुणस्तर कायमका साथ योजना तर्जुमा गर्नु पर्ने देखिन्छ।

### ३.३. विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण

यस गेरुवा गाउँपालिकामा हालसम्म जम्मा १ वटा खानेपानी योजना संचालनमा रहेको छ । विद्यमान खानेपानी योजनाहरुबाट कुल १०२ (१.२%) घरधुरीहरू लाभान्वित भईरहेका छन् भने गाउँपालिकामा गुरुयोजनाको तथ्याङ्क संकलन गर्दा सम्म ८,०६६ (९८.७%) घरधुरीहरुले ट्युबवेलबाटै सिधै खानेपानी उपभोग गरेका छन्। गाउँपालिकाको विभिन्न वडाहरुमा २ वटा खानेपानी योजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन्, निर्माणाधीन योजनाहरुको सम्पन्नता पश्चात गाउँपालिका क्षेत्रका थप ३,००५ (३४.८%) घरधुरीहरुमा खानेपानी सुबिधा विस्तार हुने देखिन्छ।

विद्यमान खानेपानी योजनाहरुको संचालनको अवस्था विश्लेषण गर्दा १.२% घरधुरीहरु मात्रै व्यवस्थित योजनाबाट लाभान्वित भएका देखिन्छन् भने बाँकी घरधुरीहरुमा खानेपानी सेवा आपूर्तिको अवस्था अव्यवस्थित रहेको सर्वेक्षणका क्रममा भेट्टीएको छ। गेरुवा गाउँपालिकाको वडा र गाउँपालिका तहमा गरिएका योजना तर्जुमा कार्यशाला गोष्ठीहरुमा खानेपानी सुबिधाको विस्तार, ओभरहेड ट्यांकीहरु थप गर्न मागका साथै पानी प्रशोधन प्लान्ट हरुको बारेमा छलफल र तर्जुमा गरिएको छ।

विद्यमान  योजनाहरुको सारांश विवरण वडागत रुपमा तालिका-१६ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण अनुसूची-३ मा दिइएको छ ।


**तालिका-१६: विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण**

| वडा नं. | सेवा क्षेत्रका लाभान्वित घरधुरी | प्रयोग गरिएका स्रोत | | | संचालन अवस्था | | | निर्माणाधीन योजना | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यवस्थित योजना | अव्यवस्थित योजना | असुरक्षित स्रोत | व्यवस्थित | सन्तोषजनक | अव्यवस्थित | संख्या | सेवा क्षेत्रका घरधुरी संख्या | |
| १ | ११५५ | ० | ० | ११५५ | ० | ० | ११५५ | ० | ० | |
| २ | १०८५ | ० | ० | १०८५ | ० | ० | १०८५ | १ | ५०७ | |
| ३ | १२०६ | ० | ० | १२०६ | ० | ० | १२०६ | ० | ८६७ | वडा २ को योजना वाट लाभान्वित |
| ४ | १५९८ | १०२ | ० | १४९६ | ० | ० | १५९८ | ० | ० | |
| ५ | १६२२ | ० | ० | १६२२ | ० | ० | १६२२ | ० | १२९ | वडा ६ को योजना वाट लाभान्वित |
| ६ | १५०२ | ० | ० | १५०२ | ० | ० | १५०२ | १ | १५०२ | |
| जम्मा | **८१६८** | **१०२** | **०** | **८०६६** | **०** | **०** | **८१६८** | **२** | **३००५** | |

*स्रोत:  जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

### ३.३.१. विद्यमान  योजनाहरु र सेवाक्षेत्र

गेरुवा गाउँपालिकामा जम्मा १ वटा पाइप प्रणालीमा आधारित खानेपानी योजना निर्माण भई सञ्चालनमा रहेको देखिन्छ। हाल संचालित उक्त योजनाबाट गाउँपालिकाको वडा न. ४ का कूल घरधुरी मध्ये १०२ घरधुरीहरुले मात्र खानेपानी सेवाबाट सेवा उपभोग गरिरहेका छन् ।




ग्राफ-८: पालिकामा खानेपानीको बिद्यमान सुबिधास्तर

विद्यमान खानेपानी योजनाहरुबाट लाभान्वित घरधुरी तथा जनसंख्याको विस्तृत विवरण अनुसूची ४ SA-7 मा उल्लेख गरिएको छ।

### ३.३.२. विद्यमान योजनाहरुको संचालनको अवस्था

निर्माण सम्पन्न उक्त भंगवारी खानेपानी तथा सरसफाइ योजना निर्धारित प्राविधिक मापदण्ड अनुसार निर्माण गरिएको भएतापनी वडाका सरोकारवालाहरुले छलफलका क्रममा संचालित योजनाको पानीको गुणस्तर पूर्णरुपमा सुरक्षित नरहेको जानकारी दिएका छन् । सञ्चालनमा रहेका योजनाले पनि योजना क्षेत्रका सबै घरधुरीहरुलाई नियमित सेवा दिन नसकेको अवस्था विद्यमान छ भने पानी वितरण लगायतको समस्याका साथै बढ्दो जनसंख्याको चाप र शहरोन्मुख बसोबासले पानीको भण्डारण क्षमता बढाउनु पर्ने देखिन्छ। आगामी दिनहरुमा गाउँपालिकामा सेवा नपुगेको क्षेत्रमा नयाँ योजनाहरुको निर्माण र सेवा पुगेको क्षेत्रमा विद्यमान योजनाहरुको अवस्था विश्लेषणका आधारमा  मर्मत सम्भार तथा दिगोपना र पानी सुरक्षाका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।

विद्यमान खानेपानी योजनामा अन्य व्यवस्थापकीय पक्षहरु हेर्दा उपभोक्ता समितिको बैठक नियमित बस्ने नगरेको साथै नियमित पानीको महसुल संकलन गर्ने गरेको देखिन्छ । योजनाको नियमित सञ्चालन तथा व्यवस्थापनका लागि नियमित रुपमा पानी शुल्क सङ्कलन, उ.स. को वार्षिक साधारण सभा बैठक लगायत सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु हुने गरेका छन्।

गाउँपालिकाभित्र सेवा नपुगेको क्षेत्रमा नयाँ खानेपानी योजनाहरुको निर्माण र सेवा पुगेको क्षेत्रमा विद्यमान योजनाको अवस्था विश्लेषण गरी मर्मत सम्भार, पानी सुरक्षा/ शुद्धीकरण तथा दिगोपनाका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको सरोकारवालाहरुको बुझाई रहेको छ।

### ३.३.३. विद्यमान खानेपानी योजनाहरुको सुबिधास्तरको अवस्था विश्लेषण

गेरुवा गाउँपालिकाका कूल ८६१८ घरधुरीहरुको विद्यमान खानेपानी योजनाहरुको सुविधास्तरको विश्लेषण गर्दा करिब १.२% घरधुरीहरुमा मात्रै खानेपानी प्रणालीको सुबिधा पुगेको देखिन्छ भने बाँकी ९८.८% घरधुरीहरुमा खानेपानी प्रणालीबाट सुबिधा पुगेको छैन । खानेपानी सुबिधाको पहुँच पुगेका घरधुरीहरुमा पनि पानीको गुणस्तरको कारणले आधारभूत सुबिधामात्रै पुगेको देखिन्छ । वडागत सुबिधास्तर (घरधुरी) विवरण तालिका-१७ मा दिइएको छ ।

**तालिका-१७: वडागत रुपमा खानेपानीको सुबिधास्तर विवरण**

| वडा नं. | जम्मा घरधुरी संख्या | सुबिधा स्तर बर्गिकरण (घरधुरी संख्या ) | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सुबिधा नभएका | सिमित सुबिधा भएका | आधारभूत सुबिधा भएका | सुरक्षित व्यवस्थापन सुबिधा भएका | |
| १ | ११५५ | ११५५ | ० | ० | ० | |
| २ | १०८५ | १०८५ | ० | ० | ० | |
| ३ | १२०६ | १२०६ | ० | ० | ० | |
| ४ | १५९८ | १५९८ | १०२ | ० | ० | |
| ५ | १६२२ | १६२२ | ० | ० | ० | |
| ६ | १५०२ | १५०२ | ० | ० | ० | |
| जम्मा | ८१६८ | ८०६६ | १०२ | ० | ० | |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

### ३.३.४. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र विवरण


NWASH तथा जलउपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएका तथ्याङ्कहरु हेर्दा यस गेरुवा गाउँपालिकामा कुल २ वटा निर्माणाधीन खानेपानी योजनाहरु रहेका छन् । निर्माणाधीन योजनाबाट करिब

३००५ घरधुरीका १२,९०० जनसंख्यालाई खानेपानी सेवा पुर्‍याउने लक्ष्य लिईएको छ। निर्माणाधीन योजना मध्ये वडा न. २ र ६ मा १/१ वटा खानेपानीका योजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् । वडा न. १, ३ र ५ मा कुनै पनि निर्माणाधीन योजनाहरु रहेको छैनन्। निर्माणाधीन योजनाहरु, लाभान्वित टोलहरु र घरधुरी तथा जनसंख्या विवरण तलको तालिका नं.-१८ मा प्रस्तुत गरिएको छ।

**तालिका- १८: निर्माणाधीन योजनाहरुको विवरण**

| क्र.स. | योजनाको नाम | वडा नं. | मुख्य टोलहरु | सेवाक्षेत्र | |
|---|---|---|---|---|---|
| | | | | घरधुरी | जनसंख्या |
| १ | शान्तिबजार खानेपानी तथा सरसफाइ योजना | २ | वडा न २ को एक टोल र ३ वडाका सबै टोल (गणेशपुर-भगतपुर बाहेक) | १३७४ | ५९०० |
| २ | मनाउ खानेपानी तथा सरसफाइ योजना | ६ | वडा न ६ सबै र वडा न ५ को स्याउले बजार टोल | १६३१ | ७००० |

वडागत रुपमा निर्माणाधीन खानेपानी योजनाहरुको संख्या, लाभान्वित हुने घरधुरी र जनसंख्या विवरण अनुसूची-६ को OT-१ मा दिइएको छ।



विद्यमान खानेपानी योजना स्थान नक्सा
गेरुवा गाउँपालिका, बर्दिया
लुम्बिनी प्रदेश
संकेतहरु
पालिका सिमाना
जलाधार क्षेत्र
विद्यमान खानेपानी योजना
वडा सिमाना
१
२
३
४
५
६
2.5
0
2.5 km
लम्किचुहा
जानकी
टिकापुर
राजापुर
मधुवन
ठाकुरबाबा
बर्दिया राष्ट्रिय निकुञ्ज
बर्बर्दिया
गेरुवा
कर्णाली जलाधार

## ३.४. विद्यमान  सरसफाइ अभ्यासको अवस्था विश्लेषण

### ३.४.१. बस्तीहरुको खुला दिसामुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति

गेरुवा गाउँपालिका अन्तरगतका साबिकका गा.वि.स हरु खुल्ला दिसामुक्त भइसकेको भएतापनि  हालसम्म सबै घरधुरीहरुमा शौचालय रहेको छैन। NWASH सर्वेक्षणको क्रममा ७५% (६९८६) घरधुरीहरुमा गरिएको सर्वेक्षण मध्ये ११.५% घरधुरीहरुमा शौचालय नभएको भेटिएको छ। मुख्यतः शौचालय नहुनुको कारण अलग्गिएका धरघुरीहरु तथा शौचालय बिग्रे भत्केका घरधुरीहरु रहेका छन, निर्माण भएका शौचालयहरु मध्ये पनि उपयुक्त मर्मत सम्भार अभावका कारण प्रयोग विहिन अवस्था भएको देखिन्छन् । गाउँपालिकाका करिब ६५% प्रतिशत भन्दा बढी घरधुरीहरुले पशुपालन गरिराखेको र गोठेमल व्यवस्थापनको अवस्था ब्यवस्थित रहेको पाईन्छ । यस गाउँपालिकाको मानिसहरु बस्ने आवासीय भवन भन्दा अलि टाढा सानो वा अस्थाई संरचना निर्माण गरी गोठको रुपमा प्रयोग हुने र पशुपंक्षी पालन गरिने साथै हिउदको समयमा पनि घरआगन भन्दा टाढा  पशु चौपाया  बाँधेर  पालन गर्ने भएकाले गोठेमलसंग सम्बन्धित सरसफाइ व्यवस्थापन गरेको देखिन्छ। सरसफाइका अन्य महत्वपुर्ण भागहरु अन्तरगत भाडा सुकाउने चांग र फोहोर फाल्ने खाडलहरु व्यवस्थापन पनि केहि केहि घरधुरीहरुमा देखिन्छ। आगामी दिनहरुमा गाउँपालिकामा घरायसी तथा व्यक्तिगत सरसफाइका क्रियाकलापहरु निर्माण र सचेतना लगायतका सामाजिक परिचालन गति विधिहरुमा गाउँपालिका लगायत अन्य सरकोकारवालहरुले प्राथमिकता दिनुपर्ने देखिन्छ। बुँदागत रुपमा घरायसी सरसफाइको अवस्था तालिका-१९ मा प्रस्तुत गरिएको छ।

**तालिका- १९: घरायसी सरसफाइको अवस्था विवरण**

| वडा नं. | जम्मा घरधुरी संख्या | शौचालय भएका घरधुरी संख्या | सुधारिएको शौचालय भएका घरधुरी संख्या | घरधुरी स्तरको अन्य सरसफाइको अवस्था विश्लेषण | | | | | पूर्ण  सरसफाइ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साबुन सहित हातधुने घरधुरी संख्या | च्यांग जुध्यान भएका संख्या | व्यवस्थित ठोस फोहोर फाल्ने व्यवस्था भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका | व्यवस्थित पशुपालन र गोठे मल व्यवस्थापन भएका | घोषणा भएको (छ/छैन) | योजना छ (लक्षीत समय) |
| १-६ | ६९८६ | ६१८७ | ६१८७ | ६६७९ | ५५९३ | ६३४६ | ६१८७ | ४५९३ | छैन | छ |

| प्रतिसत | ७५ | ८८.५ | ८८.५ | ९५ | ८० | ९० | ८८.५ | ६५ | ८८.५ | |
|---|---|---|---|---|---|---|---|---|---|---|

*स्रोत: NWASH सर्वेक्षण २०७८ र जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

### ३.४.२. विद्यालय तथा सार्वजनिक स्थलहरुको सरसफाइ अवस्था

सरसफाइ तथा स्वच्छता व्यवहार प्रवर्द्धनका लागि विद्यालय तथा संस्थागत सरसफाइ र स्वच्छता कायम हुन अति आवश्यक छ । वालवालिकाहरुले सरसफाइ तथा स्वच्छता कायम गर्न र व्यवहार परिवर्तनका कुराहरु विद्यालयबाट सिक्ने हुँदा विद्यालयहरु परिवर्तनका लागि वाहक हुन । यस गाउँपालिकामा जम्मा २६ वटा विद्यालयहरु रहेका छन् जसमध्ये खानेपानीको व्यवस्था २६ वटा (१००%), शौचालय २६ (१००%) वटै, साबुनपानीले हात धुने व्यवस्था १३ (५०%) र ठोस फोहोर संकलन र व्यवस्थापन २६ (१००%) वटा विद्यालयहरुमा रहेको देखिन्छ। गाउँपालिकाका सबै विद्यालयमा खानेपानीको व्यवस्था भएको देखिएता पनि नेपाल सरकारको मापदण्ड अनुरुप विद्यार्थीको अनुपातमा आवश्यक पर्याप्त पानीको परिमाण कुनै पनि विद्यालय भएको देखिँदैन भने विद्यालय क्षेत्रमा ठोस फोहर संकलनका लागि खाल्डो को व्यवस्था गरेको तर सुरक्षित व्यवस्थापन र बिसर्जनका लागी उपयुक्त स्थान/ विधिको व्यवस्था गरेको छैन ।

वडा तथा गाउँपालिका कार्यालयहरुमा रहेको खानेपानी तथा सरसफाइ अवस्थाको तथ्याङ्क अनुसार ६ वटै वडा कार्यालय र गाउँपालिकाको कार्यालय गरी ७ वटा कार्यालयहरु मध्ये सबैमा खानेपानी, शौचालय र साबुनपानीले हात धुने व्यवस्था उपलब्ध रहेको, सबै वडाहरुमा खानेपानी शुद्धीकरणको फिल्टरको व्यवस्था र अभ्यास भएको पाईनछ तर यस्तो अभ्यास गर्ने घरधुरीहरु सिमित संख्यामा छन् भने ठोस फोहोर व्यवस्थापन र दिसाजन्य पदार्थको लेदो व्यवस्थापन भने एकदमै कमजोर रहेको देखिएको छ। विद्यालय र संस्थागत खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण तालिका-२० मा उल्लेख गरिएको छ।

**तालिका- २०: विद्यालय तथा संस्थागत खानेपानी र सरसफाइको अवस्था**

| संस्थाको किसिम | वडा | संस्थाको जम्मा संख्या | खानेपानी को व्यवस्था भएका संख्या | शौचालयको व्यवस्था भएका | साबुन पानीले हातधुने व्यवस्था भएका | व्यवस्थितठोस फोहोर व्यवस्थापन भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका |
|---|---|---|---|---|---|---|---|
| विद्यालय | १ | ३ | ३ | ३ | २ | ३ | ३ |
| विद्यालय | २ | ३ | ३ | ३ | २ | ३ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विद्यालय | ३ | २ | २ | २ | १ | २ | २ |
| विद्यालय | ४ | ५ | ५ | ५ | २ | ५ | ५ |
| विद्यालय | ५ | ७ | ७ | ७ | ३ | ७ | ७ |
| विद्यालय | ६ | ६ | ६ | ६ | ३ | ६ | ६ |
| जम्मा : | | २६ | २६ | २६ | १३ | २६ | २६ |
| वडा तथा गाउँपालिका कार्यालयको सरसफाइ अवस्था | | | | | | | |
| वडा कार्यालय | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| गाउँपालिका | १ | १ | १ | १ | १ | १ | १ |

*स्रोत: NWASH सर्वेक्षण २०७८ र जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

यस गेरुवा गाउँपालिकामा जम्मा ६ वटा स्वास्थ्य संस्थाहरु रहेको देखिन्छ । सुरक्षित खानेपानी र शौचालयको व्यवस्था सबै स्वास्थ्य संस्थाहरुमा रहेको देखिन्छ तर कुनै पनि स्वास्थ्य संस्थाहरुमा नेपाल सरकार स्वास्थ मन्त्रालयको मापदण्ड अनुरुपको व्यवस्था नभएको र ठोस तथा तरल फोहोर/ दिसाजन्य लेदो व्यवस्थापन राम्रोसँग व्यवस्थापन गरेको पाईँदैन । यसको संख्यात्मक विवरण तालिका-२१ मा दिइएको छ।

**तालिका- २१: स्वास्थ्य संस्थाहरुमा खानेपानी तथा सरसफाइको अवस्था**

| संस्थाको किसिम | वडा | संस्थाको जम्मा संख्या | खानेपानीको व्यवस्था भएका संख्या | शौचालयको व्यवस्था भएका | साबुनपानीले हातधुने व्यवस्था भएका | ठोस फोहोर व्यवस्थापन भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य संस्था (सरकारी) | १-६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| **जम्मा :** | | ६ | ६ | ६ | ६ | ६ | ६ |

*स्रोत: NWASH सर्वेक्षण २०७८ र जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०८०*

### ३.४.३. वातावरणीय सरसफाइको अवस्था

गेरुवा गाउँपालिका क्षेत्रमा बढ्दै गइरहेको सहरीकरण, बाहिरबाट बसाई सरेर आउने जनसंख्याको चाप बढ्दै गइरहेको, यातायात आवागमनले गर्दा बाटोघाटो र सार्वजनिक स्थलहरूमा ठोस तथा तरल फोहोर पदार्थहरू थुप्रिने क्रम बढ्दै गइरहेको छ। गाउँपालिका क्षेत्रमा देखिएका समस्याहरूको समाधानका लागि सार्वजनिक स्थानहरूमा शौचालयहरूको निर्माण र निर्माण भएको ठाउँहरूमा उचित व्यवस्थापन र नयाँ निर्माणका लागि आवश्यक पहल गर्नु पर्ने योजना तर्जुमा कार्यशाला गोष्ठीहरुमा छलफल गरिएको छ।

गाउँपालिका क्षेत्रमा संचालित स-साना अन्य उद्योगहरूले पनि पानी, वायु र ध्वनि प्रदुषित भएको पाईन्छ। गेरुवा गाउँपालिकाले नीतिगत रूपमा वातावरण संरक्षण सम्बन्धी नीति, योजना/कार्य योजना तथा कार्यविधिहरू (स्थानीय विपद तथा जलवायु उत्थानशील योजना, स्थानीय विपद जोखिम न्यूनीकरण रणनीतिक कार्य योजना, गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन आदि) निर्माण गरि कार्यान्वयनको चरणमा रहेका छन्। गेरुवा गाउँपालिकाले ठोस फोहोर व्यवस्थापनको लागि ल्याण्ड फिल साइटको आवश्यकता महसुस गरेको तर उचित स्थान तथा सहयोगी विकास साझेदारको अभावले कामको सुरुवात गर्न सकेको देखिँदैन।

### ३.४.४. दिसाजन्य लेदो, ठोस फोहोर तथा फोहोरपानी व्यवस्थापनको विद्यमान अवस्था

ठोस फोहोर व्यवस्थापनका साथै दिसाजन्य लेदो व्यवस्थापन गाउँपालिकाका लागी भविष्यमा सरसफाइका क्षेत्रको चुनौतिका रुपमा रहेको छ। संकलित तथ्याङ्कहरुको विश्लेषण गर्दा करिब ८८% घरायसी चर्पीको खाडल २-४ वर्ष भित्रै भरिने गरेको देखिन्छ। समुदायमा भरिएका खाडलहरूको दिसाजन्य लेदोको संकलन, ढुवानी र व्यवस्थापनको उचित प्रवन्ध नभएकाले गाउँपालिकाका करिब सबै घरधुरीले मान्छेद्वारा दिसाजन्य लेदो पनि असुरक्षित तरिकाले खेतबारी वा खोलानालामा फाल्ने गरेको गुरुयोजना सर्वेक्षणका क्रममा गरिएका समुदाय भेटघाट अन्तरक्रियाहरुबाट थाहा हुन आएको छ। दिसाजन्य लेदोको उचित व्यवस्थापन नहुँदा वातावरणीय स्वच्छतामा हानि पुर्‍याउने, भूमिगत जलस्रोतहरु दुर्गन्धित हुनुका साथै मानव स्वास्थ्यमा समेत प्रतिकूल असर पर्ने तथा विभिन्न महामारीहरूको प्रकोप बढ्ने सम्भावना सहजै अनुमान गर्न सकिन्छ।

गाउँपालिकामा सम्बन्धित क्षेत्रको विज्ञ प्राविधिक मानव ससाधन र स्पष्ट कार्ययोजनाका साथ ठोस फोहोर, दिसाजन्य लेदो तथा ढल व्यवस्थापनका लागि निर्देशिका तयार गरि उपयुक्त स्थान छनोट गर्न नेतृत्वदायी

भूमिका लिई अन्तर पालिकासँग सम्पर्क, समन्वय, सहकार्य र विकास साझेदारको खोजी गरी शहर उन्मुख क्षेत्रको सरसफाइ योजना लागु गर्नु पर्ने देखिन्छ ।

गाउँपालिकाले बजार क्षेत्रहरूमा ठोस फोहोर संकलन, ढुवानीको व्यवस्थापन गर्नुका साथै घरधुरीबाट फोहोरको संकलन समयमा वर्गीकरण तथा फोहोर पदार्थको प्रयोग नै घटाउने (Reduce), पुन:प्रयोग (Reuse) र पुनचक्रण (Recycle) को लागि कार्यविधि तयार गरि लागु गर्नुपर्ने देखिन्छ।

### ३.४.५. सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागी आनीबानी तथा व्यवहार परिवर्तन

गुरुयोजना निर्माणका क्रममा संकलित तथ्याङ्क, समुदाय भेटघाट र अन्तरक्रियाहरुको आधारमा घर परिवार टोल ,समुदाय  तथा गाउँपालिका स्तरमा निश्चित व्यवहारहरुको परिवर्तन जरुरी देखिएको छ । गाउँपालिकाले तपसिलका मुख्य क्षेत्रमा खानेपानी  सरसफाइ तथा स्वच्छता र पानीको बहु उपयोगका व्यवहार प्रवर्धनका लागी थप क्रियाकलापहरु संचालन गर्न पर्ने आवश्यकता देखिन्छ ।

1) पानीको उत्पादनशिल प्रयोग
2) स्रोत संरक्षण, जल भण्डारण, जलवायू परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन
3) खानेपानीको शुद्धता तथा सरसफाइ र स्वच्छता
4) वातावरणीय स्वच्छता
5) पानीको पहुँच र बहुउपयोगमा लैङ्गिक तथा सामाजिक समावेशीकरण

**तालिका- २०: गतिबिधि तथा सुझावहरु**

| क्र.स. | व्यवहार परिवर्तन केन्द्रित क्षेत्र | लक्षित वर्ग | जिम्मेवारी | सरोकारवाला निकाय | सञ्चार माध्यम |
|---|---|---|---|---|---|
| १ | खानेपानी शुद्धिकरण | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | गाउँपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा | वाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयं सेविका, स्वयंसेवक तथा सामाजिक | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी, सडक नाटक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सार्वजनीक निकाय, समुदाय | परिचालन गर्ने संघ संस्था | तथा विभिन्न सूचनामुलक सामग्री |
| २ | वास (सरसफाइ र स्वच्छता) | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | गाउँपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा सार्वजनीक निकाय | वाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विधालय तथा समुदाय स्तरिया प्रतियोगिताहरु |
| ३ | पानीका स्रोत संरक्षण | घरपरिवार, विद्यालय र खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | खानेपानी तथा सरसफाइ उपभाक्ता समिति, समुदाय तथा गाउँपालिका | वाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विधालय तथा समुदाय स्तरिया प्रतियोगिताहरु |
| ४ | पानीको उत्पादनशिल तथा बहु प्रयोग | घरपरिवार, समुदाय, साना किसान | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, गाउँपालिका, कृषक | वाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समूह तथा विकास साझेदारहरु | सामाजिक परिचालन गर्ने संघसंस्था | भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विधालय तथा समुदाय स्तरिय प्रतियोगिताहरु |
| ५ | वातावरणीय स्वच्छता | घरपरिवार तथा समुदाय | विद्यालय, समुदाय, गाउँपालिका तथा सार्वजनिक निकाय | वाल तथा युवा क्लव, आमा समूह, नगरप्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विधालय तथा समुदाय स्तरिया प्रतियोगिताहरु |
| ६ | जलवायू अनुकुलन तथा विपद जोखिम न्यूनीकरण | घरपरिवार, साना किसान, समुदाय | गाउँपालिका, विधालय, कृषि समूह, खानेपानी तथा सरसफाइ उपभात्ता समिति, | वाल तथा युवा क्लव, आमा समूह, नगरप्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, विभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा विभिन्न सूचना तथा सन्देशमुलक सामग्री, विधालय तथा समुदाय स्तरिय प्रतियोगिताहरु, जोखम पूर्व सूचना प्रणाली |

## ३.५. विद्यमान  सिंचाइ योजनाहरुको अवस्था विश्लेषण

### ३.५.१. विद्यमान सिंचाइ योजनाहरु र सेवाक्षेत्र

यस गाउँपालिकाको कूल भु-भाग ७८.४१ वर्ग कि.मि.अर्थात् १५४,१२६ रोपनी[10] रहेको छ। उक्त भु-भाग मध्ये खेतीयोग्य जमिनको भु-भाग करिव ४३.३६ वर्ग कि.मि (५५.३%) अर्थात् ८५२३१.६७ रोपनि रहेको छ। गेरुवा गाउँपालिकामा विद्यमान  ६  वटा मुख्य कुलो सिंचाइ योजनाहरु रहेको छन् भने ५४ वटा सहायक सिंचाइ योजना रहेका छन्। ती विद्यमान सिंचाइका योजनाहरु बाट ७६०० घरधुरीहरुको करिब ५८,७८६ रोपनी अर्थात् कूल खेतियोग्य भू-भाग मध्ये करिब ६८.९७% जमिन सिंचित भइरहेको छ।

गेरुवा गाउँपालिकामा निर्माण भएका विद्यमान सिंचाइका योजनाहरु नेपाल सरकारको सिंचाइ विभाग तथा विभिन्न संघ सस्थांहरुको आर्थिक सहयोगमा निर्माण भएका हुन। सिंचाइ योजनाहरुको सारांश विवरण तलको तालिका-२३ मा दिएकोछ भने विस्तृत विवरण अनुसूची-५, SA-८ र ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका- २३: वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल (रोपनीमा)**


| वडा नं. | विद्यमान  सिंचाइ योजनाहरुको विवरण | | | | निर्माणाधीन सिंचाइ योजना | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुलो सिंचाइ (मूलकुलो ६ ओटा, शाखा कुलो ५४) | | लघु/अन्य सिंचाइ | | कुलो सिंचाइ | | लघु/अन्य सिंचाइ | | |
| | शाखा संख्या | सेवाक्षेत्र (रोपनी) | योजना संख्या | सेवाक्षेत्र (रोपनी) | योजना संख्या | सेवाक्षेत्र (रोपनी) | योजना संख्या | सेवाक्षेत्र (रोपनी) | |
| १ | ४ | ८१३७ | ३ | ६४ | ० | ० | ८ | १०२ | |
| २ | १७ | १६२७५ | ४ | ६६ | ० | ० | ० | ० | |
| ३ | ४ | ४९३३ | ७ | १७७ | ० | ० | ० | ० | |
| ४ | ६ | ५७९८ | ४ | ४० | ० | ० | ० | ० | |
| ५ | ११ | ४७१७ | ७ | ३८० | ० | ० | ० | ० | |
| ६ | १२ | १८००५ | ८ | १९४ | ० | ० | १ | ३ | |
| **जम्मा** | ५४ | ५७८६५ | ३३ | ९२१ | ० | ० | ९ | १०५ | |

*स्रोत:  जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राविधिक अध्ययन, २०८०*

[10] १ रोपनी= ७.६० कठ्ठा, १ बिगा=२० कठ्ठा

### ३.५.२. विद्यमान सिंचाइ योजनाहरुको संचालनको अवस्था

गेरुवा गाउँपालिकामा रहेका ५४ वटा विद्यमान कुलो सिंचाइ योजनाहरुको संचालन तथा मर्मत सम्भारको अवस्थाको विश्लेषण गर्दा सबै योजनाहरु बाट हाल सिंचाइ सुविधा उपलब्ध भएता पनि सबै योजनाहरुमा कुलोमा चुहावट भइरहेको हुँदा सानो देखि ठूलो मर्मत समेत गर्नुपर्ने देखिएको छ। विद्यमान योजनाहरुको सामाजिक तथा प्राविधिक सर्वेक्षण अनुसार ५४ वटा विद्यमान योजनाहरु मध्ये ५४ वटा योजनाहरु सन्तोषजनक रुपमा संचालित रहेको छन्। डिप बोरिंग सिंचाइका ३३ वटा योजनाहरु मध्ये ३० वटा राम्रो संग संचालनमा रहेको, ३ वटा आंशिक रुपमा संचालन भइरहेको छन्। यसका साथै संचालनमा रहेका योजनाहरुमा मर्मत सम्भार तथा पानी बाडँफाडँ व्यवस्थापनका लागि सिंचाइ उपभोक्ता समिति समेत गठन गरिएको र योजनाको नियमानुसार सन्तोषजनक ढंगबाट कार्यहरु गर्दै आईरहेका छन्।




ग्राफ-९: सिचाई योजनाहरुको संचालन अवस्था

विद्यमान सिंचाइ योजनाहरुको अवस्था सारांश ग्राफ-९ मा प्रस्तुत गरिएको छ भने योजनाहरुको संचालन तथा मर्मत सम्भारको अवस्था अनुसूची-५, TA-३ मा उल्लेख गरिएको छ।

### ३.५.३. निर्माणाधीन सिंचाइ योजनाहरु र लक्षित सेवाक्षेत्र

यस गेरुवा गाउँपालिकामा जलउपयोग गुरुयोजनाको तथ्याङ्क संकलन गर्दाका समय सिंचाइ तर्फका निर्माणाधीन योजनाहरुमा वडा न. १ मा ८ र वडा न. ६ मा १ वटा डिप बोरिंगका साना सिंचाइ योजना निर्माणको क्रममा रहेका छन् । यसको विवरण अनुसुचि-६ OT-३ मा राखिएको छ।

## ३.६. विद्यमानजलवायु परिवर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरुको अवस्था विश्लेषण

यस गाउँपालिकामा जलवायु परिवर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण सम्बन्धी ५३ वटा योजनाहरु विद्यमान योजनाको रुपमा रहेका छन् । ती विद्यमान योजनाहरुबाट गेरुवा गाउँपालिकाका करिब २२९७ घरधुरीहरु लाभान्वित भइरहेका छन्। जलवायु परिवर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षणका योजनाहरु मध्ये वडा नं १ मा ५ वटा, वडा नं २ मा ११ वटा, वडा नं ३ मा ७ वटा, वडा न. ४ मा १५ वटा, वडा न. ५ मा १ वोटा र वडा न. ६ मा १४ योजनाहरु रहेका छन्।

जलउपयोग गुरुयोजना तयारीका लागि गरिएको तथ्याङ्क संकलन तथा अवस्था विश्लेषण अनुसार यस गाउँपालिकामा हालसम्म वातावरण तथा पर्यावरण सम्बन्धी योजना तथा क्रियाकलापहरु पर्याप्त मात्रामा सञ्चालन तथा व्यवस्थापन हुन नसकेको देखिन्छ । यसकारण आगामी दिनहरुमा क्षेत्रगत योजना निर्माण गर्दा वातावरण, पर्यावरण तथा जलवायु अनुकुलन सम्बन्धी कृयाकलापहरु अन्य आयोजनाहरुको अन्तरनिहित कृयाकलापको रुपमा समेत सञ्चालन गर्नुपर्ने देखिन्छ ।

यस बाहेक विश्वभरि भइरहेको प्राकृतिक स्रोतहरु माथिको अतिदोहन, बढ्दो प्रदुषण र जलवायुमा परिरहेको त्यसको प्रत्यक्ष असरले गर्दा अतिवृष्टि, अनावृष्टि र त्यसबाट सिर्जित प्राकृतिक प्रकोपहरुको संख्या नेपालमा पनि बढ्दो छ।

जलवायु परिवर्तन नीति, २०६७ अनुसार, नेपालको अधिकतम तापक्रम प्रतिवर्ष सरदर ०.०६ डिग्री सेल्सियसका दरले वृद्धि भएको देखिन्छ। नेपालले विश्वको कूल हरित ग्याँसको करिब ०.०२५% मात्र उत्सर्जन गरेता पनि वायुमण्डलीय तापक्रम वृद्धिका कारण नेपाल अधिक रुपमा प्रभावित हुँदै गइरहेको छ। यहाँ वार्षिक वर्षा-चक्रमा हेरफेर, लामो समय सम्म खडेरी पर्ने तथा तिब्र वर्षा हुने गरेको छ। पानी पर्ने समय र अवधिमा पनि परिवर्तन हुँदै गइरहेको छ।

बर्दिया जिल्ला र अन्तर्गत रहेको गेरुवा गाउँपालिकामा पनि पछिल्ला बर्षहरुमा बर्षातको समयमा पानी पर्ने अवधि कम हुँदै गइरहेको छ जसले गर्दा त्यसको प्रत्यक्ष असर खानेपानी, सरसफाइ तथा स्वच्छता र बालीनालीहरुमा परिरहेको छ। बर्षातको समयमा पर्ने अतिवृष्टिले गेरुवा गाउँपालिकाका बर्षेनी धेरैजसो बस्तीहरु बाढी डुबानमा पर्ने, जसको कारणले धनजनको क्षति हुने गरेको छ।

गेरुवा गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माणको क्रममा मुख्यतया: कर्णाली र गेरुवा नदी तटबन्ध, बुढी कुलो तटबन्ध, गेरौला र मिलन ताल संरक्षण, सामुदायिक वन नर्सरी स्थापना, उच्च धारा निर्माण जस्ता योजनाहरु विद्यमान योजनाको रुपमा रहेका छन् तर बर्षेनी आउने बाढीले बिग्रिने र भत्किने गर्दा हाल विद्यमान

योजनाहरुको अवस्था एकदमै कमजोर रहेको छ। यी योजनाहरुको पूर्ण विवरण अनुसुचि-५ SA-११ र TA-६ मा दिइएको छ। विद्यमान योजनाहरुको विवरण तलको तालिका-२४ मा प्रस्तुत गरिएको छ।

**तालिका- २४: वडागत रुपमा वातावरण संरक्षणका योजनाहरुको विवरण**

| वडा नं. | योजना संख्या | योजनाका क्षेत्र | | | |
|---|---|---|---|---|---|
| | | नदी नियन्त्रण | जलवायु परिवर्तन अनुकुलन | जोखिम व्यवस्थापन (उच्च धारा) | कैफियत |
| १ | ५ | १ | १ | ३ | |
| २ | ११ | २ | १ | ८ | |
| ३ | ७ | ० | १ | ६ | |
| ४ | १५ | ३ | १ | ११ | |
| ५ | १ | १ | ० | ० | |
| ६ | १४ | ० | ० | १४ | |
| जम्मा | **५३** | **७** | **४** | **४२** | |

### ३.६.१. विद्यमान योजनाहरु र सेवाक्षेत्र

यस गाउँपालिकामा विद्यमान जलवायु परिवर्तनअनुकुलन/विपद जोखिम व्यवस्थापन तथा वातावरण पर्यावरण संरक्षण सम्बन्धी ५३ वटा योजनाहरु रहेका देखिन्छन् । ति योजनाहरुलाई ३ वटा उप-क्षेत्रहरुमा बिभाजन गरेर हेर्दा नदी नियन्त्रण अन्तर्गत ७ वटा, विपद जोखिम व्यवस्थापन अन्तर्गत ४२ वटा योजना र जलवायु परिवर्तन अनुकुलन सम्बन्धी ४ वटा योजनाहरु रहेका देखिन्छन । गेरुवा गाउँपालिका दुईवटा ठुला नदीहरु कर्णाली र गेरुवाको बिचमा पर्ने र सानाठूला थुप्रै खोलानालाहरु रहेको छन् खोला, नदी नालाहरुबाट कटान र बाढीको जोखिम रहेता पनि नदी नियन्त्रण तथा तटबन्धका योजनाहरु उपयुक्त तवरले योजनाबद्ध नरहेका र दिगो रुपमा संचालनमा रहेको पाईएनन्।

### ३.६.२. विद्यमान योजनाहरुको संचालनको अवस्था

वातावरण तथा पर्यावरण सम्बन्धी योजनाहरु मध्ये तटबन्ध तथा नदी/खोला नियन्त्रणका योजनाहरु त्यति दिगो भैरहेको देखिँदैन। जलवायु परिवर्तनका असरले गर्दा बर्षातको समयमा अत्यधिक ठुलो पानी पर्ने र खोला तथा

नदीहरुमा पानीको मात्रा अत्याधिक बढ्ने हुँदा तटबन्धहरु, तारजाली बगाउने गरेको, जसले गर्दा संचालन तथा मर्मत सम्भारमा समस्या हुने गरेको छ।

### ३.६.३. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र

यस गाउँपालिकामा वातावरण तथा पर्यावरण संरक्षण निर्माणाधीन योजनाहरु तथ्याङ्क सङ्कलनको समयमा कुनै पनि नरहेको देखिन्छ।

### ३.७. विद्यमान जल उर्जा योजनाहरुको अवस्था विश्लेषण

यस गेरुवा गाउँपालिकाका सबै घरधुरी तथा बस्तीहरुमा राष्ट्रिय प्रसारण लाइनको पहुँचमा रहेको छ। गाउँपालिकामा अन्य बैकल्पिक उर्जाका कुनै पनि योजनाहरु संचालनमा रहेका छैनन्। यधपि गेरुवा र कर्णाली जस्ता ठुला नदीहरु बाट प्रचुर मात्रामा जल उर्जा निकासको सम्भावना रहेको हुँदा आधुनिक प्रविधिको उपयोग गरेर थप अध्ययन गरी जल उर्जा क्षेत्र सम्भाव्यता अध्ययन गर्न उपयुक्त देखिन्छ। यसका साथै बर्दिया राष्ट्रिय निकुन्ज क्षेत्र पनि यस गाउँपालिकाको हाताभित्र पनि रहेको हुँदा त्यसले वन तथा बन्यजन्तुमा पर्न सक्ने सम्भावित असरको समेत अध्ययन गर्नुपर्ने देखिन्छ।

### ३.८. जलस्रोतहरुको दिगो उपयोगका लागी संस्थागत/उपयोग सम्बन्धीसंयन्त्र

गेरुवा गाउँपालिका भित्र खोला, नदीमा उत्तर तिरबाट बगेर आउने पानी र बर्षातको समयमा ताल-तलैयाहरुमा जम्मा हुने बाहेक अधिकांश पानीका स्रोतहरु भूमिगत स्रोतहरु हुन। भूमिगत स्रोतहरुको पानी पनि कुनै न कुनै रुपमा जमिन भित्र छिर्ने र त्यहि पानी भूमिगत पानीको रुपमा रहने हुँदा मुहान, खोलानाला, नदी लगायत भूमिगत पानीको संरक्षण र व्यवस्थापन गर्नुपर्ने देखिन्छ। यस गाउँपालिकाले जलस्रोतको दिगो उपयोगका लागि खानेपानी उपभोक्ता तथा सरसफाइ समिति लगायत सम्पूर्ण उपभोक्ताहरुको अहम भूमिका रहने हुँदा उपभोक्ता समितिहरुलाई व्यवस्थापन गर्न उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ निर्माण गरि कार्यन्वयनमा ल्याएको छ। त्यसैगरि वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७६ तथा विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७६ र सो को कार्यविधि २०७९ निर्माण गरि कार्यान्वयनमा ल्याएको छ।

खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि गाउँपालिका तथा वडास्तरका संयन्त्रहरु जस्तै; खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुलाई सक्रिय बनाउने, वातावरण तथा पर्यावरण संरक्षणका लागि स्थानीय समुदायलाई नै सक्रिय बनाउने र उनीहरुको परम्परागत ज्ञान, सीप र दक्षता प्रयोग

गरि पर्यावरणको संरक्षणका साथै समुदायको जलसँग सम्बन्धित क्रियाकलापहरुको माध्यमबाट जीविकोपार्जनमा सुधार ल्याउने कार्यहरु गर्नु पर्ने देखिन्छ।

गाउँपालिकाले जलाधार क्षेत्रहरुको संरक्षण र अति दोहन रोक्न सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता विकासका लागि तालिम, गोष्ठी संचालनमा सहयोग पुर्याउँदै आइरहेको छ। यसका अतिरिक्त नदी तथा खोलाहरुबाट बालुवा, ढुंगा, गिट्टी उत्खननमा सिमा तोकेको र केहि संवेदनशिल स्थानहरुमा उत्खनन गर्न रोक लगाएको छ। गेरुवा गाउँपालिका भित्रको वातावरण तथा पर्यावरणको संरक्षणका लागि भौतिक पूर्वाधारका कुनैपनि ठुला योजनाहरु निर्माण गर्नु भन्दा पहिले प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ।

## ३.९. जलस्रोतमा विवाद

जलस्रोतको उपभोग र स्वामित्वका सन्दर्भमा समुदायमा सामाजिक, राजनीतिक र आर्थिक लगायत विभिन्न सरोकार र चाहनाले पानी प्रयोग र बाँडफाँड सम्बन्धी विवादहरु हुने गरेका पाईन्छन्। गेरुवा गाउँपालिकाको जलउपयोग गुरुयोजनाको तथ्याङ्क संकलन गर्दा भएका छलफल अन्तरक्रियामा प्राय: धेरै जसो पानीसँग सम्बन्धित कार्यहरुका लागि भूमिगत पानीको प्रयोग भैरहेको हुँदा घरायसी, सामुदायिक वा अन्तर पालिका स्तरमा विवादहरु कमै रहेको पाईन्छ। तुलनात्मक रुपमा घना बस्ती हुने र कुनै परिवारसँग जमिनको अभावले गर्दा खेर जाने पानीको उचित व्यवस्थापन नहुँदा, शौचालय र धारा राखिएको दुरीले गर्दा कुनै समुदायमा घरायसी स्तरमा विवादहरु आउने गरेको पाईन्छ। यसका अतिरिक्त सामुदायिक वनहरुको प्रयोग, संरक्षित क्षेत्र वरिपरिको जग्गाजमिनमा हुने अतिक्रमणको कारणले पनि व्यक्ति-व्यक्ति, समुदाय-समुदाय वा अन्तर वडा र अन्तरपालिका तहमा विवादहरु हुने गरेको र सो को स्थानीय स्तरमै समाधान भई रहेको सरोकारवालाहरुले जानकारी दिएका छन्।

# अध्याय-४: गुरुयोजना कार्यन्वयन रणनीति र परिकल्पना

## ४.१. गाउँपालिकाको रणनीतिक प्राथमिकता

गेरुवा गाउँपालिकाको जलउपयोग गुरुयोजनाको समीक्षा तथा समायोजन कार्य स्थानीय जनप्रतिनिधीहरु लगायत विद्यमान सरोकारवालाहरुको व्यापक सहभागिता, सकृयता तथा चरणबद्ध कार्यतालिका अनुसार गाउँपालिकाका बस्तीहरुको वास्तविक अवस्था, विद्यमान स्रोत साधनहरुको सम्भावना तथा वर्तमानको वास्तविक आवश्यकतामा आधारित भई निर्माण गरिएको छ । गाउँपालिकाले हाललाई पञ्चबर्षीय (आ.ब. २०८०/८१ देखी २०८५/८६) सम्मका लागि क्षेत्रगत रुपमा आवधिक परिकल्पनाहरु निर्माण गरि गुरुयोजनाले निर्धारण गरेका योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने लक्ष्य लिएको छ।

यस गेरुवा गाउँपालिकाले तपसिल बमोजिमका क्षेत्रगत परिकल्पनाहरु तथा योजना प्राथमिकीकरणका आधारहरु योजना तर्जुमा गोष्ठी मार्फत तय गरेको छ । यस गाउँपालिकाले खानेपानी, सरसफाइ तथा

**क्षेत्रगत परिकल्पना:**

**खानेपानी तथा सरसफाइ क्षेत्र**:

"घरघरमा सुरक्षीत पानी, गेरुवावासीको स्वस्थ जिन्दगानी"

**सिंचाइ तथा निकास क्षेत्र**

*"सिंचाइ गरि उत्पादन बढाऔँ,आयआर्जन गरि समृद्ध बनौँ"*

**वातावरण तथा पर्यावरण क्षेत्र**

"वातावरण र जलधार क्षेत्र जोगाउने हाम्रो चाहना,
हरियाली वनजंगल गेरुवाको गहना"

स्वच्छता व्यवस्थापनका लागि दिगो विकास लक्ष्य (सन् २०३०) अनुसार नेपाल सरकारको लक्ष्य पुरा गर्न निम्न अनुसारका परिकल्पनाहरु र रणनीतिहरु अवलम्बन गर्नेछ ।

## ४.२. जलाधार क्षेत्र व्यवस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन

गेरुवा गाउँपालिका तल्लो कर्णाली जलाधार क्षेत्र भित्र अवस्थित रहेको छ। गाउँपालिका क्षेत्रका अन्य सहायक नदी गेरुवा, बुढिकुलो का साथै तालतलैयाहरुमा चटिया, गेरौला, र तिनकुने तालको समेत कर्णाली नदीसँग सबन्ध रहेको र, गाउँपालिका बर्दिया राष्ट्रिय निकुन्ज क्षेत्रको नजिकमा रहनुका साथै जैबिक विविधताले भरिपूर्ण रहेको पाईन्छ। गाउँपालिका क्षेत्रमा कृषी व्यवसायका लागी मलिलो माटो हुनु, भुमिगत लगायत सतही पानीको प्रयाप्त उपलब्धता हुनु र मनोरम स्थलहरुका साथै जैबिक विविधतायुक्त रहेकाले यो क्षेत्रको दिर्घकालीन योजना सहित जलाधार क्षेत्रको व्यवस्थापन, संरक्षण र उपयोग गर्नु पर्ने गाउँपालिकामा रहेका सरोकारवालाहरुको साझा धारणा रहेको छ।

गेरुवा गाउँपालिकामा प्राय सबै जसो नदी तथा जलाधार क्षेत्रहरुको नजिकै वरिपरी मानिसहरुको वस्ती रहेको पाईन्छ। गेरुवा गाउँपालिकामा कर्णाली नदीबाट वरिपरिका मानिसहरुले माछा सम्बन्धी व्यवसाय गरि जीविकोपार्जन गरिरहेका छन् भने गाउँपालिका भित्र रहेका अन्य खोलाहरु जस्तै; बुढीकुलोबाट माछा मार्नुका साथ साथै सिंचाइमा समेत पानीको प्रयोग भइरहेको छ। गाउँपालिकामा रहेका विभिन्न तालहरु माछा मार्ने, पानी तान्ने पम्पको प्रयोग गरि सिंचाइ तथा पर्यटकीय क्षेत्रको रुपमा समेत प्रयोग गरिरहेका छन्। गाउँपालिका भित्रका समुदायहरुको जीविकोपार्जन लगायत आयआर्जनमा महत्वपूर्ण भुमिका रहेको नदी प्रणालीहरु, तालतलैया, वनजंगल र जमिनको समष्टिगत व्यवस्थापन गर्नु अति आवश्यक रहेको छ। पूर्वाधार निर्माण लगायत गरिने अन्य विकासका क्रियाकलापहरुमा जलाधारको समग्र स्वास्थ्यलाई असर नपर्ने गरि योना तर्जुमा गर्नु पर्ने, नदी प्रणालीहरुलाई स्वच्छ राख्न गाउँपालिकामा फोहोर बिसर्जन, दिसाजन्य लेदो बिसर्जनका लागी उचित प्रविधि अपनाउनु पर्ने, बढ्दै गएको सहरीकरणसँगै वन जंगलमा अत्यधिक चाप रहेकोमा बृक्षारोपण र संरक्षण अभियानहरु संचालन गर्ने, जलाधार भित्रका समुदायहरु बिचको पारस्परिक सम्बन्ध समुधुर बनाउँदै समुदायको क्षमता विकास गर्नु पर्ने, समुदायहरुको जनचेतना बृद्धी गरि संरक्षणका अभियानहरु संचालन गर्नु पर्ने देखिन्छ।

समग्रमा एकिकृत जलस्रोत व्यवस्थापनका माध्यमले समग्र जलाधार क्षेत्रको समुचित र विवेकपूर्ण विकास गर्न, जलाधार क्षेत्र भित्रको सम्पूर्ण प्राकृतिक स्रोतहरुलाई एकीकृत एवं दिगोरुपमा विकास गरी गरिबी न्यूनिकरण

गर्न गाउँपालिकाको वार्षिक योजना तर्जुमामा सरोकारवाला साझेदारहरु, समुदाय र जनप्रतिनिधीहरुले ठोस योजना निर्माण गरि कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको र सोका लागी सबैको सहकार्य, साझेदारी र प्रतिवद्धता रहेको जलउपयोग गुरुयोजना निर्माणका क्रममा आयोजना गरिएका योजना तर्जुमा गोष्ठीहरुमा सरोकारवालाहरुको धारणा रहेको छ। एकिकृत जलस्रोत व्यवस्थापनका लागी विभिन्न क्रियाकलापहरु योजना तर्जुमा गोष्ठी मार्फत सहभागीहरुले गाउँकार्यपालिकामा सिफारिस गरि गुरुयोजनामा प्राथमिकिकरण सहित समावेश गरेका छन्।

## ४.३. एकजल नीति तथा अवधारणा

जलाधार क्षेत्र व्यवस्थापन अन्तर्गत स्रोतहरुको संरक्षण र व्यवस्थापन, जलाधार र समुदायमा पानीको विद्यमान अवस्था विचार गर्दै दिगो उपयोग नीति र पानीको उत्पादनसिल उपयोगमा एक जल अवधारणाले जोड दिन्छ। एक जल अवधारणालाई प्रभावकारी बनाउन तल्लो कर्णाली जलाधार क्षेत्रमा रहेका गाउँपालिका/नगरपालिकाहरुलाई समेटी एकजल निर्देशक समिति गठन भएको छ। जसले पानीको आपुर्ति र सरसफाइको गुणस्तरिय सेवा, परिणाम र समतामुलक जलस्रोत व्यवस्थापन गरी पानीको दिगोपना हासिल गर्न मद्दत गर्दछ। एक जल प्रणाली अन्तर्गत निम्न कार्यहरु प्राथमिकताका साथ गरिन्छ।

- सुरक्षित रुपमा खानेपानीको व्यवस्थापन, बहु उपयोगी जल प्रणाली र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मार्फत प्रभावकारि रुपमा योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन,
- दिसाजन्य लेदोको सुरक्षित ढंगले व्यवस्थित तथा दिगो व्यवस्थापन सेवा, त्यसको उपचारका लागि आवश्यक प्लान्ट र त्यसको पुनउपयोगबाट आर्थिकोपार्जनको अवसरहरु प्रदान गर्ने,
- स्थानीय सरकार र समुदायका साझेदार सरोकारवालाहरुको क्षमता विकास र जलस्रोतको न्यायोचित व्यवस्थापन गर्ने,
- पानीको दिगो सेवाका लागि राम्रोसंग संरक्षित र व्यवस्थित पानी प्रभावित क्षेत्रहरुमा पारिस्थितिकीय जल प्रभाव सुनिश्चित गर्ने।

एक जल नितिको नौलो अवधारणालाई आत्मसात गर्दै युएसएआइडि कर्णालि जल परियोजनाले जलाधार स्तरीय एक जल निर्देशक समितिको गठन गरेको छ। सो प्रक्रियामा जलाधार अन्तर्गत समाविश्ट सम्पुर्ण गाउँपालिका र नगरपालिकाहरुबाट प्रमुख\अध्यक्ष ज्यू, उप-प्रमुख\उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यू तथा प्रशासकिय प्रमुख ज्यूहरु र सरोकारवाला निकाय तथा सम्बद्ध कार्यालयहरूबाट प्रतिनिधि ज्युहरूको उपस्थितिमा जलको उचित व्यवस्थापनका लागि एक जल नितिको आवश्यकता र जलाधार

स्तरिय जल सम्बद्ध समस्याहरूको पहिचान, छलफल र निराकरणका लागि एक जल निर्देशक समितिको भुमिकाका बारेमा वृहत छलफल र सो अवधारणाको महत्वलाई आत्मसात गर्दै एक जल निर्देशक समिति गठन गरिएको छ। हाल यस समितिका संयोजकका रुपमा राजापुर नगरपालिकाका नगर प्रमुख रहनुभएको छ भने गेरुवा गाउँपालिका सदस्य रहेको छ । एक जल निर्देशक समितिको नियमित छलफल र बैठकले जल समस्याका साँझा सवालहरू पहिचान गरि समाधानकालागी सुझाव गर्ने, जलस्रोतको उपयोगमा हुन आउने विवाद किनारा लगाउने, साझेदारहरूको सहयोगमा योजना लागु गर्ने, आवश्यकता अनुसार नियम तर्जुमा गर्ने र अन्तत्वगत्वा समृद्ध र व्यवस्थित जलाधारको अवधारणालाई साकार तुल्याउने लक्ष्य हो। यस समितिले सुझाएका विषयवस्तूले एकिकृत जलाधार व्यवस्थापनमा योजनामा महत्वपुर्ण सहयोग पुर्याउने परिकल्पना पनि छ।

गेरुवा गाउँपालिकाले गाउँपालिका स्तरको योजना तर्जुमा गोष्ठी मार्फत एक जल अवधारणाको सिद्धान्तलाई अवलम्वन गर्ने गरी एकीकृत जलस्रोत व्यवस्थापन कार्यान्वयन गर्ने नीति लिने प्रतिवद्धता गरेको छ । यस गाउँपालिकाले एक जल अवधारणामा कार्यगत सिद्धान्तहरुको कार्यान्वयन गरी एकीकृत एवम् समावेशी जलस्रोत व्यवस्थापन तथा पानीको दिगो बहुउपयोगको विकास गर्ने नीतिमा सरोकारवालाहरुले छलफल गरेका थिए। एक जल अवधारणाको कार्यान्वयन मार्फत यस गाउँपालिकाका प्रत्येक व्यक्ति, समुदाय, प्रत्येक सरोकारवाला तथा प्रत्येक समुहको जलाधार वा उपजलाधार क्षेत्रमा दिगो पानीको भविष्य सुरक्षित गर्नमा भूमिका हुनेछ ।

## ४.४. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अवधारणा र एकीकृत जलस्रोत व्यवस्थापन

गेरुवा गाउँपालिकाले महिला, पुरुष, यौनिक अल्पसंख्यक, बालबालिका, युवा, अपांगता भएका व्यक्ति, दलित, अल्पसंख्यक तथा पछाडि पारिएका घर परिवारहरु सबैलाई सन् २०३० सम्ममा नेपाल सरकारको खानेपानी तथा सरसफाइको रोडम्याप लक्ष्य अनुसारको उच्चस्तरको सेवा पुर्‍याउने परिकल्पना गरेको छ। पानीसँग सम्बन्धित क्रियाकलापहरुमा घरायसीस्तरमा महिलाहरु तथा जीविकोपार्जन वा उत्पादनशिल प्रयोगको हिसाबले समुदायका केहि निश्चित वर्ग, समुदायको पानीसँग बढी सरोकार हुने हुँदा जलउपयोग गुरुयोजनाको तयारी चरण देखि कार्यान्वयन तहसम्म महिला र त्यस्ता पछाडी पारिएका वर्गहरुको सहभागिता र नेतृत्व सुनिश्चित गरिन्छ। गुरुयोजनाले पानी वा जलस्रोतको विनियोजन, सुशासन र वित्तका पक्षहरू सम्मको पहुँचमा सबैभन्दा ठूलो असमानताहरू अनुभव गर्ने जनसंख्याको विशेष आवश्यकताहरूलाई सम्बोधन गर्दै उमेर, लिंग,

धर्म, जाती, अपाङ्गता, भूगोलका आधारमा आउने अवरोधहरू र त्यसबाट आधारभूत सेवाहरूको पहुँचमा पर्ने असरलाई कम गर्ने र प्राथमिकता दिन सहयोग पुर्याउँदछ।

गाउँपालिकासँगका छलफल र सरोकारवालाहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्न जलउपयोग गुरुयोजनाको कार्यान्वयन प्रक्रियामा पारदर्शीता, सहभागिता र जवाफदेहिताको असल अभ्यास मार्फत सुशासनको प्रवर्द्धन र लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरणको सुनिश्चितता गराउन तपसिलका नीति अवलम्बन गर्न सरोकारवालाहरुलाई सचेत गराउने तथा गाउँपालिकाले उपरोक्त नीतिहरु निर्दिष्ट सयन्त्र मार्फत कार्यान्वयन सुनिश्चिता गर्ने प्रतिवद्धता गरिएको छ।

**नीति निर्माण तह:**

- सबै उपभोक्ता समितिहरुमा सम्बन्धित क्षेत्रमा बसोवास गर्ने महिलाहरुको समान तथा विभिन्न जात जातीहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ। समितिका प्रमुख पदहरुमा समेत महिलाहरुको न्यूनतम ३३%, सामाजिक बिभेदमा परेका जात जातीहरुको समानुपातिक प्रतिनिधित्व अनिवार्य गरिनेछ।
- यो जलउपयोग गुरुयोजना यस गाउँपालिका भित्र जलस्रोत, सरसफाइ र स्वच्छताका क्षेत्रमा गरिने सम्पुर्ण लगानीहरुको प्रमुख आधारको रुपमा रहनेछ।
- खानेपानी सरसफाइ र स्वच्छताको सेवा क्षेत्र नपुगेका वा कम भएका क्षेत्र, बिशेष प्राथमिकताका जातजातीहरु (लोपउन्मोख आदीवासी) लाई प्राथमिकता दिने र बजेट वृद्धि गर्ने तदनुसार विनियोजित बजेटले अति-गरीब पछाडि पारिएका वर्गहरुको उच्च जनसंख्या भएको क्षेत्रलाई प्राथमिकतामा राखिनेछ।
- कठिन परिस्थिति र विशेष अवस्थाका कारण पानीको महसुल तिर्न नसक्ने गरिब, एकल महिला, अपाङ्गता भएका घरपरिवार तथा सीमान्तकृत समुदायलाई पानीको महसुलमा अनुदान वा छुट दिइनेछ।

**कार्यान्वयन चरण**

- जलउपयोग गुरुयोजना तर्जुमाको चरणमा झै यसको कार्यान्वयनमा समेत महिला हरुको समान सहभागिता तथा दलित, जनजाती तथा पछाडी पारिएका वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित उपभोक्ताहरुको सकृय सहभागिता रहनेछ। योजनाहरुको निर्माण, सञ्चालन तथा मर्मत सम्भार सम्बन्धित उपभोक्ताहरुले गठन गरेको उपभोक्ता समितिको प्रत्यक्ष संलग्नतामा हुनेछ।

- गुरुयोजना कार्यान्वयनमा उपभोक्ता समिति गठन तथा पुनर्गठन गर्दा लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरणलाई ध्यान दिदै महिलाहरुको समान सहभागिता तथा दलित, जनजाती तथा पछाडी पारिएका वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी पदाधिकारी तथा सदस्यहरु समावेश गरिनेछ।
- जलउपयोग गुरुयोजना कार्यान्वयनको क्रममा महिला र सामाजिक बिभेदमा परेका जात जातीहरुको क्षमता अभिबृद्धीका लागि बिशेष पहल गरिनेछ। उनीहरुलाई नै लक्षित गरेर विभिन्न क्षमता विकास क्रियाकलापहरु सञ्चालन गरिनेछन् साथै क्षमता विकासका कृयाकलापहरुको लागि सहभागी छनौट गर्दा समेत लैङ्गिक समानाता तथा सामाजिक समाबेशिकरणलाई ध्यान दिनुपर्नेछ।
- निर्माण गरिने सबै भौतिक संरचनाहरुलाई महिला, बालबालीका, अपाङ्ग र जेष्ठ नागरिक मैत्री बनाइनेछन् । मुख्यतया खानेपानी र सरसफाइ योजनाका समुदायमा रहने संरचनाहरु महिलाहरुको महिनावारीको बेलाको स्वच्छता व्यवस्थापन, छुट्टै शौचालयको व्यवस्था र उनीहरुको घरायसी कार्य बोझ न्यूनिकरण लक्षीत हुनेगरी निर्माण गरिनेछन्।
- खानेपानीको धारा, शौचालय निर्माण गर्दा आवश्यक पर्ने लागतमा गरिब तथा सीमान्तकृत परिवारलाई सहुलियत दिइनेछ।
- खानेपानी सम्बन्धी सचेतना अभियान र सरसफाइ अभियानहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषय समाबेश हुनुपर्दछ सबै प्रशिक्षणमा अनिवार्य; महिला, सीमान्तकृत र पछाडि पारिएका वर्गलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिइनेछ।
- ग्रामीण मर्मत सम्भार कार्यकर्ता, शौचालय निर्माणकर्ता र सरसफाइ प्रवर्द्धक छनोटको मापदण्ड महिला, गरीब र बिपन्नवर्ग मैत्री हुनेछन्।
- महिला, गरिब र बहिष्कृतका मुद्दाहरूलाई सम्बोधन गर्न खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका लागि सम्झौतामा शर्तहरू रहनेछन् ।
- महिला, गरिब र बहिष्कृतको आवश्यकतालाई सम्बोधन गर्ने क्रियाकलापका लागि पर्याप्त बजेट विनियोजन गर्ने, यी समूहको क्षमता अभिवृद्धिका क्रियाकलापहरु बार्षिक योजनामा राखि कार्यान्वयन गरिनेछन्।

**अनुगमन, मूल्यांकन र** सुशासन

- योजना तथा क्रियाकलापहरुको अनुगमन गर्दा महिला, वालवालिका, गरिब तथा बहिष्करणमा परेका समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।
- सार्वजनिक लेखापरीक्षण गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुद्दाहरू सार्वजनिक अडिट दिशानिर्देशहरू अनुसार सम्बोधन गरिनेछ।

- गाउँपालिकामा निर्माण गरिने सबै योजनाहरुमा सुशासन नीति अगाल्दै अनिवार्यरुपमा सार्वजनिक सुनवाई, सार्वजनिक समिक्षा र सार्वजनिक परिक्षण गरिनेछन। सबै कार्यहरुमा आम उपभोक्ता र सेवा प्रदायक बीचको अन्तरकृया र संवादलाई बिशेष जोड दिइनेछ। परियोजनाहरुका भौतिक संरचनाहरु र तिनले प्रदान गर्ने सेवाको गुणस्तर र दिगोपनाको लागि उक्त योजना कार्यान्वयन गर्ने संस्था पुर्णरुपमा जवाफदेहि बनाईने छ ।
- उपलब्ध बजेट तथा जलस्रोत, सरसफाइ र स्वच्छतासित सम्बन्धित अन्य सूचना तथा जानकारी मा सबै उपभोक्ताहरुको पहुँचका लागि आम संचार माध्यमको प्रयोग गरिनेछ।

## ४.५. पानीको उत्पादनशिल प्रयोग

गेरुवा गाउँपालिकामा प्रशस्त प्राकृतिक स्रोत साधन रहेका, जल पर्यटन क्षेत्र लगायत थुप्रै आयआर्जनका क्रियाकलापहरु संचालन गर्न सकिने सम्भावना रहेका छन् । गेरुवा गाउँपालिकामा गुरुयोजना निर्माणका क्रममा गरिएका समुदाय भ्रमण, संचालन गरिएका क्षमता विकास क्रियाकलापहरु र योजना तर्जुमा गोष्ठीहरुमा योजनाहरुको दिगोपनाका लागी पानीको उत्पादनशिल प्रयोग मार्फत आयआर्जन क्रियाकलापहरु संचालन आवश्यक रहेको सरोकारवालाको धारणा रहेको थियो। पानीका स्रोतहरुको बहुउपयोग मार्फत गाउँपालिकामा तरकारि खेती, नगदे बाली प्रवर्धन र विस्तार, जल पर्यटन, माछा पालन लगायतका क्रियाकलापहरु संचालन गर्न सके समुदायको आयआर्जनमा टेवा पुग्ने र मौसमी रोजगारका लागी बाहिरिनु नपर्ने विषयमा समेत सहभागीहरुले गोष्ठीहरुमा छलफल गरेका थिए।

धारामा खेरजाने पानी करेसाबारी तथा तरकारी खेतीमा प्रयोग गरि आयआम्दानि बृद्दी गर्ने, ताल तलैयाहरुको संरक्षण र सुधारका माध्यमबाट जल पर्यटन विकास गर्ने, घरायसी तथा वाताबरणीय सरसफाइमा प्रवर्धन गर्ने क्रियाकलापहरु संचालन गर्ने र सम्बन्धित क्षेत्रका सरोकारवालाहरुको क्षमता विकास गर्नु पर्ने जलउपयोग गुरुयोजना निर्माणका क्रममा सहभागीहरुले छलफल गरि आ-आफ्नो तह र तप्काबाट सहयोग र समन्वय गर्ने बताएका थिए। कर्णाली र गेरुवा नदीमा र्याफ्टिङ जस्ता खेलको प्रचुर सम्भावना रहेकोले गाउँपालिकाले आवस्यक पूर्वाधार तथा नीति निर्माण गरी प्रचारप्रसार गरेमा गाउँ पालिकाका लागी राम्रो आय स्रोत तथा स्थानिय रोजगारको अवसर सिर्जना गर्न सकिने छ ।

पानीको उत्पादनशील प्रयोगका लागी गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रमहरु तय गर्दा अन्तर शाखा समन्वय मार्फत सेवा तथा उत्पादनमुखी कार्यक्रममा बजेट विनियोजन गर्ने, समुदायहरुलाई यस्ता क्रियाकलापहरुमा आकर्षित गर्न अनुदान, क्षमता अभिबृद्धी लगायतका आवश्यकतामा आधारित कार्यक्रमहरु सहभागितात्मक रुपमा तर्जुमा गर्ने, योजना तथा कार्यक्रममा जनसहभागीता जुटाउन र अपनत्व बढाउन

आवश्यक नीति तथा कार्यक्रमहरु सहित साझेदारी क्रियाकलापहरु प्रवर्धन गर्ने विषयमा गुरुयोजना निर्माणका क्रममा छलफल गरिएका थिए।

## ४.६. मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरु (CBRT)

गाउँपालिकामा खानेपानीका योजनाहरुको वडा र गाउँपालिकास्तरमा प्राथमिकीकरणका लागि युएसएआईडी कर्णाली जल परियोजनाले मापदण्डमा आधारित प्राथमिकीकरणका औजारहरु (CBRT tools) को प्रयोग गरेको थियो। जलउपयोग गुरुयोजनाका खानेपानी, सिंचाई, र वातावरण तथा पर्यावरण क्षेत्रका योजना प्राथमिकिकरणमा प्रयोग भएको यो औजारको प्रयोग गर्न निकै सहज, योजना तर्जुमा र प्राथमिकीकरणमा हुने विवाद न्युनिकरणमा सहयोगी रहेको, गरिब विपन्न र पछाडी पारिएका वर्ग/ खानेपानीको पँहुच नपुगेका (सेवा बिहिन), भौगोलिक कठिनाई भएका क्षेत्र/ समुदायहरुलाई प्राथमिकता दिने, सेवाकेन्द्रको अवस्थिति लगायत बस्ती घनत्व भएको स्थान विशेषका योजनाको माग सम्बोधन गर्नका साथै समतामुलक ढंगबाट माग सम्बोधन गर्न अत्यन्तै महत्वपूर्ण रहेको योजना तर्जुमा गोष्ठीका सहभागीहरुको प्रतिक्रिया रहेको थियो।

मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरुर सूचकहरुको विवरण तलको तालिका-२५, २६ र २७ मा प्रस्तुत गरिएको छ।

**तालिका- २५: समुदाय तथा योजना छनौट मापदण्ड (नयाँ निर्माण)**

| क्र. सं | सूचक | | उप सूचक | अंक भार | जम्मा अंक | कैफियत (अङ्क दायरा: ६ - ३६) |
|---|---|---|---|---|---|---|
| **क)आधारभूत खानेपानी सेवाको पहुँचमा समुदायको स्थिति** | | | | | **१३** | **(अङ्क दायरा: ४ - १३)** |
| १ | सेवा दिइने जनसंख्याको बिबरण | *गरिब घरधुरि (%)* | >=५०% | ३ | ३ | बढी जनसंख्या भएका समुदायको लागि प्राथमिकता (उच्च जनसंख्या घनत्व) |
| | | | >=२५%<५० % | २ | | |
| | | | <२५% | १ | | |
| | | *लैङ्गिक समानता लक्षित समूहको घरधुरि (%)* | >=५०% | ३ | ३ | |
| | | | >=२५%<५० % | २ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | <२५% | १ | | |
| | | *सामाजिक समावेशीकरण लक्षित समूहको घरधुरि (%)* | >=५०% | ३ | ३ | |
| | | | >=२५%<५० % | २ | | |
| | | | <२५% | १ | | |
| २ | भौगोलिक कठिनाइमा रहेको समुदाय | | >=५घण्टा | ३ | ३ | भौगोलिक कठिनाइमा रहेको समुदायको लागि प्राथमिकता |
| | | | >=२घण्टा<५घण्टा | २ | | |
| | | | <२घण्टा | १ | | |
| ३ | विद्यालय तथा स्वास्थ संस्थाकोअवस्थिति | | छ | १ | १ | बिध्यालय तथा स्वस्थ्य संस्था भएका समुदायलाई प्राथमिकता |
| | | | छैन | ० | | |
| **ख) समुदायमा विद्यमान खानेपानी सेवाको अवस्था (सेवास्तर)** | | | | | **१८** | **(अङ्क दायरा: ० - १८)** |
| क्र.स. | सूचक | | घरधुरी (%) | अंक भार | | |
| १ | सेवा विहिन तथा असुरक्षित खानेपानी सेवा उपभोगगर्ने घरधुरी | | १००% | ३ | १८ | उच्च प्रतिशत, उच्च प्राथमिकता हुनेछ |
| २ | सीमित खानेपानी सेवाको पहुंचमा रहेको घरधुरी | | ०% | २ | | |
| ३ | आधारभूत खानेपानी सेवाको पहुंचमा रहेकोघरधुरी | | ०% | १ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सुरक्षित रूपमा व्यवस्थित खानेपानी सेवाको पहुंचमा रहेको घरधुरी | ०% | ० | | प्रतिशत कम, उच्च प्राथमिकता हुनेछ |
| **ग) समुदायमा लगानी मैत्री वातावरणको अवस्था** | | | | **५** | **(अङ्क दायरा: २ - ५)** |
| १ | स्थानीय सरकार (LG) द्वारा जलउपयोग गुरुयोजना अथवा खानेपानी सरसफाइ तथा स्वच्छता योजना अथवा पालिकाको वार्षिक योजनामा प्राथमिकता निर्धारण गरिएको योजना | बजेट विनियोजन भैसकेको | ३ | ३ | स्थानीय तहले पहिचान तथा प्राथमिकिकरण गरिएको खानेपानी योजन अथवा आवधिक योजनामा समाबेस गरिएको योजना उच्च प्राथमिकताहुनेछ |
| | | बजेट विनियोजनको प्रतिवद्धता गरेको | २ | | |
| | | छैन | १ | | |
| २ | खानेपानी योजनामा लागत साझेदारीको सम्भावना (खानेपानी योजनामा योगदान र मर्मत गर्न स्थानीय निकाय र सरोकारवालाहरूको इच्छा, तत्परता र प्रतिवद्धता) | छ | २ | २ | स्थानीय सरकार /साझेदारहरू र उपभोक्ता सँग लागत साझेदारीको सम्भावना उच्च राहेको योजनाउच्च प्राथमिकता हुनेछ |
| | | छैन | १ | | |
| **जम्मा अंक (**माथिका ३ सूचकहरुको जम्मा - क, ख र ग**)** | | | | **३६** | |

### तालिका- २६:समुदाय तथा योजना छनौट मापदण्ड (मर्मत तथा पुनरनिर्माण)

| क्र.सं | सूचक | उप सूचक | अंक भार | जम्मा अंक | कैफियत (अङ्क दायरा: ९ - २८) |
|---|---|---|---|---|---|
| **योजनाको भौतिक अवस्था** | | | | २१ | **(अङ्क दायरा: ६ - २१)** |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | पानीको उपलब्धता | वर्ष भरी | १ | ३ | पानीको उपलब्धता कमरहेको समुदायको लागिप्राथमिकता |
| | | >११महिना | २ | | |
| | | ≤११महिना | ३ | | |
| २ | योजना सम्पन्न बर्ष | ≤५वर्ष | १ | ३ | पुरानो योजना रहेको समुदायको लागि प्राथमिकता |
| | | >५वर्ष देखि ≤१०वर्ष | २ | | |
| | | >१०वर्ष | ३ | | |
| ३ | विद्यमान खानेपानी योजनाका भौतिक संरचनाको संचालन अवस्था | >७५% | १ | ४ | भौतिक संरचनाको संचालनअवस्था नाजुक रहेको समुदायको लागि प्राथमिकता |
| | | >५०% <७५% | २ | | |
| | | >२५% <५0% | ३ | | |
| | | <२५% | ४ | | |
| ४ | घरधुरी र सन्चालनमा रहेका धाराकोआनुपत | ≤५घरधुरी | १ | ३ | घरधुरी र सन्चालनमा रहेका धाराको आनुपत उच्चरहेको समुदायकोलागि प्राथमिकता |
| | | ५-१०घरधुरी | २ | | |
| | | >१० घरधुरी | ३ | | |
| ५ | समुदायमा उपलब्ध पानीकोमात्रा | ≤६५लि/से | १ | ३ | हाल सन्चालनमा रहेकोधारामा पानीको बहाव (लि/से) कम रहेको समुदायको लागि प्राथमिकता |
| | | ६६-१०० लि/से | २ | | |
| | | >१०० लि/से | ३ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | उपलब्ध पानीको गुणस्तर | सधै राम्रो | १ | ३ | समुदायमा उपलब्ध पानीको गुणस्तर नाजुक रहेको समुदायको लागि प्राथमिकता |
| | | प्राय राम्रो | २ | | |
| | | प्राय नराम्रो | ३ | | |
| ७ | पानीको चुहावट | छैन | ० | २ | संरचना तथा पाईपप्रणालीमा चुहावट उच्चरहेको समुदायकोलागि प्राथमिकता |
| | | छ | २ | | |
| **विद्यमान खानेपानी योजनामा उपभोक्ता समितिको अवस्था** | | | | ७ | **(अङ्क दायरा: ३ - ७)** |
| १ | विद्यमान समयमा खानेपानी योजनामाउपभोक्ता समितिको उपलब्धता | छ | २ | २ | विद्यमानसमयमा खानेपानी योजनामा उपभोक्ता समितिको उपलब्ध रहेको समुदायको लागिप्राथमिकता |
| | | छैन | १ | | |
| २ | विद्यमान समयमा मर्मत सम्भारकार्यकर्ताको उपलब्धता | छ | २.५ | २.५ | विद्यमान समयमा मर्मत सम्भार कार्यकर्ताको उपलब्ध रहेको समुदायको लागि प्राथमिकता |
| | | छैन | १ | | |
| ३ | विद्यमान समयमा पानी महसुलकोव्यवस्था रहेको तथा महसुल संकलन गर्ने गरेको | छ | २.५ | २.५ | विद्यमानसमयमा पानी महसुलको व्यवस्था रहेको तथा महसुल संकलन गर्ने गरेको समुदायको लागिप्राथमिकता |
| | | छैन | १ | | |

### तालिका- २७: सिबिआरटी सूचक र अंकभार (सिंचाइ आयोजनाको लागि)

| क्र.सं. | मुख्य सूचक | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | प्रति घरधुरी लागत | ३ | धेरै घरधुरी प्रतिशतलाई धेरै अंक |

| | | | |
|---|---|---|---|
| २ | समुदायमा आयआर्जन/उत्पादनमुखी क्रियाकलापहरु संचालनको अवस्था | ३ | उत्पादनमुखी खेती गरिरहेको र बजार केन्द्र सम्म सहज पहुँच रहेको समुदायलाई धेरै अंक |
| ३ | योजनाबाट सिंचित हुने क्षेत्रफल | ३ | धेरै क्षेत्रफललाई धेरै अंक |
| ४ | लैंगीक समानता तथा सामाजिक समावेशीकरण | ३ | धेरै लैससास समटने योजनालाई धेरै अंक |
| ५ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सुचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरिब पछाडी परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | १५ | कुल बढी अंकलाई प्राथमिकता |

**तालिका- २८: सिबिआरटी सूचक र अंकभार (वातावरण/पर्यावरण क्षेत्र तर्फ)**

| क्र.सं. | मुख्य सूचक | अंक भार | कैफियत |
|---|---|---|---|
| १ | बृक्षारोपण, भूक्षय ब्यवस्थापनका लागी बायो ईन्जिनियरिङ लगायतका कार्यहरुलाई प्राथमिकता | ३ | बृक्षारोपण, बायोईन्जिनियरिङ्ग, मुल संरक्षण: ३ तटबन्धन, पहिरो नियन्त्रण, कटान नियन्त्रण:२ अन्य:१ |
| २ | लैंगीक समानता तथा सामाजिक समावेशीकरण | ३ | धेरै लैससास समटने योजनालाई धेरै अंक |
| ३ | बसोबास गर्ने घरधुरीहरुलाई बिस्तापनबाट बचाउन सहयोग गर्ने योजना | २ | प्रत्यक्ष सहयोग गर्ने : २, सहयोग गर्ने : १ |
| ४ | स्थानीय तहको आफ्नो प्राथमिकतामा आधारित सुचक | ३ | विशेष प्राथमिकताका भूगोल / लगानी जुट्न सक्ने/गरिब पछाडी परेको समुदायलाई धेरै अंक |
| जम्मा अंकभार | | ११ | कुल बढी अंकलाई प्राथमिकता |

स्रोत: जलउपयोग गुरुयोजना तर्जुमा निर्देशिका, कर्णाली जल परियोजना

## ४.८. स्रोत संरक्षण


यस गेरुवा गाउँपालिकामा भूमिगत पानीका स्रोतहरुमा मुख्यगरि चुरे वा माथिल्लो पहाडी भू-भागमा हुने गतिविधिहरुले प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्ने देखिन्छ। गाउँपालिका क्षेत्रका पानीका स्रोतहरु (सतही स्रोत र भूमिगत स्रोतहरु) जलवायु परिवर्तन तथा मानवद्धारा निर्मित/सृजित विभिन्न गतिविधिहरुले गर्दा कम हुँदै र हराउँदै गईरहेका छन् भने भूमिगत पानीको स्रोतपनि घट्दै गई रहेको विभिन्न अध्ययनहरुले देखिएको छ। एकातर्फ समुदायमा पानीको माग तथा प्रयोगको मात्र बढ्दै गईरहेको छ भने अर्कोतर्फ बढ्दो सहरीकरण, पूर्वाधार विकास र मानव श्रृजित कारणहरुले वनजंगल घट्ने क्रम रहेको साथै भूमिगत जल सतहमा समेत यसको प्रभाव परिरहेको देखिन्छ। जलउपयोग गुरुयोजना तयारिका क्रममा गरिएका सर्बेक्षण तथा अन्तरक्रियाहरुमा सहभागीहरुको स्रोतहरु बिचको सन्तुलन मिलाउन हाल खानेपानीमा प्रयोग भइरहेका पानीका स्रोतहरु खास गरि भुमीगत स्रोतहरुमा पानीको भू सतह कायम रहन दिन तथा गुणस्तर ह्रास हुन नदिनका साथै अन्य ताल तलैया, खोला नाला लगायतका स्रोतहरुको पनि उचित संरक्षण र व्यवस्थापनका लागि नीति तर्जुमा गरि कार्यान्वय गर्न आवश्यक देखिन्छ।

गाउँपालिका स्तरिय योजना तर्जुमा गोष्ठीमा भएको छलफलमा स्रोतहरुको संरक्षणका लागी खुलारुपमा फोहोर बिसर्जन रोक्ने, सामुदायिक तथा संरक्षीत वनक्षेत्रहरुलाई बिस्तार र संरक्षण/सम्बर्द्धनमा टेवा पुर्‍याउने, नदी कटान, भू-क्षयीकरण, ढुंगा गिट्टी बालुवा आदीको उत्खनन र प्रयोगलाई ब्यबस्थित गर्ने, र वातावरणमैत्री संरचना निर्माण, भूमिगत पानीका स्रोतहरु प्रदुषणबाट जोगाउन शौचालय, ढल लगायत सरसफाइ संरचनाहरुको उपयुक्त तरिकाले निर्माण गर्नुपर्ने देखिन्छ । जसका लागि सम्बन्धित विषय विज्ञहरुको सल्लाह परामर्स सहित नीति तर्जुमा, समुदायको क्षमता अभिबृद्धी गर्न सूचना/शिक्षा/संचार सामग्रीहरुको प्रकाशन र वितरण आदी सम्बन्धी आवश्यक कानून बनाई गाउँपालिकाको बार्षिक योजना मार्फत कार्यक्रमहरु संचालन गर्ने बारेमा छलफल गरिएको थियो । त्यसैगरि प्राकृतिक रुपमा विद्यमान रहेका ताल तलैयाहरुको संरक्षण, जल पर्यटन प्रवर्द्धनका साथै वृक्षारोपण र प्राकृतिक स्रोतहरुको विवेकपूर्ण उपयोगका लागी सहभागितात्मक योजना तर्जुमा गर्ने विषयमा समेत गेरुवा गाउँपालिकाका र सरोकारवाला प्रतिबद्ध रहेका छन्।

# अध्याय-५ : जलउपयोग गुरुयोजना

## ५.१. अन्तर विश्लेषण

टोलस्तरीय भेला तथा बैठकहरुबाट संकलित तथ्याङ्कहरु, वडा स्तरीय बैठक,अनुशिक्षण तथा योजना तर्जुमा गोष्ठी र गाउँपालिकास्तरीय बैठक, छलफल, तथ्याङ्क प्रमाणीकरण तथा योजना तर्जुमा गोष्ठीको अवधिमा संकलन गरिएका तथ्याङ्कहरुको विश्लेषण गर्दा गेरुवा गाउँपालिकामा हालसम्म १ वटा मात्र खानेपानी योजना विद्यमान योजनाको रुपमा रहेको छ । जसबाट १०२ घरधुरीहरु लाभान्वित भएको देखिन्छ । गाउँपालिकामा गुरुयोजना तथ्याङ्क संकलनका समय सम्म २ वटा खानेपानी योजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् । निर्माणाधीन योजनाहरुबाट ३,००५ घरधुरीहरु लाभान्वित हुने देखिन्छ। यसरी समग्रमा विद्यमान योजनाहरु र निर्माणाधीन योजनाहरुबाट गाउँपालिकाको कुल घरधुरीको करिब ३६% घरधुरीहरुमा निर्माणाधीन योजनाहरु सम्पन्न हुँदा व्यवस्थित योजनाबाट खानेपानी सेवा आपूर्ति हुने देखिन्छ । हाल सम्म निर्माण सम्पन्न भएका र निर्माणाधीन योजनाहरु सबै उपभोक्ता समितिबाट संचालन र व्यवस्थापन भईरहेका छन्। गुरुयोजना निर्माण क्रममा गरिएको नमुना पानी परिक्षण र गुरुयोजना सर्बेक्षणले गाउँपालिकामा हाल




ग्राफ-१०: विद्यमान खानेपानी योजनाहरुको अवस्था विश्लेषण

निर्माणाधीन रहेका खानेपानी योजनाहरुमा पानी शुद्धीकरणका लागि आवश्यक प्रविधिको व्यवस्था गरिएको छ साथै गाउँपालिकाले नीतिगत निर्णय गरि नयाँ निर्माण हुने योजनाहरुमा अनिवार्य रुपमा पानी शुद्धीकरण गर्ने उपयुक्त प्रविधि विकल्प विकास गर्नुपर्ने आवश्यकता छ भने तत्कालै व्यवस्तित खानेपानी योजनाहरु निर्माणबाट समेटिन नसकिने समुदायका बिपन्न घरधुरीहरुलाई आर्सेनिक फिल्टर तथा घरायसीस्तरमा पानी शुद्धीकरण सम्बन्धी जनचेतनामूलक अभियानहरु संचालन गर्नुपर्ने आवश्यकता रहेको गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठीमा छलफल र निर्णय भएको छ ।

सिंचाइ तथा निकास तर्फ जम्मा ६ वटा मूल कुलो मार्फत ५४ वटा शाखा कुलो विद्यमान कुलो सिंचाइका योजनाका रुपमा रहेका छन् भने ३३ वटा डिप बोरिंग प्रविधिका सिंचाइ योजनाहरु रहेका छन् । ति विद्यमान सिंचाइका योजनाहरुबाट ५,५९३ घरधुरीहरुको करिब २४४७०.७१ हेक्टर अर्थात् कूल खेतियोग्य भू-भाग मध्ये करिब ८४% जमिन सिचित भइरहेको छ । हालसम्मका विद्यमान सिंचाइ योजनाहरु मध्ये प्राय सबै योजनाहरु केन्द्रीय सरकार मार्फत बजेट बिनियोजन भई निर्माण भएका देखिन्छन् र त्यसको समुदायस्तरमा पानी बाँडफाँड र सोको व्यवस्थापनका लागि स्थानीय समुदायकै सहभागितामा विभिन्न सिंचाइ जल उपभोक्ता समितिहरु गठन भएका छन् ।

गेरुवा गाउँपालिकामा बर्षातको समयमा नदी कटान, पनफेकुवा[11]लगायतका संरचनाहरुमा बालुवा भरिन गई बाढी जाने तथा बाढीबाट बिगतका बर्षहरुमा ठूलो धनजनको क्षति हुँदै आइरहेको छ । बर्षातको समयमा हुने क्षति र जोखिमहरुलाई मध्यनजर गर्दै गाउँपालिकाले विपद पुर्व तयारी तथा प्रतिकार्य योजना, २०७६ निर्माण गरी लागु गरिरहेको छ । विपद प्रतिकार्यका लागि गाउँपालिका, वडा र समुदायस्तरमा पनि विभिन्न समिति, उप-समितिहरु गठन भइ परिचालन समेत भईरहेका छन् ।

गाउँपालिका, वडा र समुदाय/उपभोक्ता समितिकाहरुसँग छलफल गर्दा गाउँपालिकामा एकीकृत जलस्रोत व्यवस्थापन लगायत खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा देखिएका अन्तरहरु (Gaps) र ति अन्तरहरू परिपूर्तिका लागि निम्न तालिका अनुसारका उपायहरुको अवलम्बन गर्न आवश्यक छ ।

**तालिका- २८: हाल देखिएका अन्तरहरू र परिपूर्तिका उपायहरु**

| हाल देखिएका अन्तरहरु (Gaps) | समाधानका उपायहरु |
|---|---|
| विद्यमान खानेपानी योजनामा पानी शुद्धीकरण गर्ने प्लान्ट जडान नभएको देखिएको ।तथापी | विद्यमान खानेपानी योजना र निर्माणाधीन खानेपानी योजनाहरुमा पानी शुद्धिकरणका उपायहरु |

[11] *पनफेकुवा: स्थानीय प्रयोग भएको शब्द जसको अर्थ हेडवर्कबाट निश्चित पानी बितरण प्रणाली तर्फ पठाउने तथा बाँकि मूल नहर तर्फ फर्काईदिने प्रबिधी*


| | |
|---|---|
| निर्माणधिन योजनाको डिजायनमा सुद्धीकरण प्रबिधीका लागी व्यवस्था गरिएको। | अवलम्बन गर्नुपर्ने र निर्माणकै अवधिमा पानी छान्ने फिल्टरहरुको निर्माण गर्नुपर्ने । |
| हाल करिब ९८.८% घरधुरीहरूले खानेपानी स्रोतको रुपमा ट्युबवेलको पानी प्रयोग गर्दै आइरहेको तर नमुना परिक्षण गरिए अनुसार अधिकांश खानेपानी ट्युबवेलहरुमा मानव स्वास्थ्यका लागि हानिकारक कुनै न कुनै रासायनिक वा जैविक पदार्थहरु भेटिएको । | उपर्युक्त दीर्घकालीन समाधानका बिकल्प नहुँदा सम्म गाउँपालिकाले घरधुरी/समुदायमा पानी सुद्दिकरणका उपायहरु अवलम्बन गराउन सचेतीकरण तथा जन चेतनामुलक कार्यहरु संचालन गर्ने । यसका साथै आर्सेनिक फिल्टरहरु खरिदका लागि बिपन्न घरधुरिहरुलाई आर्थिक सहयोग गर्ने। |
| दिसाजन्य लेदो व्यवस्थापन र ठोस फोहोर व्यवस्थापनको अभाव | गाउँपालिकामा बढ्दो सहरीकरण र जनसंख्यामा बढ्दो बसाइसराइको चापले अहिले देखि नै दिसाजन्य लेदोको उचित व्यवस्थापनका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ। गाउँपालिकाले ठोस फोहोर, दिसा जन्य लेदो तथा ढल व्यवस्थापनका लागि निर्देशिका तयार गरि उपयुक्त स्थान छनोट गर्न नेतृत्वदायी भूमिका लिई अन्तर पालिकासंग सम्पर्क, समन्वय, सहकार्य र विकास साझेदारको खोजी गरी सहर उन्मुख क्षेत्रको सरसफाइ योजना लागु गर्नु पर्ने देखिएको छ। |

## ५.२. आवधिक योजनाको सारांश

यस गेरुवा गाउँपालिकामा विद्यमान जलस्रोतहरु, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक तथा प्राविधिक पक्षहरुको अध्ययन र छलफल तथा जन आवश्यकतामा आधारित भई जलउपयोग गुरुयोजनाको अभिन्न अंग आवधिक योजना (पंञ्च बर्षीय) तयार गरिएको हो। आवधिक योजना अर्न्तगत गाउँपालिकाका ६ वटै वडाहरुबाट प्राथमिकीकरण भइ आएका योजनाहरुबाट गाउँपालिका स्तरको प्राथमिकीकरण गर्दा सबै क्षेत्रका क्षेत्रगत १८२ वटा योजनाहरु पहिचान गरी आवधिक योजनाको रुपमा जलउपयोग गुरुयोजनामा संलग्न गरिएका छन्।

प्रस्तावित योजनाहरुलाई योजनाको प्रकृति, कार्यान्वयनका लागि आवश्यक पर्न सक्ने बाह्य सहयोग, प्रविधि विकल्प, लागत अनुमान आदिलाई आधार मानी विभिन्न क्षेत्रका क्षेत्रगत योजनाहरुको कार्यान्वयनका लागि गाउँपालिका र वडा स्तर गरि दुई भागमा विभाजन गरी प्राथमिकता क्रम अनुसारको छुट्टा छुट्टै सूची तयार गरिएको छ। योजना तर्जुमाको समयमा वडाहरु र गाउँपालिकाबाट कार्यान्वयन गर्नका लागि पहिचान भएका जम्मा १८६ वटा क्षेत्रगत योजनाहरु मध्ये ६ वटा नँया निर्माण र १ वटा मर्मतका खानेपानी योजनाहरु, सिंचाइका क्षेत्रमा ५४ वटा नहर सिंचाइ प्रणाली र १७ वटा डिप बोरिङ योजनाहरु, १०१ वटा जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम न्युनिकरण क्षेत्रका योजनाहरु , ६ वटा सार्वजनिक शौचालयका योजनाहरु र १ वटा दिसाजन्य लेदो तथा ठोस प्रसोधन केन्द्र योजनाहरु प्राथमिकीकरण सहित जलउपयोग गुरुयोजनामा प्रस्तावित गरिएका छन्।

उक्त पञ्चबर्षीय योजनाहरुको अनुमानित लागत तयार गर्दा गाउँपालिका भित्र रहेका विद्यमान/निर्माणाधीन योजनाहरुको प्रति व्यक्ति लागत र गाउँपालिकाबाट निर्धारण भएको स्थानीय दररेटहरु तथा बिभागीय तथ्याङ्क र अपनाईएका पद्धतीहरुलाई अवलम्बन गरिएको छ। गेरुवा गाउँपालिकाले प्रस्ताव गरेका प्रस्तावित योजना संख्या ग्राफ-११ मा प्रस्तुत गरिएको छ भने र क्षेत्रगत पञ्च वर्षिय योजनाहरुको योजनागत विस्तृत विवरण





अनुसूची-७,८,र १० उल्लेख गरिएको छ।


### ५.२.१. खानेपानी योजनाहरु

गेरुवा गाउँपालिकाको विद्यमान खानेपानीको सुबिधास्तरलाई योजना तर्जुमा गोष्ठीहरुमा छलफल र विश्लेषण गरि ६ वटा नँया र १ वटा मर्मत तथा सुधारका गरि ७ वटा खानेपानीका योजनाहरु प्रस्ताव गरिएका छन् ।

उक्त प्रस्तावित योजनाहरुको कार्यान्वयनका लागि गाउँपालिका स्तरमा थप छलफल गरि नीतिगत निर्णय सहित अनुकुल वातावरण श्रृजना गर्ने , वडा, गाउँपालिका, प्रदेश तथा संघीय सरकार लगायत अन्य विकास साझेदारहरुको स्रोत साधन जुटाई जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागी पहल गर्ने गरि गुरुयोजनामा योजनाहरु प्रस्तावित गरिएका छन्।

प्रस्तावित ६ वटा नँया योजनाहरुबाट गाउँपालिकाको थप ५,४३१ घरधुरीहरुको २२,८०७ जनसंख्या लाभान्वित हुने लक्ष्य राखिएको छ, नँया योजनाहरु निर्माणका लागि अनुमानित (ने.रु.) ९५ करोड ७८ लाख लगानी प्रक्षेपण गरिएको छ। त्यसैगरि १ मर्मत तथा सुधारका योजना मार्फत २३४ घरधुरीका करिब १,०५० जनसंख्याको सुरक्षित खानेपानीमा पहुँच सुधार हुनेछ। मर्मत सुधारका योजनाहरुका लागि अनुमानित रकम (ने.रु.) ४ करोड ४० लाख लगानी प्रक्षेपण गरिएको छ। गाउँपालिकाको योजना तर्जुमा गोष्ठीबाट प्रस्ताव गरिएका खानेपानी योजनाहरु (नयाँ र मर्मत सुधार) को वडागत संख्या, लाभान्वित घरधुरी/जनसंख्या र अनुमानित लागत विवरण तालिका-२९ मा दिइएको छ साथै योजनाहरुको वडागत लगानी प्रक्षेपण संलग्न ग्राफ मार्फत प्रस्तुत गरिएको छ। योजनाहरुको बिस्तृत विवरण अनुसूची-७ मा उल्लेख गरिएको छ।




**तालिका- २९: प्रस्तावित खानेपानी योजनाहरुको विवरण**

| वडानं. | प्रस्तावित खानेपानी योजना विवरण | | | | | |
|---|---|---|---|---|---|---|
| | नया | | | मर्मतसम्भार/पुनर्निर्माण/सेवा बिस्तार | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'०००) | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'००० ) |
| १ | १ | ११५५ | २०३,७४२ | ० | ० | ० |
| २ | १ | १०८५ | १९१,३९४ | ० | ० | ० |
| ३ र ५ | १ | ९५८ | १६८,९२४ | ० | ० | ० |
| ४ | २ | १३६४ | २४०,५७६ | १ | २३४ | ४४१०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | १ | ८६९ | १५३,२५८ | ० | ० | ० |
| जम्मा | ६ | ५४३१ | ९५७८९४ | | २३४ | ४४१०० |

*स्रोत: जलउपयोग गुरुयोजना, वडा तथा गाउँपालिका स्तरिय योजना तर्जुमा गोष्ठी, २०८०*

### ५.२.२. सरसफाइ योजनाहरु

यस गाउँपालिकाका कूल घरधुरीहरु मध्ये करिब ११.५% घरायसी स्तरमा शौचालयहरु अस्थाई/बिग्रेको भत्केको अवस्थामा रहेको सर्वेक्षणले देखाएको छ। घरधुरीहरुलाई चर्पी निर्माण/पुनर्निर्माणका लागि जनचेतना जगाउनु पर्ने र अभियानात्मक रुपमा पूर्ण सरसफाइ क्रियाकलापहरु संचालनमा ल्याउनु पर्ने आवश्यकता छ। सार्बजनिक स्थलको सरसफाइ, ठोस तथा तरल दिसाजन्य लेदो व्यवस्थापनका लागि पनि गाउँपालिकाले नेतृत्व लिँदै नीजि क्षेत्र र सरोकारवाला विज्ञहरुको सहयोगमा सम्बन्धित क्षेत्रको योजनाहरु कार्यान्वयन ल्याउने बारे गाउँपालिका स्तरीय योजना तर्जुमा कार्यशाला गोष्ठीमा छलफल गरि योजना प्रस्ताव गरिएका छन्।

सरसफाइका प्रस्तावित योजनाहरुको सारांश विवरण तालिका-३० साथै योजनाहरुको वडागत लगानी प्रक्षेपण संलग्न ग्राफ मार्फत प्रस्तुत गरिएको छ र विस्तृत विवरण अनुसूची-७ (TA-१०) मा उल्लेख गरिएको छ।

**तालिका- ३०: प्रस्तावित सरसफाइका योजनाहरुको विवरण**

| ववडा नं. | प्रस्तावितयोजनाहरुको विवरण | | | |
|---|---|---|---|---|
| | प्रस्तावित संख्या | लाभान्वित घरधुरी संख्या | योजनाको किसिम/प्रकृति | अनुमानित लागत (ने.रु.'००० ) |
| १-६ | १ | ८१६८ | ठोस तथा तरल दिसाजन्य लेदो व्यवस्थापन केन्द्र | १०,००० |
| १ | १ | ४७० | सार्वजनिक शौचालय | १५०० |
| २ | १ | १०८५ | सार्वजनिक शौचालय | १५०० |
| ३ | १ | ३५० | सार्वजनिक शौचालय | १५०० |
| ४ | १ | १७६ | सार्वजनिक शौचालय | १५०० |
| ५ | १ | २३१ | सार्वजनिक शौचालय | १५०० |
| ६ | १ | ५१५ | सार्वजनिक शौचालय | १५०० |
| जम्मा : | **७** | **१०,९९५** | | **१९,०००** |

*स्रोत: जलउपयोग गुरुयोजना, वडा तथा गाउँपालिका स्तरिय योजना तर्जुमा गोष्ठी, २०८०*


### ५.२.३. सिंचाइ योजनाहरु


वडा तथा गाउँपालिका स्तरमा संचालित योजना तर्जुमा गोष्ठीबाट गेरुवा गाउँपालिकामा जम्मा ५४ वटा सिंचाइ कुलोका योजनाहरु प्रस्ताव गरिएका छन्। सिंचाइ सुबिधाको विद्यमान अवस्था र ती सिंचाइ योजनाहरुको संचालनको अवस्थालाई मध्यनजर गरी ८,१९७ घरधुरीको थप ५८,३५६ रोपनी खेतीयोग्य जमिन सिंचित हुने गरि योजनाहरु तर्जुमा गरिएका छन् । योजनाहरु निर्माणका लागि अनुमानित लागत २७ करोड ३७ लाख रहेको छ। उक्त कुलो सिंचाई योजनाहरुको वडागत विवरण तालिका-३१ साथै योजनाहरुको वडागत लगानी प्रक्षेपण संलग्न ग्राफ मार्फत प्रस्तुत गरिएको छ र प्राथमिकताक्रम अनुसारको सूची अनुसूची-८ मा उल्लेख गरिएको छ।

**तालिका- ३१: वडागत रुपमा सिंचाइ योजनाहरुको (परम्परागत र लघु) विवरण**

| **वडा नं.** | **परम्परागत (कुलो/नहर/पाईप) सिंचाइ योजना** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **नयाँ योजना (कुलो सिंचाइ)** | | | | **नयाँ योजना (लघु सिंचाइ/डिप बोरिङ)** | | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र (रोपनी) | अनुमानितलागत (ने.रु.) | योजना संख्या | लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र (रोपनी) | अनुमानित लागत (ने.रु.) |
| १ | ४ | १०५५ | ८१३७ | २५२९६ | ० | ० | ० | ० |
| २ | १७ | ९१७ | १६२७८ | १०९३१२ | ४ | १०१ | २० | ६०० |
| ३ | ४ | ११०६ | ४९३१ | ३११५५ | २ | १८५ | १३५ | ३०० |
| ४ | ६ | १३९८ | ५७९४ | ३४४३१ | ६ | ३१९ | १८४ | ९०० |
| ५ | ११ | १४२२ | ४७२७ | ४०८९३ | ३ | ७४ | १३३ | ४५० |
| ६ | १२ | १३०२ | १८००६ | ३२९६१ | २ | ११८ | १२ | ३०० |
| **जम्मा** | **५४** | **७२००** | **५७८७३** | **२७४०४८** | **१७** | **९९७** | **४८३** | **२५५०** |

*स्रोत: जलउपयोग गुरुयोजना, वडा तथा गाउँपालिका स्तरिय योजना तर्जुमा गोष्ठी, २०८०*





*ग्राफ १२ : वडागत आवस्यक लगानीको विवरण*


........................................................


## ५.२.४. स्रोत संरक्षण तथा वातावरणसंरक्षण योजनाहरु

यस गाउँपालिकामा कर्णाली र गेरुवा नदी तथा अन्य खोलाहरुको कटान, गाउँपालिका क्षेत्र बर्दिया राष्ट्रिय निकुन्ज संग जोडिएको हुँदा वन्यजन्तुबाट धनजनको असुरक्षा लगायत खेतीपातीको असुरक्षा, बषार्तको भल तथा बाढीले गर्दा बस्तीहरुमा हुने डुबान र जलवायु परिवर्तनको प्रत्यक्ष असरहरुले गर्दा पर्यावरण र वातावरण व्यवस्थापन लगायत समग्र जलाधार क्षेत्रमा परेको असर र सम्भावित जोखिमका विविध विषयमा सरोकारवालाहरुले जलउपयोग गरुयोजना निर्माणका क्रममा महसुस गरेका छन् । बढ्दो सहरीकरण, पूर्वाधारहरुको विकास र जंगलमा अतिरिक्त निर्भरता, ग्रामीण क्षेत्रमा दाउरा लगायतका लागी जंगल फडानी, अनियन्त्रित आगलागी, अव्यवस्थित चरिचरन, चुरे क्षेत्रबाट बगेर आएको माटो तथा ढुंगा गिट्टी आदी थुप्रिने, स्रोतहरुमा ह्रास, भूमिगत स्रोतहरुमा पानीको तह (Water table) घट्दै गरेको अवस्था, नयाँ तथा ठुला भौतिक पुर्वाधार संरचना निर्माण संगसंगै नयाँ सडक ट्र्याक खोल्ने कार्यहरु, सडक बिस्तार योजना तथा मानव श्रृजित विभिन्न क्रियाकलापले समग्र जलाधार क्षेत्र र गाउँपालिकामा जलवायु परिवर्तन र जोखिमहरु अझै बढी हुने सम्भावना रहेको छ। गाउँपालिकाको बस्तीहरु कर्णाली र गेरुवा नदीको बीचमा अवस्थित भएको हुँदा बर्षातको समयमा नदी कटान र बाढीको उच्चतम जोखिममा रहेका छन्। त्यस्तै गाउँपालिका भएर बग्ने अन्य खोलाहरुको कटान र छिमेकी भारत तर्फ बर्षातको पानी जाने उचित निकास नभएको हुँदा धेरै बस्तीहरुलाई डुबानको चुनौती रहेको छ।

माथी चर्चा गरिएका विविध समस्याहरुलाई न्यूनिकरण गर्न गाउँपालिकाको जलउपयोग गुरुयोजना निर्माणका क्रममा वातावरण पर्यावरण तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विभिन्न क्रियाकलापहरु तय गरिएका



छन् । गाउँपालिकामा पानीका ताल संरक्षण, नदी कटान नियन्त्रण, बहुउद्देश्यिय नर्सरी स्थापना तथा वृक्षारोपण, खानेपानीका उच्च धारा सतह भन्दा अग्लो स्थानमा राख्ने आदि जस्ता विभिन्न खाले १०१ वटा योजनाहरु प्राथमिकिकरण गरि प्रस्ताव गरिएका छन ।

आगामि दिनहरुमा यस गाउँपालिकामा विकास निर्माणका गतिविधिहरु सञ्चालन सँगसँगै यी क्रियाकलापहरुलाई बढी प्राथमिकता दिई जलवायु परिवर्तनका असर न्युनिकरण र विपद जोखिम व्यवस्थापनमा ध्यान दिने साथै जनचेतना बढाउने तथा जोखिम नक्सांकन गरि विकास गतिविधिहरुमा जोखिम व्यवस्थापनका उपाय अवलम्बन जस्ता गतिविधि संचालनमा गर्ने साथै गाउँपालिका क्षेत्रमा विभिन्न सरोकारवालाहरुसंगको समन्वयमा जनचेतनामुलक क्रियाकलापहरु संचालनमा ल्याउने, सूचना, शिक्षा, संचार सामग्रीहरु निर्माण गर्ने तर्फ गाउँपालिका स्तरमा गुरुयोजना निर्माणका सहभागी सरोकारवालाहरु सहमत देखिन्छन्। गाउँपालिकाले गुरुयोजना कार्यान्वयनका क्रममा क्षेत्रगत नीति तय गरि योजना तथा क्रियाकलापहरु कार्यान्वयन गर्नेछ। गाउँपालिकाले योजना तर्जुमाको समयमा योजनाहरुको लगानी र प्रकृति हेरी योजनाहरु वडा , गाउँपालिका, अन्य सरकारी  तथा अन्य विकास साझेदारहरुलाई निर्माण सहयोगको अपेक्षा सहित क्षेत्रगत परिकल्पना र प्राथमिकिकरणका स्पष्ट आधार सहित वातावरण तथा पर्यावरण क्षेत्रका

*ग्राफ १३ वडागत आवस्यक लगानीको विवरण*

क्रियाकलाप तथा योजनाहरुको तर्जुमा गरेको छ।

गाउँपालिकामा प्रस्तावित गरिएका वातावरण तथा पर्यावरण क्षेत्रका योजनाहरु निर्माणबाट करिब १६,३२◌़१ घरधुरीहरुले लाभ पाउने छन भने योजनाहरु निर्माणका लागि अनुमानित लागत १५ करोड १५ लाख रहेको छ।

उक्त वातावरण तथा पर्यावरण क्षेत्रका तर्जुमा गरिएका क्रियाकलाप तथा योजनाहरुको वडागत विवरण तलको तालिका-३२ साथै योजनाहरुको वडागत लगानी प्रक्षेपण संलग्न ग्राफ मार्फत प्रस्तुत गरिएको छ र थप प्राथमिकता क्रम अनुसारको सुची अनुसूची- १० मा उल्लेख गरिएको छ ।

**तालिका- ३२: वातावरण तथा पर्यावरण सम्बन्धी तर्जुमा गरिएका योजनाहरु**

| वडा नं. | प्रस्तावित वातावरण तथा पर्यावरण क्षेत्र योजना विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जलवायु अनुकुलन | | | जोखिम व्यवस्थापन | | | ताल संरक्षण | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत | योजना संख्या | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत |

| | | | (ने.रु.)'०००  | | | (ने.रु.)'०००  | | | (ने.रु.)'०००  |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ३३८ | १००० | १९ | २७९५ | ५२१०० | - | - | - |
| २ | ० | - | - | १८ | २४५७ | २५२०० | १ | ७९ | ५०० |
| ३ | ० | - | - | २० | ३२८२ | २४९०० | १ | २३४ | ५०० |
| ४ | ० | - | - | ८ | २२८८ | १८४०० | १ | ३५० | ५०० |
| ५ | ० | - | - | १८ | १३७९ | १६३०० | - | - | - |
| ६ | ० | - | - | १४ | ३११९ | १२१०० | - | - | - |
| जम्मा | **१** | **३३८** | **१०००** | **९७** | **१५३२०** | **१४९०००** | **३** | **६६३** | **१५००** |

*स्रोत: जलउपयोग गुरुयोजना, वडा तथा गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठी, २०८०*

# अध्याय-६: गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक

## ६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालिन योजना

जल उपयोग गुरुयोजना निर्माणको क्रममा बस्ती तथा समुदाय स्तरबाट सहभागितात्मक ढंगबाट संकलन गरिएका सूचनाहरुको वडास्तरमा प्रमाणीकरण गरी सबै क्षेत्रगत योजनाहरुको प्राथमिकीकरण गरिएको र गाउँपालिका स्तरमा गरिएको तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीबाट अझै योजनाहरुको प्राथमिकीकरण परिष्कृत भएको छ । पालिका भित्रका शाखा/उप-शाखाका प्रतिनिधिहरु, सबै वडाका वडा जनप्रतिनिधिहरु, स्थानीय समाजसेवी, बुद्दिजीविहरु र गाउँकार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरुको सहभागिताले जलउपयोग गुरुयोजनाको योजना तर्जुमा कार्यलाई एकदमै प्रभावकारी बनाउन सहयोग पुगेको थियो।

जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा समुदायको अपेक्षा अनुसार कार्यान्वयनका लागि गाउँपालिकाले आफुसंग भएको स्रोतहरुको उपलब्धताको यकिन गर्नुका साथै सम्भावित साझेदारहरुको पहिचान, स्रोतहरुको खोजी गरेर ती स्रोतहरुको आधारमा जलउपयोग गुरुयोजनामा समावेश भएका योजना तथा

क्रियाकलापहरुलाई अल्पकालिन, मध्यम कालिन र दीर्घकालिन रुपमा विभाजन गरिएको छ। साथै गाउँपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि आफ्नो आन्तरिक तथा बाह्य श्रोतहरु जुटाई बार्षिक रुपमा गर्न सक्ने लगानीको समेत प्रक्षेपण गरी प्राथमिकताक्रम अनुसारका योजनाहरुलाई अल्पकालिन/मध्यमकालिन/ दीर्घकालिन रुपमा विभाजन गर्नुपर्ने हुन्छ । गेरुवा गाउँपालिकाले प्रक्षेपण गरेका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यहरुलाई तल चर्चा गरिएको छ।

**अल्पकालीन योजनाहरु (पहिलो र दोश्रो बर्ष):** - गाउँपालिकाले जल उपयोग गुरुयोजना भित्र समाबेश गरिएका क्षेत्रगत योजनाहरुको कार्यान्वयनका लागि आवस्यक पर्ने लगानी जुटाउन यस जल उपयोग गुरुयोजनालाई गाउँकार्यपालिका र गाउँसभाबाट अनुमोदन गर्नेछ र गाउँपालिकाले आफ्नो लगानी सुनिश्चित गरी यदि सो लगानी योजनाहरुको कार्यान्वयनका लागि अपुग हुने देखिएमा बाहय स्रोतहरुको खोजी गर्ने छ साथै आफ्ना क्षेत्रगत परिकल्पनाहरु साकारपार्न अल्पकालीन योजनाहरुको रुपमा हाल निर्माणाधीन २ वटा खानेपानी योजनाहरु (नयाँ) , १ वटा खानेपानी योजना (मर्मत र पुनर्निर्माण) र ५ वटा सिंचाइ कुलो निर्माणका योजनाहरु लगायत थोरै स्रोत चाहिने अन्य क्षेत्रका अतिआवश्यक योजनाहरुलाई कार्यान्वयन गर्नेछ। अल्पकालीन योजनाहरु हाल निर्माणाधीन अवस्थामा रहेका, स्रोतको सुनिश्चितता भएका योजनाहरु वडा कार्यालय वा गाउँपालिकाको आफ्नै स्रोतबाट पनि निर्माण हुन सक्ने योजनाहरुलाई अल्पकालीन अवधिका योजनाको रुपमा समाबेश गरिएका छन् । त्यस्तै वातावरण तथा पर्यावरण क्षेत्रका अति  आवश्यक क्रियाकलापहरू जस्तै: वृक्षारोपण, ताल तलैया संरक्षण, जैबिक मार्ग निर्माण गरि मानव तथा जनावरहरुको बिचको पारस्परिक सम्वन्ध सुमधुर राख्ने, जोखिम व्यवस्थापनका लागी तटबन्धन, नदी नियन्त्रण, उच्च धारा, झरन व्यवस्थापन आदी योजनाहरुलाई पनि आवश्यक आर्थिक स्रोतको उपलब्धता तथा कार्यान्वयन सहयोगी निकायहरुको साझेदारीका आधारमा संचालन गर्ने गरी अल्पकालीन योजनाको रुपमा राखिएको छ ।

**अल्पकालीन लक्ष्य (आ.व. २०८१/८२ सम्ममा):**

खानेपानी सेवा:

- ३५% जनसंख्यालाई सुरक्षित खानेपानी व्यवस्था भएको सेवास्तरमा पुर्याउने .
- ३०% गरिब घरधुरीलाई अनुदानमा आर्सेनिक न्यूनीकरण फिल्टरहरु उपलब्ध गराउने.
- खानेपानी तथा सरसफाइ योजनाहरुलाई व्यवस्थित तथा दिगोपना सुनिश्चित गर्न आवस्यक नीति र कार्यविधि निर्माण गर्ने.

सरसफाइ सेवा:

- सबै घरहरुमा सुरक्षित चर्पीको प्रयोग गरेको हुनेछ ।
- साबुन पानीले हात धुने व्यवस्था भएको चर्पी प्रयोग गर्ने जनसंख्या ८०%
- ५०% विधालयमा विद्यार्थीको अनुपातमा शौचालय र खानेपानीको व्यवस्था गर्ने
- २ नयाँ सार्वजनिक शौचालयहरु निर्माण गर्ने तथा शौचालयहरुको व्यवस्थापनका लागि गाउँपालिकाले आवश्यक कार्यविधि/निर्देशिका तयार गरि लागु गर्ने.
- ठोस फोहोर, दिसा जन्य लेदो तथा ढल व्यवस्थापनका उपयुक्त स्थान छनोट गरी निर्माण कार्यको थालनी गर्ने.
- पूर्ण सरसफाइ अभियान सबै वडाहरुमा सञ्चालन भएको

परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवा:

- विधमान योजनाहरुमा सुधार गरी गाउँपालिकाको ९०% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा विस्तार गर्ने ।

**मध्यकालिन योजनाहरु (तेश्रो तथा चौथो बर्ष):-**गाउँपालिकाले मध्यकालिन योजनाको रुपमा जलउपयोग गुरुयोजनामा प्राथमिकिकरण गरिएका क्षेत्रगत योजनाहरुको अवस्था, स्रोतहरुको उपलब्धताको आधारमा निर्माणसम्पन्न भएका खानेपानी योजनाहरुबाट सम्भव भएमा सेवा बिस्तार र सम्भव नभएमा प्राथमिकता अनुसार २ वटा खानेपानी योजना, २० सिंचाइ कुलोहरुको स्थरउन्नति/निर्माण र बाताबरण तथा पर्यावरण तर्फ प्राथमिकीकरण गरिएका योजनाहरु मध्ये कम्तिमा ६०% योजनाहरुको कार्यान्वयन गर्ने नीति लिएको छ।

**मध्यकालिन लक्ष्य (आ.व. २०८४/८५ सम्ममा):**

खानेपानी सेवा:

- ७५% जनसंख्यालाई सुरक्षित खानेपानी व्यवस्था भएको सेवास्तरमा पुर्याउने .

सरसफाइ सेवा:

- सबै वडाहरु तथा गाउँपालिका "पूर्ण सरसफाइ उन्मुख क्षेत्र" घोषणा भएको हुनेछ ।
- सबै विधालयमा विद्यार्थीको अनुपातमा शौचालय र खानेपानीको व्यवस्था गर्ने ।
- सबै स्वास्थ सस्थाहरुमा नेपाल सरकारको मापदण्ड अनुरुप सरसफाइ र स्वस्च्छताको सुबिधा सुनिश्चित गर्ने ।

सिंचाइ र लघु सिंचाइ सेवा:

- गाउँपालिकाको १००% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

स्रोत तथा वातावरण संरक्षण:

- ताल संरक्षण तथा तटबन्दका १००% योजनाहरु सम्पन भएको हुनेछ ।


**दीर्घकालिन लगानी योजना (५ बर्ष देखि): -** जल उपयोग गुरुयोजना कार्यन्वयनको सिलसिलामा दीर्घकालिन योजनाको रुपमा गाउँपालिकाले यस जलउपयोग गुरुयोजनाको समिक्षा गरी प्राथमिकिकरण गरिएका सबै क्षेत्रका क्षेत्रगत योजनाहरु मध्ये कति कार्यान्वयन गर्न सकिए, कति सकिएन लगायत जल उपयोग गुरुयोजना अनुसार क्षेत्रगत योजनाहरुको कार्यान्वयन गर्दा भएका सिकाईहरुको समेत समिक्षा गरी जल उपयोग गुरुयोजना अद्यावधिक गर्नुका साथैनयाँ प्राथमिकता निर्धारण गरी समयसापेक्ष रूपमा योजनाहरुको कार्यान्वयन गर्नेछ ।

माथि उल्लेख गरिए अनुसारका अल्पकालीन, मध्यकालिन र दीर्घकालीन योजनाहरुको कार्यान्वयनका लागि गाउँपालिकाले थप छलफल र निर्णय अनुसार हरेक वर्ष जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि वडा तथा गाउँपालिकाबाट हुने लगानी र अन्य कार्यान्वयनमा सहयोग गर्ने निकायहरुबाट हुने लगानीको प्रक्षेपण गर्नुका साथैयोजना तर्जुमा र समिक्षाका लागी स्थानीय तहको ७ तहको योजना तर्जुमासंगै सम्वन्धित बिषयगत समितिहरुले प्रगति प्रतिवेदन सहित आवश्यक प्रस्तुती गर्नेछन् सो का आधारमा कार्यपालिका र सभाबाट अनुमोदन सहित योजनाहरु कार्यान्वयन हुनेछन् ।

गाउँपालिकाले आवश्यकता अनुसार जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक लगानी नीति , कार्यविधि/निर्देशिका निर्माण गर्नेछ र त्यसको कार्यान्वयनका लागि आवश्यक मानवसंसाधन सहितको संयन्त्रको विकास गर्नेछ । निर्माण गरिएका नीति नियम र मानवसंसाधनहरुले क्षेत्रगत योजनाहरु कार्यान्वयनका लागी सरोकारवाला संघ-संस्था, नेपाल सरकार तथा दातृ निकायका कार्यक्रमहरुसंग समन्वय, सहकार्य र जलउपयोग गुरुयोजनाको प्राथमिकता क्रममा रहेका योजना तथा क्रियाकलापहरुको कार्यान्वयन र व्यवस्थापनका लागि एकीकृत रुपमा योजना तर्जुमा, अनुगमन र समीक्षा गर्नेछ ।

## ६.२. पहिलो आ.व. मा कार्यान्वयन हुने योजनाहरु

यस गेरुवा गाउँपालिकाले पहिलो वर्षका लागि २ वटा निर्माणाधीन खानेपानी योजनाहरु सम्पन्न गर्ने, १ वटा खा.पा. (नया र मर्मत) योजनाहरु, २ वटा सिंचाइ योजना स्तरउन्नति र ३ वटा वातावरण तथा पर्यावरण र



सरसफाइका योजनाहरुलाई कार्यान्वयनका ल्याउने छ। टयुबवेलबाट खानेपानी उपभोग गरिरहेका घरधुरिहरुमा पानी शुद्धीकरण सम्वन्धि जनचेतनाका साथै सरोकारवालाहरुको साझेदारीमा शुद्धीकरण सम्बन्धी प्रविधि विकल्पहरुका लागी पहल गर्नेछ।

पहिलो आ.व.मा कार्यान्वयन हुने मुख्य योजनाहरुको विवरण तलको तालिका-३३ मा उल्लेख गरिएको छ।


तालिका- ३३: पहिलो बर्ष कार्यान्वयन गरिने योजनाहरु

| क्र.स. | योजनाको नाम | संचालन हुने वडा/स्थान | क्षेत्र/प्रकार | लाभान्वित घरधुरी | जनसंख्या | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुमानित लगानी (रु.)'००० |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी तर्फ | | | | | | | | |
| १ | मनाउ खानेपानी तथा सरसफाइ योजना | वडा न ६ सबै र वडा न ५ को स्याउले बजार टोल | खानेपानी | १६३१ | ७००० | गाउँपालिका | खा.पा. सरसफाइ डिभिजन | २२०,००० |
| २ | शान्तिबजार खानेपानी तथा सरसफाइ योजना | वडा न २ को एक टोल र ३ वडाका सबै टोल (गणेशपुर-भगतपुर बाहेक) | खानेपानी | १३७४ | ५९०० | गाउँपालिका | खा.पा. सरसफाइ डिभिजन | २०,००० |
| ३ | भंगवारी खानेपानी तथा सरसफाइ योजना | वडा न. ४ (गिदरपुर) | मर्मत/ सेवा विस्तार | २३४ | १०५० | गाउँपालिका | विकास साझेदारहरु | ४४,१०० |
| सिंचाइ तर्फ | | | | | | | | |
| क्र.स. | योजनाको नाम | वडा/स्थान | प्रकार | लाभान्वित घरधुरी | सिंचित क्षेत्र (रोपनी) | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु.)'००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | जनकनगर सिंचाइ कुलो योजना | वडा न. १ | स्तरउन्नति | ३३५ | ३६० | गाउँपालिका | विकास साझेदारहरु | ३३,४८० |
| ५ | बनघुस्रा कुलो सिंचाइ योजना | वडा न. २ | स्तरउन्नति | २१७ | १२० | गाउँपालिका | विकास साझेदारहरु | १०,२०० |
| **अन्य योजनाहरु** | | | | | | | | |
| ६ | ठोस तथा दिसाजन्य लेदो व्यवस्थापन योजना | स्थान छनौट हुन बाँकी | सरसफाइ | ८१६८ | - | गाउँपालिका | प्रदेश मन्त्रालय/ विकास साझेदार | १०,००० |
| ७ | गेरौला ताल संरक्षण योजना | वडा न. ४, | वातावरण तथा पर्यावरण | ७९ | - | गाउँपालिका | विकास साझेदार | २,५०० |
| ८ | झिलिमिली बजार सार्वजनिक शौचालय निर्माण | वडा न. १ | सरसफाइ | १०८५ | - | गाउँपालिका | प्रदेश मन्त्रालय/ विकास साझेदार | १,५०० |
| | | | | | | | **जम्मा** | ३४१,७८० |

### ६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरुको पहिचान

गुरुयोजना तयार भएपछि यसको प्राथमिकता क्रममा परेका योजनाहरु कार्यान्वयनका लागि उपयुक्त स्रोत साधनहरुको खोजी गर्ने र त्यसको समुचित बाँडफाँड गर्ने जस्ता कार्यको भुमिका पुर्ण रुपमा गाउँपालिकाको रहनेछ भने यसको प्रचार प्रसार गरी कार्यान्वयनका लागि आवश्यक स्रोत साधन जुटाउन यसको परिचालन एवं बजारीकरणमा पनि महत्वपूण भुमिका निर्वाह गर्नेछ । गाउँपालिकामा जलस्रोत विकासको क्षेत्रमा कार्यरत सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुको अभिलेखीकरण गरी सबैले जलउपयोग गुरुयोजनालाई अवलम्बन गर्दे लैजाने प्रणालीको विकास गरिनेछ। यसले गर्दा एकातिर पालिकामा आएको स्रोत एकद्वार प्रणालीको भावना अनुसार विकास निर्माणमा सदुपयोग हुन गई दोहोरोपना हुन पाउने छैन भने अर्को तर्फ चरणबद्ध रुपमा जलस्रोत व्यवस्थापनका क्रियाकलापहरु सम्पन्न हुन गई गुरुयोजनाको सफल कार्यान्वयन हुनेछ।




| | |
|---|---|
| ⟷ (कालो) | कार्यान्वयनका लागि एकदमै जोडदिनु पर्ने निकाय |
| ⟷ (पहेंलो) | निर्माणमा पालिकालाइ सहयोग गर्न सक्ने दातृ निकायहरु परियोजना/ |

| | |
|---|---|
| | निर्माण बाहेकका कार्यमा सहयोग गर्न सक्ने दातृ निकाय |
| | निर्माण तथा स्थानीयस्तरमा सामाजिकराष्ट्रिय /प्राबिधिक सहयोग पुरयाउने अन्तर/ संस्थाहरु/संघ |

गाउँपालिकामा जलस्रोत विकासको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको अभिलेखीकरण गरी सबैले जलउपयोग गुरुयोजनाले निर्दिष्ट गरेका क्षेत्र र राष्ट्रिय तथा गाउँपालिकाको लक्ष्यमा साझेदारी गर्ने, लगानीको वातावरण निर्माण गर्न समय सापेक्ष नीति तथा कार्य योजनाहरुको पुनरावलोकन, अनुगमन तथा कार्यान्वयन सयन्त्रमा चुस्तता ल्याउने जस्ता कार्य गुरुयोजना कार्यान्वयनका लागी अति नै महत्वपुर्ण रहेका छन् । गाउँपालिकामा गुरुयोजना कार्यान्वयनका लागी स्रोतको सुनिश्चितता, स्रोत एकद्वार प्रणालीको विकास, लगानीकर्ताका लागी अनुकुल वातावरण, जवाफदेहीता सयन्त्र विकास, जलाधार क्षेत्रको स्वाथ्य्य सुदृढ र समग्र विकासका लागी अन्तर स्थानीय तह, प्रदेश सरकार तथा संघ सरकारका सरोकारवाला सयन्त्रहरुसंगको सम्बन्ध विस्तार र आवश्यक समन्वय गुरुयोजनाको सफल कार्यान्वयनका लागी अति नै महत्वपुर्ण रहने सरोकारवालाहरुको साझा बुझाई रहेको छ। गाउँपालिकामा विगतमा पानीको उपयोग र विकासका क्षेत्रमा कार्य गर्दै आएका र भविष्यमा समेत सहकार्य/साझेदारी हुन सक्ने सम्भावित कार्यान्वयन सरोकारवाला सहयोगी निकायहरुको विवरण निम्न तालिका-३४ अनुसार रहेको र सह-सम्बन्ध चित्र-६ मा प्रस्तुत गरिएको छ।

तालिका- ३४: गेरुवा गाउँपालिकामा कार्यरत सरोकारवाला निकायहरुको विवरण

| सरोकारवाला संस्थाको नाम | क्रियाकलाप संचालनको प्रकृती | कार्य क्षेत्र (वडा/भुगोल) | संस्थाको आर्थिक स्रोत (दातृ संस्था) | भविष्यमा सहकार्य हुन सक्ने क्षेत्र |
|---|---|---|---|---|
| कमैया महिला जागरण समाज | महिला अधिकार, शिक्षा अधिकार, विपद व्यवस्थान र दिगो विकास | गा.पा. का सबै वडा | एक्सन नेपाल | पैरवी, आय आर्जन |
| नेपाल रेडक्रस सोसाइटी | विपद व्यवस्थापन, क्षमता विकास | गा.पा. का सबै वडा | डेनिस रेडक्रस | विपद व्यवस्थापन |

| | | | | |
|---|---|---|---|---|
| भेरि वातावरणीय विशिष्टता समूह (बिग्रुप) | स्कुल वास | गा.पा. का सबै वडा | प्लान इन्टरनेशनल नेपाल | विपद व्यवस्थापन, स्कुल वास |
| विश्व खाद्य कार्यक्रम | सेण्टर एजेन्सी क्यास सपोर्ट | गा.पा. का सबै वडा | विश्व खाद्य कार्यक्रम | विपद व्यवस्थापन |
| सामाजिक विकास तथा अनुसन्धान केन्द्र | विपद व्यवस्थापन | गा.पा. का सबै वडा | प्राक्टिकल एक्सन | विपद व्यवस्थापन |
| गेरुवा ग्रामीण जागरण संघ | स्कुल वास/ स्वास्थ | गा.पा. का सबै वडा | प्लान इन्टरनेसनल नेपाल | स्कुल वास, किशोर किशोरी प्रजनन् स्वास्थ कार्यक्रम |
| थारु महिला उत्थान केन्द्र | महिला अधिकार, शिक्षा अधिकार, विपद व्यवस्थान र दिगो विकास | गा.पा. का सबै वडा | डेनिस चर्च | पैरवी, आय आर्जन |
| स्याक बांके | वाल विबाह न्यूनीकरण | गा.पा. का सबै वडा | प्लान इन्टरनेसनल नेपाल | पैरवी, आय आर्जन |
| राधाकृष्ण थारु जन सेवा | वाल संरक्षण | गा.पा. का सबै वडा | एक्शन एड | पैरवी, आय आर्जन |
| सोनाहा विकास समाज | शिक्षा अधिकार, वाल संरक्षण, स्कुल वास | गा.पा. का सबै वडा | गुड नेवर इन्टरनेशनल | शिक्षा, स्वास्थ |

| | | | | |
|---|---|---|---|---|
| युएसएआइडी कर्णाली जल परियोजना | खानेपानी तथा सरसफाइ | गा.पा. का सबै वडा | युएसएआइडी | खानेपानी तथा सरसफाइ, जलाधार व्यवस्थापन |

## ६.४. जलाधार/उप-जलाधार क्षेत्र व्यवस्थापन रणनीति

गेरुवा गाउँपालिकाले जलाधार तथा उप-जलाधार क्षेत्र व्यवस्थापनका लागि तपसील अनुसारका रणनीतिहरु अपनाउने छ ।

- सबै स्थानीय सरोकारवाला निकायहरुको जलाधार संरक्षण सम्बन्धी साझा बुझाई निर्माण गर्न ज्ञान, सीप तथा सिकाईहरु आदानप्रदान गर्ने तथा स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिने छ ।
- कुनै पनि ठुला संरचनाहरु निर्माण गर्दा वातावरण प्रभाव मूल्यांकन अनिवार्य रुपमा लागु गरिने छ।
- जल, जंगल र जमिन संरक्षणका लागि स्थानीय समुदायकोको अधिकतम सहभागितामा गराइने छ।
- गाउँपालिकास्तरमा सक्रिय बहु-सरोकारवाला निकायहरु जस्तै; सामुदायिक वन उपभोक्ता समुहहरु र कृषि समुहहरुसंग समन्वय, सहकार्य र साझेदारी गर्ने र जलाधार संरक्षणका क्रियाकलापहरुलाई स्थानीय समुदायको आयमुलक/जीविकोपार्जनका गतिविधिसंग जोडी वातावरण मैत्री र संरक्षणमुखी बनाइने छ ।
- जलाधार क्षेत्रमा प्रभाव पार्ने वा प्रभावित हुने माथिल्लो वा तल्लो तटीय भू-भागमा अवस्थित पालिका/समुदायसंग जलाधार संरक्षणका उपायहरुका बारेमा छलफल गरी साझा सिकाईका आधारमा विभिन्न सहयोगी क्रियाकलापहरु (जलउपयोग गुरुयोजनामा आधारित भइ) संचालन गरिने छन् ।
- लोप हुन/हराउन लागेका सिमसार/ताल तलैयाहरुलाई संरक्षण र व्यवस्थापनको माध्यमबाट "पुरानै स्वरुपमा ल्याउने" रणनीति अपनाईने छ ।

## ६.५. गुरुयोजना पुनरावलोकन तथा अद्यावधिक गर्ने संयन्त्र

जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि गाउँपालिका क्षेत्र भित्रका स्रोत साधनको पहिचान, सरोकारवाला सहयोगी वा साझेदार निकायहरुको पहिचान तथा परिचालन पनि महत्वपुर्ण हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाहरुलाई योजना कार्यान्वयन गर्ने कार्यकारि निकायका रुपमा राखेको छ भने गाउँपालिका आफैमा स्थानीय सरकार समेत भएकाले जलस्रोत क्षेत्रका योजनाहरु कार्यान्वयन गराउन स्थानीय, प्रदेश स्तरीय तथा केन्द्रिय सरोकारवाला साझेदारहरुलाई

परिचालन गर्न सहज हुने देखिन्छ। गुरुयोजना कार्यान्वयन गर्न गाउँपालिकाको नेतृत्वमा सबै साझेदारहरुलाई साझेदारीको वातावरण सहित परिचालन गर्नु पर्ने हुन्छ । गुरुयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नीति नियमहरु गाउँपालिकाको सभा मार्फत निर्माण गरी क्षेत्रगत साझेदारहरुलाई स्पष्ट जिम्मेवारी प्रदान गर्नुका साथै समय सापेक्ष कार्यान्वयनको अनुगमन समेत गर्नु पर्ने हुन्छ ।

गाउँपालिका तहको योजना तर्जुमाका ७ वटा चरणहरु मध्ये बिषयगत समितिमा योजना तर्जुमा गर्दा जलउपयोग गुरुयोजनामा प्राथमिकीकरण गरिएका योजनाहरु बार्षिक कार्यान्वयनका लागि समाबेश गर्नुपर्ने हुन्छ ।

यसका साथै समय सापेक्ष गाउँपालिकाले विभिन्न सरोकारवाला निकायहरुको/पक्षहरुको सहजीकरणमा जलउपयोग गुरुयोजना कार्यान्वयन स्थितिको समिक्षा गरी अद्यावधिक गर्नुपर्ने जरुरी हुन्छ । जलउपयोग गुरुयोजना आधारभुत तथ्याङ्क र एकीकृत जलस्रोत विकासको खाका वा प्राथमिकता योजना तर्जुमाको दस्तावेज भएको हुनाले यसको आवश्यकता अनुसार आवधिक रुपमा अद्यावधिक गर्नु उपयुक्त हुन्छ। यसको अद्यावधिकरणबाट गाउँपालिकाको एकीकृत जलस्रोत विकासको लागि चाहिने स्रोतको अनुमान र तर्जुमा गर्न सजिलो हुन्छ। सामान्यतया गुरुयोजना कार्यान्वयन समिक्षा, स्रोत साधन जुटाउन, तथ्याङ्कहरु अद्यावधिक प्रत्येक बर्ष गर्नु पर्दछ तर स्थानीय परिवेश र आवश्यकता अनुसार यो अवधि घटबढ गर्न सकिन्छ । साथै जलउपयोग गुरुयोजना अद्यावधिक गर्नको लागि कार्यपालिकावाट अनिवार्य रुपमा निर्णय गर्नु पर्ने हुन्छ ।

## ६.६. गुरुयोजना कार्यान्वयन रणनीति

जलउपयोग गुरुयोजना जलस्रोत क्षेत्रको एकीकृत योजना भएकोले यसको कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र, समन्वय र सरोकारवाला निकायहरु बीच सहकार्य हुन जरुरी छ । त्यसकारण गाउँपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि तपशिलका रणनीति अपनाउने छ ।

- गुरुयोजना तथ्याङ्क जलस्रोतहरुको लागत,सम्भाव्य प्रयोग र सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरु समय-समयमा सरोकारवाला माझ सञ्चालन गरिने छ ।
- संघीय तथा प्रदेश सरकारका जलस्रोत विकास सम्वद्ध मन्त्रालय, विभागहरुमा गुरु योजनाको प्रचार प्रसार गरी आवश्यक लगानी सहकार्यका लागि समन्वय गरिने छ ।

- गाउँपालिका स्तरका सरोकारवाला साझेदारहरुको आवश्यकता अनुसार समन्वय बैठक र अन्तरक्रियाहरु आयोजना गरी गुरुयोजनाका निर्दिष्ट लक्ष्य हासिल गर्न लगानी प्रतिवद्धता सहितका कार्यक्रम तय गरिने छ।
- गाउँपालिका स्तरमा गुरुयोजना सम्वन्धि प्रचार प्रसार, समिक्षा तथा जलस्रोत क्षेत्रमा कार्य गर्ने सरोकारवालाहरुलाई गुरुयोजनाले औँल्याएको क्षेत्रमा लगानी गर्न प्रेरित गराउने जस्ता क्रियाकलापहरु सञ्चालन गरिने छ ।
- क्षेत्रगत योजनाहरुमा लगानी सम्बन्धी दोहोरोपना हटाउन वार्षिक कार्यक्रम तय गर्नु पूर्ब विषयगत समितिका बैठकहरु मार्फत आगामी बर्षका योजना तथा कार्यक्रमहरु सरोकारवालाहरुसँगको उपलब्ध बजेट, सहकार्यका क्षेत्र सहितको कार्ययोजना तय गरिने छ ।

**अनुसूचीहरु**

| | |
|---|---|
| अनुसूची-१ | SA-1: घरधुरी तथा जनसंख्या सम्वन्धि विवरण |
| | SA-2: भौगोलिक, प्राकृतिक, सांस्कृतिक तथा आर्थिक जानकारि सम्वन्धि विवरण |
| | SA-3: विद्यमान सहकारि संस्थाहरु सम्वन्धि विवरण |
| | SA-4: विद्यमान सरोकारवाला संस्थाहरु सम्वन्धि विवरण |
| | SA-5: स्वास्थ्य तथा सरसफाइ सम्वन्धि विवरण |
| अनुसूची-२ | TA-1: पानीका स्रोतहरुको विवरण |
| अनुसूची-३ | SA-6: टोलहरुको सुची |
| | TA-2: विद्यमान खानेपानी योजनाहरुको सुबिधास्तर र संरचानागत विवरण फारम |
| अनुसूची-४ | SA-7: विद्यमान खानेपानी योजनाहरुको सामाजिक तथा संस्थागत विवरण फारम |
| अनुसूची-५ | SA-8: विद्यमान कुलो सिंचाइ योजनाहरुको मुख्य विवरण फारम |
| | TA-3: विद्यमान कुलो सिंचाइ योजनाहरुको बिस्तृत विवरण फारम |
| | SA-9: विद्यमान लघु सिंचाइ योजनाहरुको मुख्य विवरण फारम |
| | TA-4: विद्यमान लघु सिंचाइ योजनाहरुको बिस्तृत विवरण फारम |
| | SA-10: विद्यमान बहु उपयोगी योजनाहरुको मुख्य विवरण फारम |
| | TA-5: विद्यमान बहु उपयोगी योजनाहरुको बिस्तृत विवरण फारम |
| | SA-11: विद्यमान वातावरण तथा पर्यावरण संग सम्वन्धित योजनाहरुको मुख्य विवरण फारम |
| | TA-6: विद्यमान वातावरण तथा पर्यावरण संग सम्वन्धित योजनाहरुको बिस्तृत विवरण फारम |
| | SA-12: विद्यमान सुधारिएको र परम्परागत घट्ट योजनाहरुको मुख्य विवरण फारम |
| | TA-7: विद्यमान सुधारिएको र परम्परागत घट्ट योजनाहरुको बिस्तृत विवरण फारम |
| | TA-8: विद्यमान लघु जल बिधुत योजनाहरुको बिस्तृत विवरण फारम |
| अनुसूची-६ | OS-1: निर्माणाधिन जलस्रोत सम्वन्धित योजनाहरुको मुख्य विवरण फारम |

OT-1: निर्माणाधिनखानेपानीयोजनाहरुकोबिस्तृतविवरणफारम

OT-2: निर्माणाधिन कुलो सिंचाइ योजनाहरुको बिस्तृत विवरण फारम

OT-3: निर्माणाधिन लघु सिंचाइ योजनाहरुको बिस्तृत विवरण फारम

OT-4: निर्माणाधिन बहुउपयोगी योजनाहरुको बिस्तृत विवरण फारम

OT-5: निर्माणाधिन सुधारिएको र परम्परागत घट्ट योजनाहरुको बिस्तृत विवरण फारम

OT-6: निर्माणाधिन लघु जलबिधुत योजनाहरुको बिस्तृत विवरण फारम

अनुसूची-७ PL-1: तर्जुमा गरिएका खानेपानीयोजनाहरुको मुख्य विवरण फारम

TA-9: तर्जुमा गरिएका खानेपानी योजनाहरुको विस्तृत विवरण फारम

TA-10: तर्जुमा गरिएका सरसफाइ तथा स्वच्छता सम्वन्धि योजनाहरुको विस्तृत विवरण फारम

अनुसूची-८ PL-2: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरुको मुख्य विवरण फारम

TA-11: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरुको विस्तृत विवरण फारम

अनुसूची-९ PL-4: तर्जुमा गरिएका बहुउपयोगी योजनाहरुको मुख्य विवरण फारम

TA-13: तर्जुमा गरिएका बहुउपयोगी योजनाहरुको विस्तृत विवरण फारम

अनुसूची-१० PL-5: तर्जुमा गरिएका वातावरण तथा पर्यावरण संग सम्वन्धित योजनाहरुको मुख्य विवरण फारम

TA-14: तर्जुमा गरिएका वातावरण तथा पर्यावरण संग सम्वन्धित योजनाहरुको विस्तृत विवरण फारम


अनुसूची-११ PL-6: तर्जुमा गरिएका सुधारिएको र परम्परागत घट्ट योजनाहरुको मुख्य विवरण फारम

TA-15: तर्जुमा गरिएका सुधारिएको र परम्परागत घट्ट योजनाहरुको विस्तृत विवरण फारम

अनुसूची-१२ PL-7: तर्जुमा गरिएका लघु जलबिधुत योजनाहरुको मुख्य विवरण फारम

TA-16: तर्जुमा गरिएका लघु जलबिधुत योजनाहरुको विस्तृत विवरण फारम

अनुसूची १३ गाउँपालिकाको क्षमता विकास योजना (CD Plan)




**अस्वीकरण:**

यो प्रतिवेदन अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत् अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो। यस प्रतिवेदन भित्रका विषयवस्तु र सामग्री गेरुवा गाउँपालिकाको एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन भन्ने जरुरी छैन ।